# आर्थिक वर्ष २०७९/८० को
# वार्षिक मूल्याङ्कन प्रतिवेदन




नेपाल सरकार

**अर्थ मन्त्रालय**

कात्तिक, २०८०

# आर्थिक वर्ष २०७९/८० को वार्षिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार

**अर्थ मन्त्रालय**

**योजना,अनुगमन तथा मूल्याङ्कन महाशाखा**

कात्तिक, २०८०

# भूमिका

मुलुकको अर्थतन्त्रमा देखिएका तत्कालिन र संरचनागत समस्या एवम् चुनौतलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको सबल अर्थतन्त्र निर्माण गर्ने तर्फ सरकारले जोड दिंदै आएको छ। यसै सिलसिलामा आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालय मातहतका कार्यक्रम र बजेट कार्यान्वयनको पक्ष र प्राप्त उपलव्धीलाई अनुगमन तथा मूल्याङ्कनका दृष्टिले तयार गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफ २३ को उप-दफा (५) बमोजिम सवै सरोकारवालाहरु समक्ष प्रस्तुत गर्ने उद्देश्यले यो वार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिएको छ।

आर्थिक वर्ष २०७९/८० मा खासगरी अन्तराष्ट्रिय व्यापारको परिमाणमा कमी आँउदा राजस्व परिचालन अपेक्षाकृत हुन सकेन। यसले गर्दा सार्वजनिक स्रोत व्यवस्थापनमा दवाब सिर्जना हुन पुग्यो। वाह्य क्षेत्र स्थायित्व कायम गर्न लिईएका कतिपय नीतिहरुले गर्दा ब्याजदर तुलनात्मकरुपमा उच्च रहन पुग्यो। सरकारले लिएको आयात नियमन नीति, अन्तराष्ट्रिय आपूर्ति श्रृंखलामा उत्पन्न व्यवधान र मूल्य वृद्धिको कारण उपभोग प्रभावित हुँदा वस्तु पैठारीमा कमी आयो। यसैको परिणाम स्वरुप, भन्सार विन्दुमा संकलन हुने राजस्व घटेको र यसको प्रत्यक्ष प्रभाव समग्र राजस्व परिचालनमा पर्यो।

आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थिति तथा चालु खाता वचतमा रहेको थियो। समग्रमा, सरकारको वित्तीय स्रोत व्यवस्थापनमा केही चुनौती देखिएपनि बाह्य क्षेत्र माथिको दबाब भने कम भएको छ। आर्थिक वर्ष २०७९/८० मा नेपालको अर्थतन्त्र १.८६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। हाल सरकारले गरेका नीतिगत सुधारबाट अर्थतन्त्र क्रमश: सुधारोन्मुख हुँदैं गएको छ।

अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७९/८० मा गरेका नीतिगत सुधार, आयोजना कार्यान्वयन र अन्य कार्यक्रम सञ्चालनलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ। मन्त्रालयका गतिविधिलाई पारदर्शी एवम् जवाफदेही बनाउनमा प्रस्तुत वार्षिक मूल्याङ्कन प्रतिवेदनले सघाउ पुर्याउने अपेक्षा सहित प्रतिवेदन तयार पार्न योगदान गर्ने सवैमा धन्यवाद ब्यक्त गर्दछु।

**(डा.प्रकाशशरण महत)**
**अर्थमन्त्री**
**कात्तिक, २०८०**

# विषय सूची

परिच्छेद - एक

परिचय १-२

१.१ पृष्ठभूमि १
१.२ प्रतिवेदनको उद्देश्य १
१.३ अपेक्षित उपलब्धी १
१.४ प्रतिवेदन निर्माण विधि १
१.५ प्रतिवेदनको संरचना २

परिच्छेद - दुई

अर्थ मन्त्रालय र मातहतको कार्यालयको परिचय ३-३०

२.१ अर्थ मन्त्रालय ३
२.२ महालेखा नियन्त्रक कार्यालय ११
२.३ आन्तरिक राजस्व विभाग १३
२.४ भन्सार विभाग १७
२.५ सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र २०
२.६ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय २१
२.७ ऋण असुली न्यायाधिकरण २४
२.८ ऋण असुली पुनरावेदन प्राधिकरण २८

परिच्छेद - तीन

अर्थ मन्त्रालय र अन्तर्गतका निकायको आर्थिक बर्ष २०७९/८० को प्रगति विवरण ३०-६३

३.१ सङ्घीय बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली ३०
३.२ बजेट विनियोजन, खर्च व्यवस्थापन र प्रगति ३१
३.३ राजस्व व्यवस्थापन ३३
३.४ आर्थिक नीति तथा विश्लेषण ३५
३.५ वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय ३६
३.६ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन ३७
३.७ वित्तीय सङ्घीयता व्यवस्थापन ४०
३.८ मानव संशाधन ४१
३.९ योजना, अनुगमन तथा मूल्याङ्कन ४४

३.१० कानून तथा फैसला कार्यान्वयन ४५
३.११ माईलस्टोनहरुको प्रगति ४६

परिच्छेद - चार
मुलुकको अर्थतन्त्रको अवस्था र प्रवृत्ति मूल्याङ्कन ६३-८९

४.१ मुलुकको आर्थिक अवस्था ६३

# परिच्छेद - एक

## परिचय

१.१ पृष्ठभूमिः-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ। सोही दफाको उपदफा ५ वमोजिम अर्थ मन्त्रालय वा मातहतका निकायले आ.ब.२०७९/८० मा सञ्चालन गरेका आयोजना र वजेट कार्यान्वयनको मूल्याङ्कन गरी बार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने दायित्व निर्वाह गर्नका लागि यो बार्षिक मूल्याङ्कन प्रतिवेदन तयार पारिएको छ।

१.२ प्रतिवेदनको उद्देश्यः-

आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालय र मातहतका निकायले सम्पादन गरेको वजेट तथा कार्यक्रम कार्यान्वयनको लेखा जोखा गर्नु प्रतिवेदन निर्माणको प्रमुख उद्देश्य रहेको छ। यो प्रतिवेदन निर्माणका अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन्।

(क) वजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था माथि प्रकाश पार्ने।

(ख) बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको विश्लेषण गर्ने।

(ग) बजेट तथा कार्यक्रमको कार्यान्वयनवाट नेपाल सरकारको समष्टिगत आर्थिक तथा वित्तिय स्थितिमा परेको असरको विवेचना गर्ने।

१.३ अपेक्षित उपलब्धिः-

यस वार्षिक मूल्याङ्कन प्रतिवेदनको निर्माणवाट देहाय वमोजिमको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

(क) बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था जानकारी हुने,

(ख) निकायगत रुपमा दर्साइएका चुनौती तथा समस्याले आगामी कार्यक्रम निर्माणमा पृष्ठपोषण प्राप्त हुने,

(ग) मुलुकको आर्थिक तथा वित्तीय अवस्थाको जानकारी प्राप्त हुने।

१.४ प्रतिवेदन निर्माण विधिः-

यस वार्षिक प्रतिवेदन द्धितीय स्रोतवाट प्राप्त सूचना र तथ्याङ्कलाई आधार मानी तयार पारिएको छ। अर्थ मन्त्रालय र मातहतका निकायवाट सिर्जना भएका तथ्याङ्क तथा बार्षिक प्रतिवेदनलाई मुख्य आधार बनाईएको यो प्रतिवेदन आन्तरिक मूल्याङ्कनको प्रक्रिया अवलम्वन गरी तयार पारिएको हो। अर्थ मन्त्रालयमा योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले यो प्रतिवेदन तयार पारेको छ।

### १.५ प्रतिवेदनको संरचनाः-

यस मूल्याङ्कन प्रतिवेदनमा चार परिच्छेद रहेको छन्। परिच्छेद-एक मा समग्र प्रतिवेदनको परिचय दर्शाइएको छ। परिच्छेद-दुईमा अर्थ मन्त्रालय र मातहतका निकायहरुको परिचय प्रस्तुत गरिएको छ। त्यसैगरी, परिच्छेद-तीनमा समग्र अर्थ मन्त्रालयका र अन्तर्गतका निकायहरुबाट आर्थिक वर्ष २०७९/८० मा भएका प्रमुख कार्यहरुको वार्षिक उलब्धिको समग्रमा लेखाजोखा गरिएको छ। समष्टिगत आर्थिक परिसूचक संग सम्वन्धित तालिकालाई अन्तिम परिच्छेदमा समावेश गरिएको छ।

# परिच्छेद - दुई

## अर्थ मन्त्रालय र मातहतको कार्यालयको परिचय

### २.१ अर्थ मन्त्रालय

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेश विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् वजेट तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय मातहत रहेको छ।

**दीर्घकालीन सोच**

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

**उद्देश्य**

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

**रणनीति**

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वाताबरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन, अन्तरिक लेखापरीक्षण लगायतका सरकारीको लेखा, सरकारको खर्च र राजस्वको नियमनको कार्य गर्ने,

- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा वाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रीत गर्ने।
- राष्ट्रिय वजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा विनियोजन गर्दै यस्तो ऋणलाई निजी क्षेत्रलाई स्रोतको अभाव हुन नदिने गरी परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र वाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने,

**कार्यक्षेत्र**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धि नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्वन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्धिपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,

- सङ्घीय सञ्चित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- वजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवम् अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असूली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धी नीति कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बीमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
- महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन


- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धि तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालय सम्बद्ध सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

अर्थ मन्त्रालय अन्तर्गतका विभाग/ कार्यालयहरु

अर्थ मन्त्रालय अन्तर्गत देहाय वमोजिमका विभाग तथा कार्यालयहरु रहेका छन्:

१. महालेखा नियन्त्रक कार्यालय
२. आन्तरिक राजस्व विभाग
३. भन्सार विभाग
४. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
५. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
६. ऋण असुली न्यायाधिकरण
७. ऋण असुली पुनरावेदन न्यायाधिकरण

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## अर्थ मन्त्रालयसंग सम्वन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्न मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा अनुपालना गर्नुपर्नेछ।

### क. ऐनहरू

- सामयीक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्वन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- बस्तु विनिमय बजार सम्वन्धी ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- सालवसाली आर्थिक ऐन

## ख. नियमावलीहरू

- मदिरा नियमावली,२०३३
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली २०६८
- धितोपत्र दर्ता निष्काशन नियमावली २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४

- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्वन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली सम्वन्धी, २०७७,

**ग. निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन २०७३)
- अन्तःशुल्क निर्देशिका, २०६८ (संशोधन २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गका पूँजीगत लाभकर सम्वन्धी निर्देशिका, २०७२
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७५
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७,

**घ. कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्वन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन वीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्वन्धी कार्यविधि,२०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्वन्धी कार्यविधि, २०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७६

- नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७,
- व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७,
- सहलगानी सम्बन्धी कार्यविधि, २०७७,
- विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७,
- समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७

**ङ. नीति, मापदण्ड, आदेश**

- अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- घर जग्गा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्वन्धी मापदण्ड, २०७६
- आयोजनाहरूको बहुबर्षीय ठेक्का सम्वन्धी मापदण्ड, २०८०
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७

## २.२ महालेखा नियन्त्रक कार्यालय

महालेखा नियन्त्रक कार्यालय सङ्घीय सञ्चित कोष सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकाय हो। यस कार्यालयले नेपाल सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, आय र व्ययको लेखा राख्ने, विभाज्य कोषको सञ्चालन गर्ने र सोको केन्द्रीय वार्षिक वित्तीय विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने जिम्मेवारी बहन गर्दै आएको छ। प्रदेश सरकार र स्थानीय तहको बार्षिक वित्तीय विवरणको आधारमा तीन तहको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) तयार गर्ने जिम्मेवारी समेत रहेको छ। साथै, महालेखा नियन्त्रक कार्यालयवाट निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुलउपर, आन्तरिक लेखापरीक्षण, सम्पत्ति तथा दायित्वको एकीकृत प्रतिवेदन र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन हुँदै आएको छ।

**उद्देश्य**


- नेपाल सरकारको सञ्चित कोषको व्यवस्थापन गर्ने,
- नेपाल सरकारको वार्षिक आय-व्ययको लेखा राख्ने,
- तीन तहका सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने,

- बजेट कार्यान्वयनमा सहजीकरण गर्ने,
- निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुलउपर, आन्तरिक लेखापरीक्षण, सम्पत्ति तथा दायित्वको एकीकृत प्रतिवेदन तयारी लगायतका कार्य गर्ने।

**कार्यक्षेत्र**

- नेपालको संविधान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन गर्ने,
- सङ्घीय सञ्चित कोषको लेखा अद्यावधिक राख्ने,
- सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने,
- सङ्घीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन राजस्व, धरौटी तथा अन्य कोषहरूसहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षक समक्ष पेश गर्ने,
- आर्थिक प्रशासनको सञ्चालन, निर्देशन र नियन्त्रण गर्ने,
- चल, अचल सरकारी सम्पत्तिको अभिलेख राखी प्रतिवेदन गर्ने,
- लेखाका मान्य सिद्धान्त, सो क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र तोकिएको सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कोषको लेखाङ्कन तथा प्रतिवेदनको प्रक्रिया निर्धारण गर्ने,
- लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी महालेखा परीक्षकबाट स्वीकृत गराई लागू गर्ने,
- नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,
- नेपाल सरकारले बनाएको नियमको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्ने र
- आर्थिक प्रशासन सञ्चालन गर्न लेखासँग सम्बन्धित जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने।

# संगठन संरचना




## २.३ आन्तरिक राजस्व विभाग

कर प्रणालीका तत्वहरू मध्ये प्रमुख रहेको कर प्रशासनलाई अझ बढी दक्ष, आधुनिक र प्रविधियोग्य बनाई मितव्ययी तवरबाट करदातालाई प्रदान गर्ने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्नका लागि आधुनिक कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, तथ्य एवम् सूचनामा आधारित अनुसन्धान, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी कर कानूनहरूको प्रभावकारी एवम् कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ साविकको कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी २०५८ सालमा आन्तरिक राजस्व विभागको गठन भएको हो। आन्तरिक राजस्व विभागले वित्तीय नीति अन्तर्गत कर नीतिको महत्वपूर्ण उपकरण मानिएको प्रत्यक्ष कर आयकर तथा अप्रत्यक्ष कर मूल्य अभिवृद्धि कर, अन्तःशुल्कसम्बन्धी कर नीति निर्माण र ती कर नीतिको कार्यान्वयन, प्रशासन तथा अनुगमन गर्दछ।

करदाताहरूको सेवामा जोड दिई करको परिपालना लागत (Compliance Cost) घटाउने प्रमुख अभिप्रायले यस विभागले विगत लामो समयदेखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाई विद्युतीय सुशासन समेत प्रयोगमा ल्याएको छ। आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सेवा प्रवाह जुन आफ्नै जनशक्ति र विद्यमान संरचनाले समेट्न सकिदैन, त्यस्ता कार्यहरू निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन हुँदै आएको छ।

करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ विभाग र मातहत कार्यालयहरूले आफ्ना गतिविधिहरू सोही तर्फ परिलक्षित गरी कार्य गर्दै आएका छन्, जसले गर्दा कर कानूनको परिपालनामा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य सघाउ पुग्ने अपेक्षा गरिएको छ।

## दीर्घकालीन सोच

प्रगतिशील, समन्यायिक र लगानीमैत्री कर प्रशासन मार्फत औद्योगिक विकास र राजस्व परिचालन गर्ने।

## समग्र उद्देश्य

समतामूलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने।

## विकासात्मक उद्देश्यहरू

- कर सम्बन्धी नीतिगत सुधार,
- करदाता सेवा र शिक्षाको विस्तार,
- कर कानूनको पालनाको स्तर वृद्धिका लागि उपयुक्त संयन्त्रको विकास र परिचालन,
- आधुनिक प्रविधिको अधिकारिक मात्रामा उपयोग,
- सांगठनिक संरचना र प्रणालीको सुदृढीकरण।

## कार्यदिश

- कर प्रशासन तथा सुधार,
- कर नीति तर्जुमा र कार्यान्वयन,
- करदाता सेवा र शिक्षा,
- अनुसन्धान र विकास,
- सूचना प्रविधि व्यवस्थापन।

## मूल्य मान्यताहरू

- सदाचार
- व्यवसायिकता
- स्वच्छता
- सम्मान
- सहकार्य
- नवप्रवर्तन

## प्रमुख कार्य

- करदाता सेवा,
- कर संकलन,
- कर फिर्ता,
- कर परीक्षण तथा अनुसन्धान,
- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू,

- नीति तर्जुमा र व्याख्या,
- अन्तर्राष्ट्रिय कर सम्बन्धी कार्यहरू,
- कानूनी राय र पुनरावेदनसम्बन्धी कार्यहरू,
- प्रशासकीय पुनरावलोकनसम्बन्धी कार्य,
- सहज सेवा तथा वित्तीय सूचनाको अभिलेखका लागि सूचना प्रणालीको विकास एवम् प्रयोग, र
- संस्थागत सुधार, क्षमता विस्तार, आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा सामान्य प्रशासनसम्बन्धी कार्यहरू।


## विभागको कार्य प्रणाली

करदाताको सेवा तथा कर संकलनमा बढोत्तरी ल्याउने अभिप्रायले विभाग तथा मातहत कार्यालयहरूले सम्पादन गर्ने कार्यहरूको प्रकृतिको आधारमा विभिन्न शाखा र कर्मचारीमा बाँडफाँड गरी सञ्चालन गरिने कार्यमूलक प्रणालीलाई आन्तरिक राजस्व विभागले अवलम्वन गर्दै आएको छ।

## सांगठनिक संरचना

विभागले करदातामैत्री आधुनिक कर प्रशासनका लागि सम्पादन गर्नुपर्ने नीतिगत, कानूनी, व्यवस्थापकीय र कार्यसञ्चालन स्तरका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि सम्पादन गर्नुपर्ने काम कारवाहीको विश्लेषण गरी कामको यथोचित विभाजनद्वारा कार्यमूलक प्रणालीका आधारमा कार्य सम्पादन गर्नका लागि विभिन्न महाशाखा तथा शाखाहरू रहने गरी संगठन संरचना स्वीकृत गरिएको छ। समग्र विभागको विभागीय प्रमुखको रूपमा महानिर्देशक रहने तथा प्रत्येक महाशाखाको नेतृत्व राजपत्रांकित प्रथम श्रेणी उपमहानिर्देशकले गर्ने व्यवस्था गरिएको छ भने प्रत्येक शाखाहरूको नेतृत्व राजपत्रांकित द्वितीय श्रेणीका निर्देशकहरूलाई तोकिएको छ। त्यसैगरी महानिर्देशक अन्तर्गत प्रशासकीय पुनरावलोकन शाखा र विभाग एवम् कार्यालयहरूलाई आवश्यकताअनुसार परामर्श प्रदान गर्न विज्ञसमूह पनि रहने गरी सँगठन संरचना स्वीकृत गरिएको छ।

# आन्तरिक राजस्व विभागको संगठन संरचना



## २.४ भन्सार विभाग

नेपालमा भन्सारको इतिहास निकै पुरानो रहेको विभिन्न दस्तावेजहरुबाट देखिएको छ। वि.सं. २००७ सालदेखि संस्थागत विकास प्रारम्भ भएको नेपालको भन्सार प्रशासन हालको अवस्थामा आधुनिक तथा स्वचालित भन्सार प्रशासनको रुपमा आफुलाई उभ्याउन सफल भएको छ। वि.सं. २०२३ सालमा अर्थ मन्त्रालय अन्तर्गत रहने गरी भन्सार विभागको रुपमा स्थापना भएको हो। भन्सार प्रशासनले अन्तर्राष्ट्रिय रुपमा गरेका सम्झौता तथा प्रतिवद्धता र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरुप हुने गरी भन्सार प्रशासनलाई आधुनिक, पारदर्शी, उत्तरदायी र सेवाग्राहीमैत्री बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवम् सहज बनाउन प्रचलित कानूनलाई परिमार्जन एवम् एकीकरण गर्ने उद्देश्यले भन्सार ऐन, २०१९ खारेज गरी भन्सार ऐन, २०६४ जारी भएको थियो। हाल अन्तर्राष्ट्रिय परिवेश र विद्यमान आवश्यकतालाई सम्बोधन गर्नका लागि थप सुधारको आवश्यकता महसुस गर्दै नयाँ भन्सार ऐनको मस्यौदा तयार गरिएको छ।

भन्सार प्रशासनले व्यापार सहजीकरणका अलावा सीमाबाट देश, समाज तथा मानव स्वास्थ्यमा हानी पुर्याउने मालवस्तुको ओसारप्रसारलाई नियन्त्रण गर्ने तथा वैदेशिक व्यापारमा राज्यले तोके बमोजिमको महसुल असुलीको कार्य गर्ने गर्दछ। यसर्थमा भन्सार प्रशासनले देशको आर्थिक क्रियाकलापलाई चलायमान राख्ने, देशको आपूर्ति श्रृङ्खलालाई कायम राख्ने, सामाजिक सुरक्षामा टेवा पुर्याउनुको साथै देशको लागि राजस्व सङ्कलन गर्ने निकाय रहेको हुँदा भन्सार प्रशासनको ठूलो महत्व रहेको हुन्छ। राजस्व सङ्कलनको दृष्टिकोणले हेर्दा भन्सार प्रशासनले देशको समग्र कर राजस्वको करिब ५१ प्रतिशत र समग्र राजस्वको करिब ४५ प्रतिशत सङ्कलन गर्ने गर्दछ। भन्सार प्रशासनमा करिब १२०० कर्मचारी कार्यरत रहेका छन्।

भन्सार प्रशासनले देशको सीमामा रही देशमा भित्रिने तथा बाहिरिने यात्रुहरुको सजह आवागमनको व्यवस्थापन गर्ने, सीमामा अवैध क्रियाकलाप नियन्त्रण गर्ने, समन्वयात्मक सीमा व्यवस्थापनको अवधारणा बमोजिम सीमामा अवस्थित विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने, आपुर्ति श्रृङ्खलामा आबद्ध निकायहरुसँग समन्वय गरी वैदेशिक व्यापारको सहजीकरण गर्ने लगायतका कार्यहरु गर्दै आएको छ।

नेपालको भन्सार प्रशासनले समयानुकूल आधुनिकीकरण तर्फ लैजान आशिकुडा प्रणाली, राष्ट्रिय एकद्वार प्रणाली जस्ता विभिन्न स्वचालित प्रणालीहरुको विकास गरी कार्यान्वयन गर्दै आएको छ भने जाँचपास प्रक्रियालाई सहजीकरण गर्न कार्यविधिहरुमा सुधार गर्ने, निरन्तर अध्ययन गर्दै भन्सारमा पेश गर्नु पर्ने कागजातहरुको संख्या घटाउने, व्यापार सहजीकरणका लागि विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन जस्ता विशिष्टकृत कार्यहरुका अवलम्बन् गर्दै भन्सार प्रशासन Digital Customs तर्फ उन्मुख रहेको छ। भन्सार प्रशासनले अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिवद्धता कार्यान्वयन गर्दै लैजान योजनावद्ध रुपमा विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्दै आएको छ।

भन्सार विभागले आ.व. २०६०/६१ देखि चरणबद्ध रुपमा भन्सार सुधार र आधुनिकीकरणको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सोही क्रममा छैटौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८/८९-२०८२/८३) स्वीकृत भई आर्थिक वर्ष २०७८/७९ देखि कार्यान्वयनमा रहेको छ। उक्त सुधार योजनाको नियमित अनुगमनको लागि एक अनलाईन अनुगमन प्रणालीको विकास गरी कार्यान्वयन गरिएको छ।

भन्सार प्रशासनले भन्सार जाँचपासका साथै अन्य विविध कार्यहरु गर्दै आएको छ र त्यस्ता कार्यहरुको बारेमा सबैमा जानकारी पुर्याउने उद्देश्यले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरिएका क्रियाकलापहरु समावेश गरी वार्षिक रुपमा प्रगति विवरण प्रकाशन गर्ने गरेको छ। यसै परिप्रेक्ष्यमा गत आर्थिक वर्ष २०७९/८०

मा भन्सार विभाग र अन्तर्गतका निकायहरूबाट सम्पादन गरिएका प्रमुख कार्यहरूको विवरण र सोको प्रगति विवरण तयार गरिएको छ।

## भन्सार विभागका मुख्य कार्यहरु

मूलतः भन्सार विभागले मालवस्तुको निकासी पैठारी सम्बन्धी भन्सार जाँचपास र भन्सार सम्बन्धी सेवा प्रवाहको कार्य गर्दै आइरहेको छ। यी दुवै प्रकारका जिम्मेवारी पुरा गर्न भन्सार विभागले सम्पादन गर्ने प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्:

- अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्ने,
- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- अन्तर्राष्ट्रिय व्यापारको सिलसिलामा निकासी पैठारीमा लाग्ने कर राजस्व सङ्कलन गर्ने,
- भन्सार महसुल असुली सम्बन्धी कार्य गर्ने,
- कानून बमोजिम भन्सार महसुल छुट तथा सुविधा प्रदान गर्ने,
- भन्सार मूल्याङ्कन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- वस्तु वर्गीकरणमा द्विविधा परेका वस्तुको वर्गीकरणको निर्णय गर्ने,
- मूल्याङ्कन तथा वर्गीकरण सम्बन्धी विषय पुनरावलोकनको व्यवस्था गर्ने,
- छनौटको आधारमा जाँचपासपछिको परीक्षण गराउने,
- मुद्दा तथा लिलामी सम्बन्धी भन्सार कार्यालयहरुको कार्यको अनुगमन, निर्देशन र समन्वय गर्ने,
- वण्डेड वेयरहाउस र बैङ्क ग्यारेन्टीको सुविधा प्रदान गर्नुका साथै सो कार्यको अनुगमन गर्ने,
- निकासी पैठारी सङ्केत नम्बरको दर्ता, नवीकरण, निलम्बन र खारेजी गर्ने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- भन्सार प्रशासनलाई यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न योजना बनाउने,
- राजस्वको दैनिक, मासिक र वार्षिक अभिलेख अद्यावधिक गर्ने,
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्याङ्क तयार गर्ने,
- रासायनिक पदार्थ तथा अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी राष्ट्र एवम् व्यापार साझेदार देशका भन्सार प्रशानसनसँग समन्वय र सहकार्य गर्ने,
- विश्व भन्सार सङ्गठन र व्यापार सम्वद्ध अन्य अन्तर्राष्ट्रिय सङ्गठनसँग समन्वय र सहकार्य गर्ने,
- भन्सार एजेण्टको नियुक्ति, एजेण्टको इजाजतपत्रको नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार कार्यालयको नियमित अनुगमन, सुपरीवेक्षण र निरीक्षण गर्ने,
- भन्सार महसुलका दरहरुको माध्यमबाट स्वदेशी उत्पादन र उद्योगहरुको संरक्षण गर्ने,
- हानिकारक र गुणस्तर कम भएका वस्तुको पैठारी नियन्त्रण गरी समाजको सुरक्षा गर्ने.


- विभाग र कार्यालयको बजेट तर्जुमा, निकासा र बाँडफाँट गर्ने।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास तथा कार्यान्वयन गर्ने।

## सङ्गठन संरचना

भन्सार विभाग र मातहतका निकायहरुको जनशक्तिको व्यवस्थापन र कार्यसञ्चालनका लागि २०७६ सालमा स्वीकृत संरचना बमोजिम भन्सार विभागले आफ्नो भूमिका निर्वाह गर्दै आईरहेको छ।

नेपालमा व्यापारको स्वरुप र कार्यबोझ एवम् यात्रुहरुको आवतजावत अनुसार भन्सार कार्यालयहरुको कार्य प्रकृतिमा केही भिन्नता रहेको छ भने सीमावर्ती भन्सार कार्यालयहरुमा पनि उत्तरी, दक्षिणी तथा रेल्वेमा आधारित भन्सारका कार्य प्रक्रियाहरुमा भिन्नता पाइन्छ। यसरी स्थापित भन्सार कार्यालयहरुलाई सोही अनुरुप वर्गीकरण गरी तिनीहरुको उत्तरदायित्व एवम् सङ्गठनात्मक स्वरुप, जिम्मेवारी र कार्यक्षेत्र स्वीकृत भई सञ्चालनमा रहेका छन्।

नेपालमा हाल भन्सार विभाग अन्तर्गत ४० वटा मूल भन्सार कार्यालय, एक भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ वटा छोटी भन्सार कार्यालय रहेका छन्। मूल भन्सार कार्यालयहरुमा ३ वटा हवाईमार्गमा आधारित भन्सार, १ वटा आन्तरिक परिवहनमा आधारित भन्सार, २७ वटा भारतीय सीमामा अवस्थित भन्सार र ९ वटा चीनसँगको सीमामा अवस्थित भन्सार कार्यालय रहेका छन्।




## भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालयहरु

नेपाल र भारतबीचको व्यापार सन्धिले २७ वटा नाकाहरुलाई द्विपक्षीय व्यापार नाकाको रुपमा स्वीकृत गरेको छ। यी स्वीकृत नाकाहरुमध्ये नेपालतर्फ भिस्वा र गुलरिया हालसम्म पनि छोटी भन्सारको स्तरमा नै रहेका छन्। नेपाल र भारतबीचको व्यापार सन्धिभित्र परेको साविकमा छोटी भन्सार कार्यालय दार्चुलालाई हालै मूल भन्सारमा स्तरोन्नति गरिसकिएको छ। यस बाहेक व्यापार सन्धिमा नपरेका त्रिवेणी भन्सार कार्यालयलाई समेत मूल भन्सारका रुपमा कायम गरिएको छ। यसरी भारततर्फको सीमासँग जोडिएका २६ वटा र भारतको सीमादेखि रेल सञ्जालसँग जोडिएको १ वटा गरी दक्षिणी सीमामा २७ वटा मूल भन्सार कार्यालयहरू रहेका छन्।

खुला सीमानाको कारण यी भन्सारहरूको काम यात्रुहरूको जाँचपास (Passengers Clearance) भन्दा मालवस्तु जाँचपासमा नै बढी केन्द्रित छ। नेपालको दक्षिणी सीमामा अवस्थित छोटी भन्सार कार्यालयहरूमध्ये हाल ४४ वटा चालू अवस्थामा रहेका छन्।

भारतसँग सीमा जोडिएका मूल र छोटी भन्सार कार्यालयहरू भारतमा निकासी हुने र भारतबाट पैठारी हुने मालवस्तुको प्रशासनमा केन्द्रित छन्। मेची, विराटनगर, वीरगञ्ज, सुक्खा बन्दरगाह, भैरहवा, नेपालगञ्ज र कैलाली भन्सारबाट भारतका अतिरिक्त भारतीय बन्दरगाह हुँदै तेस्रो मुलुकमा मालवस्तुहरू निकासी पैठारी समेत हुने गर्दछ। नेपाल र भारतबीचको पारवहन सम्झौताबाट नेपाललाई तेस्रो मुलुकसँगको व्यापारका लागि कलकत्ता, हल्दिया, विशाखापटनम बन्दरगाह र फूलबारी (भारत), बंगलाबन्ध (बंगलादेश) स्थलमार्ग उपलब्ध छन्।

### चीनसँग सीमा जोडिएका भन्सार कार्यालयहरू

नेपाल र जनबादी गणतन्त्र चीनबीच सम्पन्न व्यापार एवम् पारवहन सम्झौताले नेपाल चीन बीच द्विपक्षीय व्यापारका लागि ६ वटा नाका स्वीकृत गरेको छ । नेपाल र जनबादी गणतन्त्र चीनबीच सम्पन्न बन्दरगाह व्यवस्थापन सम्बन्धी सम्झौता, २०१२ ले स्वीकृत ६ वटा नाकाहरु मध्ये तीन वटा नाकाहरु यारी-पुलान, रसुवा-जिलोङ एवम् कोदारी-जाङ्यमुलाई अन्तर्राष्ट्रिय व्यापारको लागि समेत उपयोग गर्न सक्ने नाका र बाँकी तीन नाकाहरु नेचुङ-लिजी, ओलाङ्चुङ्गोला-रियु तथा किमाथान्का-छेन्ताङलाई द्विपक्षीय व्यापार गर्ने नाकाका रुपमा स्थापित गरेको छ। नेपाल र चीनबीच सम्पन्न पारवहन यातायात सम्झौता २०१६ र तत्सम्बन्धी प्रोटोकल २०१८ ले समुद्रसम्मको पहुँचका लागि चार वटा सामुद्रिक बन्दरगाहहरु (Tianjin, Shenzhen, Lianyungang and Zhanjiang) र तीन वटा सुक्खा बन्दरगाहहरु (Lanzhou, Lhasa and Xigatse) उपलब्ध गराएको छ।

नेपालको उत्तरी सीमामा ९ वटा मूल भन्सार कार्यालय रहेका छन् भने ती मूल भन्सार कार्यालयका हाल कुनै पनि छोटी भन्सार कार्यालय रहेका छैनन्। रसुवा र तातोपानी बाहेक सबै उत्तरी सीमावर्ती भन्सार कार्यालयले उठाउने राजस्व ज्यादै न्यून रहेको छ।

## २.५ सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र

सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र नेपाल सरकारको राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत कर्मचारीलाई दक्ष र सीपयुक्त बनाउन, समसामयिक विषयमा अन्तरक्रिया, गोष्ठी र कार्यशाला आयोजना तथा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले २०३७ फाल्गुण २९ गते अर्थ मन्त्रालय अन्तर्गत राजस्व प्रशासन तालिम केन्द्रको रुपमा स्थापना भएको विशिष्ठ संस्था हो।

केन्द्र आर्थिक प्रशासनसँग सम्बन्धित जनशक्तिको पेशागत दक्षता अभिवृद्धि तथा आर्थिक क्षेत्रका समसामयिक विषयमा अध्ययन अनुसन्धान, सूचना प्रवाह तथा परामर्श सेवा प्रदान गर्ने एक विशिष्ठ संस्था हो। केन्द्रलाई आर्थिक प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास, यस क्षेत्रको अध्ययन अनुसन्धान र परामर्श दिनुका साथै समग्र वित्तीय सङ्घीयता कार्यान्वयनको नेतृत्वदायी विशिष्ठ संस्थाको रुपमा विकास गरिनुपर्छ भन्ने रुपान्तरणकारी सोचसँगै नेपाल सरकारको (मं.प.) मिति

२०७५ बैशाख ४ गतेको निर्णयबाट साविकको राजस्व प्रशासन तालिम केन्द्रलाई सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रमा रुपान्तरण गरेको हो।

### दृष्टिकोण

- आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि र स्रोतको समुचित व्यवस्थापन गर्न राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत कर्मचारीहरूलाई सक्षम र सबल बनाउने।

### लक्ष्य

- तालिम, शिक्षा, अध्ययन अनुसन्धान, गोष्ठी, परामर्श र अन्तरक्रियाको माध्यमबाट राजस्व तथा आर्थिक प्रशासनको क्षेत्रमा पेशागत र संस्थागत दक्षता अभिवृद्धिको अवसर सिर्जना गर्ने।

### उद्देश्य

- राजस्व र आर्थिक प्रशासनका कर्मचारीलाई दक्ष र सीपयुक्त बनाउने,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने,
- आर्थिक तथा राजस्वका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने।

### रणनैतिक लक्ष्यहरू

- केन्द्र मार्फत विशेष गरेर राजस्व प्रशासन र आर्थिक प्रशासनसँग सम्बन्धित जनशक्तिको पेशागत दक्षता अभिवृद्धि गर्ने,
- केन्द्रलाई राजस्व तथा आर्थिक क्षेत्रका समसामयिक विषयहरूमा अध्ययन अनुसन्धान, सूचना प्रवाह तथा परामर्श सेवा प्रदान गर्ने एक विशिष्ठ संस्था (Center for Excellence) को रुपमा विकास गर्ने।

## २.६ सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०३।२० को निर्णयले सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्ने उद्देश्यले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संगठन संरचना स्वीकृत भइ सम्वत् २०७५।०९।११ देखि सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना भई सञ्चालनमा आएको छ। २०७७ साउन १ गते देखि यस कार्यालयले Debt Operation and Management System- DOMS सञ्चालनमा ल्याएको वाह्य ऋणको भुक्तानी यही प्रणालीमार्फत गर्न शुरु गरिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले देशको आर्थिक-सामाजिक विकासको लागि आवश्यक ऋण रकमको आँकलन, ऋण प्राप्तिको स्रोत निर्धारण, ऋण प्राप्ति, अभिलेखाङ्कन, उपयोग, ऋण भुक्तानी, ऋणको दिगोपन विश्लेषण लगायतका कार्यहरु गर्दै आएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मूलतः निम्न प्रकृतिका कार्यहरू पर्दछन्ः

### अग्र-भागका कार्यहरू

यसमा स्वीकृत ऋण नीति र कानुनको अधिनमा रही कोष परिचालनको काम पर्दछ। यस अन्तर्गत सञ्चालन सम्बन्धी कार्यहरू जस्तैः ऋण सम्झौताहरू गर्ने, जमानतहरू (ग्यारेन्टी) जारी गर्ने र सरकारी ऋण पत्रहरू (Securities) गरी गर्ने कार्यहरू पर्दछन्। यसको मूलभूत उद्धेश्य सरकारले लिने ऋणको लागत कम गर्नु र जोखिम कम गर्नु हो।

### मध्य-भागका कार्यहरू

यस अन्तर्गत सरकारको Financing Need र Debt Service Obligation बारे सूचना प्राप्त हुने कार्यहरूको कार्यसम्पादन अनुगमन गर्ने काम यसमा पर्दछ।


### पृष्ठ-भागका कार्यहरू

पृष्ठ-भागका कार्यहरूमा ऋण (Debt Portfolio) को एकीकृत डाटावेस तयार गर्ने कार्य पर्दछ। सार्वजनिक ऋणको हिसाव फरफारक, भुक्तानी र प्रतिवेदन यस कार्यमा पर्दछन्। पूर्ण, सहि र निरन्तरता सहित (Consistent) को तथ्याङ्क यसमा रहनु पर्दछ। आन्तरिक र वाह्य ऋण भुक्तानीको प्रक्षेपण, लेखाङ्कन, अभिलेख र प्रतिवेदनका कार्यहरू यसमा पर्दछन्।

सार्वजनिक ऋण व्यवस्थापनको कार्य विभिन्न संस्थाहरूमा छरिएको र ऋण व्यवस्थापनको लागि एउटा एकीकृत संस्था नभएकोले सार्वजनिक ऋण सम्वन्धी रणनीति निर्माण र कार्यान्वयनमा कमी-कमजोरीहरू रहेको सन्दर्भमा नेपालमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भएको हो।

### संगठन संरचना

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सङ्गठनात्मक संरचना निम्नानुसार रहेको छ।



नेपाल सरकारको संघ, प्रदेश र स्थानीय तहले लिने आन्तरिक तथा वैदेशिक ऋणको व्यवस्थापन गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेको छ।

## सार्वजनिक ऋणको प्रक्षेपण

नेपाल सरकारको प्रक्षेपित आय व्यय र आर्थिक अवस्थाको विश्लेषण गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल राष्ट्र बैंकसंगको समन्वयमा प्रत्येक वर्ष उठाउन सकिने सार्वजनिक ऋणको आवश्यकता प्रक्षेपण गरी अर्थ मन्त्रालयमा सुझाव पेश गर्ने।

## सार्वजनिक ऋणको नीति तर्जुमा

- सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति प्रस्ताव तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने,
- सार्वजनिक ऋण सम्वन्धी कानून तर्जुमा वा अद्यावधिक गर्न आवश्यक विषय वस्तु तयारी गरी अर्थ मन्त्रालयमा पेश गर्ने,
- सार्वजनिक ऋणको परिचालन गर्ने क्षेत्र पहिचान गरी अर्थ मन्त्रालयमा सुझाव पेश गर्ने।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र अन्तर सरकारी वित्तीय महाशाखासँग समन्वय गरी प्रदेश तथा स्थानीय तहको सार्वजनिक ऋणको सीमा तथा परिचालनका क्षेत्र सम्बन्धी सुझाव दिने।

## आन्तरिक ऋण व्यवस्थापन

- आन्तरिक ऋण निष्काशन गर्ने सम्वन्धमा निष्काशन तथा वोलकवोल तालिका अर्थ मन्त्रालयबाट स्वीकृत गराइ कार्यान्वयन गर्ने,
- आन्तरिक ऋण प्राप्त गर्न सरकारी ऋणपत्रहरूको निष्काशन गर्ने, वोलकवोल गराउने तथा रकम प्राप्त गर्ने,
- प्राप्त रकम नेपाल सरकारको ऋण खातामा जम्मा गर्ने/गराउने
- ऋणको सांवा तथा व्याज रकम भुक्तानी गर्ने व्यवस्था गर्ने /गराउने, हिसावमिलान गर्ने
- निष्काशन भएका ऋणपत्रहरूको अभिलेख राख्ने
- ऋणपत्रको प्रमाणपत्र तयार गरी वितरण गर्ने, आवश्यकता अनुसार नामसारी (ऋणपत्रको धनीको नाम परिवर्तन), एकीकरण, खण्डीकरण, प्रमाणीकरण तथा मृत्यु नामसारी आदि गर्ने।

## वैदेशिक ऋण व्यवस्थापन

- वैदेशिक ऋण स्वीकार गर्ने सम्वन्धमा अर्थ मन्त्रालयलाई पृष्ठपोषण उपलब्ध गराउने,
- ऋण सम्झौता अनुसार वैदेशिक ऋणको साँवा, ब्याज तथा अन्य शुल्क भुक्तानी गर्ने, हिसावमिलान गर्ने
- वैदेशिक ऋणको अभिलेख तथा लेखा दुरुस्त राख्ने।

**शेयर तथा ऋण लगानी**

- नेपाल सरकारको तर्फबाट सार्वजनिक संघ/संस्थानमा सहायक ऋण सम्झौता (Subsidiary loan Agreement) गरी ऋण लगानी गर्ने,
- नेपाल सरकारको तर्फबाट शेयर तथा ऋण लगानी सम्वन्धी काम गर्ने,
- सहायक ऋण सम्झौता गरी नेपाल सरकारको तर्फबाट गरिएको शेयर तथा ऋण लगानीको अभिलेख तथा लेखा दुरुस्त राख्ने र हिसावमिलान गर्ने,
- सम्झौतामा उल्लेखित शर्त बमोजिम ऋण लगानीबाट प्राप्त हुने ब्याजको गणना गर्ने, भाखा नाघेका ऋण तथा ब्याजको हिसाब गरी लेखाङ्कन तथा प्रतिवेदन गर्ने,
- शेयरको प्रतिफलस्वरूप नेपाल सरकारलाई प्राप्त हुने बोनस शेयर प्राप्त गरी अभिलेख अद्यावधिक गर्ने तथा लाभांश वितरणबाट प्राप्त हुने राजस्व सम्वन्धीत खातामा दाखिला गरी लेखांकन गर्ने,
- शेयरको रूपमा गरिएको लगानीको प्रमाणपत्र प्राप्त गरी अभिलेख अद्यावधिक गरी राख्ने,
- वैदेशिक ऋण सम्झौता तथा सहायक ऋण सम्झौताबाट गरिएको लगानी सम्बन्धी सम्झौता तथा तमसुकको अभिलेख खडा गर्ने र अद्यावधिक गर्ने।

**ऋणपत्रको दोस्रो वजार कारोवारको व्यवस्थापन**

- प्राथमिक बजार निर्माताको व्यवस्था गर्ने,
- सरकारी ऋणपत्रको दोस्रो बजारको सञ्चालन एवम् प्रवर्द्धन गर्न सहयोग गर्ने,
- साँवा तथा व्याजको भुक्तानी कमिसन उपलब्ध गराउने।

**सरकारी जमानतको अभिलेख राख्ने**

- सम्झौतामा उल्लेखित दर अनुसार जमानतको कमिसन असुल गर्ने एवम् जमानत सम्बन्धी सम्झौताहरू प्राप्त गरी अद्यावधिक रूपले राख्ने।

**जनशक्ति व्यवस्थापन**

नेपाल सरकारले स्वीकृत गरेको संगठन संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणीको अधिकृतको नेतृत्वमा १३ जना अधिकृत तहका, १० जना सहायक तहका र अन्य सहयोगी कर्मचारी गरी ३३ जनाको दरवन्दी नेपाल सरकारवाट स्वीकृत भएको छ। अन्य ३ जना विशेषज्ञहरू नेपाल राष्ट्र बैंकवाट काजमा खटाउने र एक जना ऋण व्यवस्थापन विशेषज्ञको सेवा परामर्शदाताको रुपमा राख्न सकिने व्यवस्था रहेको छ। हाल २१ जना कर्मचारीहरू कार्यालयमा कार्यरत छन्।

## २.७ ऋण असुली न्यायाधिकरण

बैंक तथा वित्तीय संस्थामा उल्लेख्य रुपमा निष्कृय कर्जा रहेको तत्कालीन परिस्थितिमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुल उपर गराई दिने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो ऐन अन्तर्गत बनेको बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी नियमावली,

२०५९ जारी भई कार्यान्वयनमा आएका छन्। यो ऐन आउनु पूर्व बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको कारवाही र किनारा सामान्य अदालतबाट हुने गरेकोमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८ लागू भएपश्चात् विशिष्टिकृत न्यायिक निकायको रुपमा २०६० साल साउन १ गते ऋण असुली न्यायाधिकरणको स्थापना र गठन भएको हो।

## न्यायाधिकरणसम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा, १५२ को उपधारा (१) मा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघिय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था गरेको छ। यसै संविधानिक व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र नियमावली, २०५९ लागू भई मिति २०६०।४।१ देखि यस ऋण असुली न्यायाधिकरणले बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्ने गरेको छ।

## न्यायाधिकरणको स्थापना र गठन

मुलुकमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली सम्बन्धी मुद्दाहरूको छिटो छरितो ढङ्गबाट कारवाही तथा किनारा गरी बैंक तथा वित्तीय संस्थाको ऋणीबाट लिनु पर्ने साँवा र व्याज रकम असुल उपर गर्ने प्रयोजनका लागि जारी भएको बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ४ बमोजिम ऋण असुली न्यायाधिकरणको स्थापना भएको हो। उल्लिखित व्यवस्थाको अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा मिति २०६०।०३।०२ मा सूचना प्रकाशित गरी यस न्यायाधिकरणको मुकाम काठमाडौंमा रहने गरी बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गतका नेपालभरका मुद्दाहरूको शुरु कारवाही र किनारा गर्ने अधिकार यस न्यायाधिकरणलाई तोकिदिएको छ। न्यायाधिकरणमा कानून सदस्य, बैंकिङ्ग सदस्य र लेखा सदस्य गरी ३ जना सदस्यहरू रहने र कानून सदस्य न्यायाधिकरणको अध्यक्ष हुने व्यवस्था उल्लिखित ऐनमा रहेको छ। न्यायाधिकरणको कार्यबोझको आधारमा नेपाल सरकारले न्यायाधिकरणको सदस्य संख्या तथा इजलास थप गर्न समेत सक्ने व्यवस्था रहेको छ।

## न्यायाधिकरणको क्षेत्राधिकार

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ३ मा देहायका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको लागि ऐनको व्यवस्था लागू हुने व्यवस्था गरिएको छः-

(क) कृषि विकास बैंक ऐन, २०२४ बमोजिम स्थापना भएको कृषि विकास बैंक
(ख) वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएका वाणिज्य बैंक
(ग) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य वित्तीय संस्थाहरू

माथि उल्लिखित बैंक तथा वित्तीय संस्थाको हकमा ऐनको व्यवस्था लागू हुने उल्लेख गरिएकोमा उल्लिखित ऐनहरूलाई खारेज गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ जारी भईसकेपश्चात् सो ऐन बमोजिम

वर्गीकृत 'क' वर्गका वाणिज्य बैंकहरू 'ख' वर्गका विकास बैक र 'ग' वर्गका फाइनान्स कम्पनीको ऋण असुली सम्बन्धी मुद्दाहरूको कारवाही र किनारा यस न्यायाधिकरणबाट हुँदै आएको छ। त्यस्तै गरी पाँच लाख रुपैयाँ भन्दा कम साँवा रकम भएको ऋण असुली सम्बन्धी मुद्दाको कारवाहीमा यस न्यायाधिकरणको क्षेत्राधिकार नरहने समेत व्यवस्था गरेको छ।

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १४ ले न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकारभित्र पर्ने बैंक तथा वित्तीय संस्थाहरूको ऋण असुली सम्बन्धी मुद्दाहरूको शुरु कारवाही तथा किनारा गर्ने अधिकार प्रदान गरेको छ।

न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिकरुपमा गर्ने र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिने व्यवस्था रहेकोछ। कानून सदस्य सहित दुई जनाको उपस्थिति भएमा मुद्दाको कारवाही र किनारा गर्न सकिन्छ भने कानून सदस्य बाहेक अन्य दुई जना सदस्यको उपस्थितिमा मुद्दाको निर्णय गर्न वा अन्तिम आदेश दिन बाहेक अरु कारवाही गर्न सकिने व्यवस्था छ।

## उजूरी निवेदन सम्बन्धी व्यवस्था

ऋण असुलीका लागि न्यायाधिकरणमा उजूरी निवेदन दिनु अघि सम्बन्धित बैंक वा वित्तीय संस्थाले ऋण असुल गर्ने सम्बन्धमा ऋणीसंग ऋण फछ्र्यौट गर्न गराउन यथेष्ठ छलफल तथा क्रियाकलाप गरेको हुनु पर्ने र ऋण असुली सम्बन्धमा पर्याप्त कारवाही गर्दा समेत ऋण असुल हुन नसकेमा मात्र न्यायाधिकरणमा उजूरी निवेदन दिन सकिने व्यवस्था रहेको छ। त्यस्तो उजूरी निवेदन कर्जाको भाखा नाघेको मितिले चार वर्षभित्र दिनु पर्ने हुन्छ।

उजूरी निवेदन साथ बैंक वा वित्तीय संस्थाले दावी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत ऋण असुली शुल्क वापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेहुन्छ। उजूरी निवेदन दर्ता भएपछि न्यायाधिकरणबाट मुद्दाका प्रतिवादीलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न प्रतिवादीहरूको नाममा १५ दिनको म्याद जारी गर्ने व्यवस्था रहेको छ।

## अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था

बैंक वा वित्तीय संस्थाको ऋण असुली ऐनको दफा १६ को उपदफा (१) बमोजिम न्यायाधिकरणमा विचाराधीन रहेको कुनै पनि मुद्दामा ऋण लिने सिलसिलामा सुरक्षणको लागि राखिएको धितो वा ऋणीको/जमानीकर्ताको स्वामित्वमा वा कब्जामा रहेको वा हक भोग भएको चल अचल सम्पत्ति नामसारी, बिक्री वा हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न आवश्यक छ भन्ने कुरा पक्षको निवेदनको आधारमा न्यायाधिकरणलाई लागेमा अर्को आदेश नदिएसम्मको अवधिका लागि त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा न्यायाधिकरणले अन्तरिम आदेश जारी गर्न सक्ने व्यवस्था छ। साथै त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने समेत उल्लेख गरिएको छ।

## मिलापत्र सम्बन्धी व्यवस्था

न्यायाधिकरणमा दर्ता भई कारवाही तथा किनारा गर्न बाँकी रहेका ऋण असुली मुद्दाहरूमध्ये कुनै मुद्दामा मिलापत्र गर्नको निमित्त मुद्दाका दुवै पक्ष अर्थात् वादी र प्रतिवादीले न्यायाधिकरण समक्ष लिखित निवेदन दिएमा र न्यायाधिकरणले सो निवेदनको व्यहोरा दुबै पक्षलाई पढी बाँची सुनाई त्यसको मतलब र परिणाम समेत सम्झाउँदा बुझाउँदा दुबै पक्षले मञ्जुर गरेमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएतापनि ऐनको दफा २० बमोजिम मिलापत्र गराई दिन सक्ने व्यवस्था छ। मिलापत्र भएपछि मिलापत्र कार्यान्वयन गर्न ऋण असुली अधिकृतलाई आदेश दिने व्यवस्था रहेको छ। मिलापत्र भईसकेपछि मिलापत्र कार्यान्वयन नभएको अवस्थामा मिलापत्रको कार्यान्वयनका लागि न्यायाधिकरणमा निवेदन दिन सक्ने व्यवस्था रहेको छ।

न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले मुद्दा मिलापत्र गराईसकेपछि मिलापत्र दस्तुर वापत मुद्दामा मागदावी लिइएको रकमको ०.५० प्रतिशतले हुने रकम मध्ये वादीले ०.२५ प्रतिशत र प्रतिवादीले ०.२५ प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ। वादीको हकमा मिलापत्र दस्तुर वापत बुझाउनु पर्ने रकम निजले उजुरी निवेदन दर्ता गराउँदा अग्रिम रुपमा बुझाएको ऋण असुली शुल्कबाट कट्टा गरी समायोजन गर्ने व्यवस्था छ।

## ऋण असुली सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १८ बमोजिम मुद्दा बारे निर्णय सुनाई सकेपछि उक्त निर्णय उपर चित्त नबुझ्ने पक्षबाट पुनरावेदन परेको अवस्थामा पुनरावेदन न्यायाधिकरणको निर्णय प्राप्त भएपछि र पुनरावेदन नपरेको अवस्थामा पुनरावेदन दिने म्याद भुक्तान भएपछि निर्णय कार्यान्वयन गर्न सोही ऐनको दफा २१ बमोजिम ऋण असुली अधिकृतको नाममा समयावधि तोकी आदेश दिने व्यवस्था रहेको छ।

ऋण असुली अधिकृतले न्यायाधिकरणको आदेश प्राप्त गरेपछि सो आदेशमा तोकिएको समयावधि भित्र ऐनको दफा २५ बमोजिम ऋणीबाट ऋण रकम असुल गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिलाई भराई दिनु पर्ने व्यवस्था रहेको छ। न्यायाधिकरणबाट आदेश प्राप्त भए पश्चात् ऋण असुली अधिकृतले ऋणीबाट ऋणको साँवा व्याज रकम असुल उपर गर्दा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमावली तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कारवाही अवलम्बन गर्न सक्ने व्यवस्था छः-

- ऋणी वा जमानत दिने व्यक्तिले धितोमा राखेको चल अचल सम्पत्तिले ऋणको साँवा व्याज रकम खाम्न नसक्ने भई ऋणीको वा जमानत दिने व्यक्तिको अन्य चल अचल सम्पत्ति रोक्का राख्न तत्काल सम्बन्धित कार्यालयमा लेखि पठाउने,
- ऋणीलाई बढीमा सात दिनको म्याद दिई ऋणको सम्पूर्ण साँवा व्याज रकम बुझाउन ल्याउन आदेश दिने,

- तोकिएको अवधीभित्र ऋणको साँवा व्याज बुझाउन नल्याएमा ऋणीको तर्फबाट धितोमा राखिएको वा नराखिएको अन्य चल अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- ऋणीले धितो नराखेको वा त्यस्तो धितो राखेको चल अचल सम्पत्तिले साँवा व्याज खाम्न नसक्ने भएमा जमानीकर्ताको जमानीको हदसम्म चल अचल सम्पत्ति कब्जा गर्ने,
- ऋणी वा जमानीकर्ताको कब्जा गरिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने,
- कुनै व्यक्ति विषेश ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नु पर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखि दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।

ऐन बमोजिम बैंक तथा वित्तीय संस्थाको ऋण असुली भइसकेपछि असुली भएको ऋण रकमको १ (एक) प्रतिशत रकम ऋण असुली शुल्क वापत सम्बन्धित बैंक तथा वित्तीय संस्थाले न्यायाधिकरणलाई बुझाउनु पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाले त्यसरी ऋण असुली शुल्क बुझाउँदा निजले उजुरी निवेदन दर्ता गर्दाका बखत बुझाएको अग्रीम ऋण असुली शुल्क बापतको रकम कटाई बाँकी रकम मात्र बुझाउनु पर्ने व्यवस्था छ।

### पुनरावेदन सम्बन्धी व्यवस्था

ऐनको दफा १९ बमोजिम न्यायाधिकरणको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णयको प्रतिलिपि उतार गरेको पन्ध्र दिनभित्र तोकिएको पुनरावेदन दस्तुर तिरी सम्बन्धित पुरावेदन न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। ऋणीले पुनरावेदन गर्दा न्यायाधिकरणको निर्णय बमोजिम असुल उपर गर्नु पर्ने ठहर रकमको ३० (तीस) प्रतिशत रकम धरौटी वापत नगद जम्मा गर्नु पर्ने ऐनको दफा २२ मा व्यवस्था छ।

### अवहेलनामा कारवाही चलाउन सक्ने

न्यायाधिकरणले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने व्यवस्था ऐनको दफा ३० मा रहेको छ। न्यायाधिकरणले आफ्नो अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने व्यवस्था छ।

तर, न्यायाधिकरणलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई कुनै सजाय नगरी क्षमा दिन वा सजाय तोकिसकेको भए सो सजाय घटाउन वा माफ गर्न वा सजाय मुलतवी राखी तोकेको शर्त पालना भएमा सजाय कार्यान्वयन नगर्न आदेश दिन सक्ने व्यवस्था समेत रहेको छ।

## २.८ ऋण असुली पुनरावेदन न्यायाधिकरण

ऋण असुली पुनरावेदन न्यायाधिकरण, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ बमोजिम २०६० सालमा स्थापना भएको हो। बैंक तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाहरू छिटो छरितो ढंगबाट कारवाही र किनारा गरी ऋणीबाट लिनुपर्ने ऋणको साँवा तथा ब्याज रकम असुलउपर गर्नको लागि स्थापना भएको हो। यस न्यायाधिकरणमा ऋण असुली न्यायाधिकरणमा परेका बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाहरूको कारवाही


तथा फैसला उपर परेका निवेदन तथा पुनरावेदनहरूको सुनुवाई हुने गर्दछ। यस न्यायाधिकरणबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी मुद्दाको सम्बन्धमा भएको फैसला अन्तिम रहने गरेको छ। नेपालको संविधानको धारा १५२(१) मा धारा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न सङ्घीय कानून बमोजिम अन्य विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक व्यवस्था समेत रहेको छ। यि संवैधानिक व्यवस्था र बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ बमोजिम ऋण असुली सम्बन्धी मुद्दाहरूउपर परेका निवेदन र पुनरावेदन उपर छिटो, छरितो ढङ्गबाट कारवाही र किनारा गरी ऋणीबाट लिनु पर्ने ऋणको साँवा तथा व्याज रकम असुल उपर गर्नको लागि ऋण असुली न्यायाधिकरणमा पठाउने गरेको छ।

## उद्देश्य

बैंक तथा वित्तीय संस्थामा निष्कृय कर्जाको मात्रा बढ्दै गएको, यस्तो निष्कृय कर्जामा बृद्धि हुँदै जाँदा बैंक तथा वित्तीय संस्थाको स्थायित्वमा चुनौती थपिदै गएको, कर्जाहरू सम्बन्धी मुद्दाहरू नियमित अदालतबाट फछ्यौट र किनारा गर्दा लामो समय लिने गरेको साथै फैसलाको गुणस्तरियतामा समेत प्रश्न उठ्ने गरेको, यसले गर्दा जनमानसमा बैंक तथा वित्तीय क्षेत्र प्रतिको विश्वासमा कमी आउने अवस्था सिर्जना भएको पृष्ठभूमीमा बैंक तथा वित्तीय क्षेत्रले दिएका ऋण असुली सम्बन्धी कारवाही र किनारालाई छिटो छरितो र विशिष्टिकृत तरिकाले कारवाही र किनारा गर्ने उदेश्यका साथ यो ऋण असुली पुनरावेदन न्यायाधिकरणको स्थापना भएको हो।

## संगठनात्मक संरचना

ऋण असुली पुनरावेदन न्यायाधिकरणको संगठनात्मक संरचनामा हालको संरचना यस प्रकार रहेको छ।



# परिच्छेद - तीन

## अर्थ मन्त्रालय र अन्तर्गतका निकायको आर्थिक बर्ष २०७९/८० को प्रगति विवरण

## अर्थ मन्त्रालय

### ३.१ सङ्घीय बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली

**(क) आ.व.२०७९/८० को समग्र बजेट खर्चको स्थिति (रु करोडमा)**

| शीर्षक | आ.व. २०७८/७९ को असार महिनासम्म | आ.व. २०७९/८० को असार महिनासम्म | गत आ.व. को तुलनामा वृद्धि % | २०८० असार मसान्तसम्मको खर्च प्रतिशत |
|---|---|---|---|---|
| कुल सरकारी खर्च | १३१,०००.०८ | १४१,८७४.३१ | ८.३० | ७९.०९ |
| चालु खर्च | ९५,४३१.६८ | ९९,४३१.६० | ४.१९ | ८४.७० |
| पूँजीगत खर्च | २१,६२१.३१ | २३,४१९.३८ | ८.३२ | ६३.२३ |
| वित्तीय व्यवस्था | १३,९४७.१० | १९,०२३.३४ | ३६.४० | ७६.२५ |

**(ख) आर्थिक वर्ष २०७९/८० मा संङ्घीय बजेट व्यवस्थापन गर्न सम्पादन भएका महत्त्वपूर्ण कामहरू**

- वार्षिक वजेट क्यालेन्डरमा रही बजेट तर्जुमा गरिएको।
- बजेट तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउन प्रयोग भई रहेका विभिन्न प्रणालीहरु (LMBIS, TSA र CGAS) विच अन्तर आवद्धता कायम गरी तथ्य र प्रमाणमा आधारित नीति निर्माणमा सहजीकरण गरिएको ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र विनियोजन ऐन, २०७८ को दफा ८(७) को व्यवस्था बमोजिम बजेट कार्यान्वयनलाई सहज, सरल र प्रभावकारी बनाउन चालु खर्चतर्फ २५ प्रतिशतसम्म रकमान्तर सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाटै हुने व्यवस्था कार्यान्वयनमा आएको ।

- वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन तर्जुमा गरी पत्राचार गरिएको ।
- वजेट कार्यन्वयनलाई सहजीकरण गर्न आवश्यक मात्रामा कार्यक्रम संशोधन, थप वजेट निकासा, रकमान्तर र स्रोतान्तर गरिएको।
- माननीय अर्थमन्त्रीज्यूको उपस्थितिमा बजेट कार्यान्वयनको नियमित रुपमा समीक्षा गरिएको।
- अर्धवार्षिक समीक्षा गरी बजेट कार्यान्वयनलाई नतीजामुखी बनाउन थप रणनीति अवलम्बन गरिएको।
- बहुबर्षिय ठेक्का/स्रोत सुनिश्चितताको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा (ाःद्यक्ष्क) प्रविष्टी गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको।
- चालुखर्चतर्फका केही खर्च शीर्षकहरुमा २० प्रतिशत बजेट रोक्का र पुँजिगततर्फ २०७९ माघ १७ गतेसम्ममा दायित्व श्रृजना नभएका शीर्षकहरुमा पूरै वजेट रोक्का राखि स्रोत व्यवस्थापन गरिएको।
- नेपाल सरकारको नगद प्रवाह योजना तर्जुमा समिती तथा उपसमिति गठन गरी दिर्घकालीन रुपमा नगद कोषलाई व्यवस्थित गर्ने कार्य शुरु गरिएको।
- रकमान्तर, थप निकासा र आर्थिक सहायताको विवरण सार्वजनिक गर्न शुरु गरिएको।

## ३.२ आ.व.२०७९/८० को अर्थ मन्त्रालय र अन्तर्गतका निकायगत बजेट खर्च

**(रु. करोडमा)**

| निकाय | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| अर्थ मन्त्रालय | १४१.४ | २.०८ | १४३.५ | १३८.९ | १.४ | १४०.४ | ९८.३ | ६९.४ | ९७.८ |
| ऋण असुली पुनरावेदन न्यायधिकरण | १.९ | ०.०८ | २.१ | १.५ | ०.०३ | २.०५ | ७८.२ | ३९.८ | ७६.७ |
| ऋण असुली न्यायधिकरण | ३.७ | ०.०२ | ३.८४ | ३.३ | ०.१३ | ३.४ | ८९.७ | ७६.६ | ८९.१ |
| लघु बिमा सहयोग कार्यक्रम | ३५.९ | | | ३३.९ | | | ९४.४ | | |
| मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल | ७८.१ | ८१७.४ | ८९५.५ | ४८.९ | २२.८ | ८९५.५ | ६२.६ | २.८ | ८.०१ |
| महालेखा नियन्त्रक कार्यालय | १४.४ | ०.६ | १४.९ | १३.५ | ०.५ | १३.९७ | ९३.८ | ८१.९ | ९३.३ |

| निकाय | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| निवृत्तभरण व्यवस्थापन कार्यालय | ५.७ | ०.१५ | ५.८ | ४.७ | ०.१२ | ५.८ | ८२.८ | ७९.८ | ८२.७ |
| कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १.६ | ०.०८ | १.७ | १.३ | ०.०७ | १.४ | ८०.८ | ८६.३ | ८१ |
| कोष तथा लेखा नियन्त्रक कार्यालय | ७६.१ | १७.५ | ९३.६ | ६६.४ | १४.८ | ८१.२ | ८७.३ | ८४.१ | ८६.७ |
| सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २६.८ | १९.३ | ४६.१ | १५.३ | १४.३ | २९.७ | ५७.३ | ७४.३ | ६४.४ |
| सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६.९ | ०.७ | ७.६ | ५.४ | ०.१३ | ५.६ | ७९.३ | १८.६ | ७३.७ |
| भन्सार विभाग | १५.७ | ०.३५ | १६ | १२.१ | ०.१६ | १२.२ | ७७.६ | ४६.४ | ७६.५ |
| भन्सार कार्यालयहरु | १०४.४ | ७९.४ | १७६ | ९४.४ | ६३.६ | १५८.१ | ९०.५ | ८८.९ | ८९.८ |
| भन्सार सुधार कार्यक्रम | १४.६ | ७९.४ | ९४ | ९.५ | ४२ | ५१.४ | ६४.७ | ५२.८ | ५४.७ |
| आन्तरिक राजस्व विभाग | १३९ | १४.३ | १५३.४ | १३३.३ | ४.३ | ५१.५ | ९५.९ | २९.९ | ८९.७ |
| आन्तरिक राजस्व कार्यालयहरु | १६९.६ | ३० | १९९.६ | १४१.८ | २१.६ | १६३.३ | ८३.६ | ७२ | ८१.८ |

| निकाय | विनियोजन | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ४.७ | ०.६ | ५.२ | ३.९ | ०.२८ | ४.२ | ८३.९ | ७१.९ | ८१.८ |
| जम्मा | २४५६.१ | १०६२.९ | ३५१९.१ | १०६१.६ | १८६.४ | १२४८.० | ४३.२ | १७.५ | ३५.४ |

## ३.३ राजस्व व्यवस्थापन

आर्थिक वर्ष २०७९/८० मा भएका कार्य प्रगतिको विवरण देहाय बमोजिम रहेको छ।

राजस्व संकलन सम्बन्धी विवरण:

(रु. करोडमा)

| सि. नं. | कर शीर्षक | वार्षिक लक्ष्य | २०७९/८० असार सम्मको संकलन लक्ष्य | २०७९/८० असार सम्मको संकलन प्रगति | २०७८/७९ असार सम्मको संकलन प्रगति | बार्षिक लक्ष्यको तुलनामा हालसम्मको असुली % | गत आ.व.को सोही अवधिको तुलनामा वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| १ | भंसार महशुल | ३३०५७ | ३३०५७ | १८२५३ | २४२०३ | ५५.२२ | -२४.५८ |
| २ | मूल्य अभिबृद्धि कर | ३९८४७ | ३९८४७ | २८६२० | ३१४२८ | ७१.८२ | -८.९४ |
| ३ | अन्तःशुल्क | २१७२८ | २१७२८ | १४३०७ | १६६७९ | ६५.८४ | -१४.२२ |
| ४ | शिक्षा सेवा शुल्क | १४८ | १४८ | २०० | १२४ | १३५.५४ | ६१.४४ |
| ५ | आयकर | ३४७५८ | ३४७५८ | २५१८२ | २५९९९ | ७२.४५ | -३.१४ |
| | कर राजस्व जम्मा | १२९५३८ | १२९५३८ | ८६५६२ | ९८४३३ | ६६.८२ | -१२.०६ |
| ६ | गैर कर जम्मा | १०७७७ | १०७७७ | ९१५३ | ८१०१ | ८४.९३ | १२.९९ |
| | कूल राजस्व | १४०३१५ | १४०३१५ | ९५७१५ | १०६५३४ | ६८.२१ | -१०.१६ |
| ७ | अन्य प्राप्ति | ० | ० | ५३२४ | ४८५० | ०.०० | ९.७७ |
| | जम्मा राजस्व/प्राप्ति | १४०३१५ | १४०३१५ | १०१०३९ | १११३८४ | ७२.०१ | -९.२९ |

आर्थिक वर्ष २०७९/८० मा राजस्व व्यवस्थापन संग सम्वन्धित मुख्य कार्यहरु:

- आर्थिक वर्ष २०७९/८० को राजस्व नीति तथा कार्यक्रम एवम् कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।
- केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको ३ वटा बैठक बसी राजस्व चुहावट नियन्त्रण सम्बन्धमा सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको।
- सचिव (राजस्व) ज्यूको संयोजकत्वमा Mission Tax को ४ वटा बैठक बसी आन्तरिक राजस्व विभाग र भन्सार विभागलाई आवश्यक निर्देशन दिइएको।
- सचिव (राजस्व) ज्यूको संयोजकत्वमा गठित राजस्व परामर्श समितिको सचिवालयको कार्य गरी राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९ तयार गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को राजस्व सम्बन्धी नीति तथा कार्यक्रम तयारी।
- आर्थिक विधेयक, २०८० को तर्जुमा सम्वन्धी कार्य गरिएको।
- कोभिड १९ को महामारीबाट बढी प्रभावित भएका होटल, ट्राभल, ट्रेकिङ, चलचित्र व्यवसाय जस्ता पर्यटन क्षेत्रका उद्योगको आर्थिक वर्ष २०७८/७९ को उद्देश्यबमोजिमको व्यवसायिक करयोग्य आयमा ५० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था अन्तर्गत २०७९/८० चैत महिनासम्ममा ६२६ करदाताहरूले छुट सुविधा उपयोग गरेको।
- आन्तरिक राजस्व विभाग र कार्यालयहरूको आवश्यकता र दरबन्दी तेरिज समेतलाई मध्यनजर गरी नियमित रूपमा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी र सुदृढ बनाइएको।
- वस्तु वर्गीकरणको विषयमा विज्ञहरूको सहभागितामा राष्ट्रिय कार्यशाला सञ्चालन गरी दश जनाको Pool of Experts चयन गरिएको।
- विगत लामो समयदेखि बाँकी रहेको भन्सार एजेन्टको परीक्षा सम्पन्न गरी ६६० जना नयाँ थप गर्ने तयारी भएकोमा ६१८ जना भन्सार एजेन्टहरूलाई इजाजतपत्र प्रदान गरी आवश्यक तालिम समेत प्रदान गरिएको।

## ३.४ आर्थिक नीति तथा विश्लेषण

आर्थिक वर्ष २०७९/८० मा सम्पादित मुख्य कार्यहरु:

- आर्थिक, वित्तीय र मौद्रिक क्षेत्र सुधार (तरलता, बैङ्क व्याजदर, वित्तीय लागत न्यूनीकरण) सम्बन्धी सुझाव समितिको प्रतिवेदन, २०७९ अर्थ मन्त्रीज्यू समक्ष पेश गरिएको।
- आन्तरिक ऋण उठाउने प्रयोजनार्थ त्रैमासिक विभाजन सहितको आन्तरिक ऋण निष्काशन तालिका स्वीकृत भई २०८० असारसम्म रु.२ खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख आन्तरिक ऋण परिचालन गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ जारी भएको।
- आर्थिक सर्वेक्षण तर्जुमा दिग्दर्शन, २०७८ को पहिलो संशोधन गरी प्रकाशन गरिएको।
- सम्पत्ति शुद्धीकरण तथा आतकंवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तेस्रो पारस्परिक मूल्याङ्कन कार्य Nepal र APG Assessors बीच हुने Onsite Visit का सम्बन्धमा अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुबीच सोको तयारीका सम्बन्धमा श्रीमान् सचिवज्यूको संयोजकत्वमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- शेयर तथा ऋण लगानी नीति, २०७९ को मस्यौदा तयार गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावलीको मस्यौदा तयार भएको।
- Macro-economic Indicator र Macro-Economic Dashboard नियमित रूपमा अद्यावधिक गरिएको।
- आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण प्रकाशन गरिएको।
- लुम्विनी, गण्डकी, कोशी र सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक सर्वेक्षण तर्जुमामा यस महाशाखाबाट सहजीकरण गरिएको।
- आर्थिक वर्ष २०७८/७९ को अर्थ बुलेटिनको बार्षिक अंक प्रकाशन गरिएको साथै, मासिक रूपमा अर्थ बुलेटिनको प्रकाशन गरिएको।
- Fiscal Risk Register तयारीसम्बन्धी IMF SARTTAC बाट भौतिक उपस्थिति र भर्चुअल दुबै किसिमका तालिम सम्पन्न भई Macro-economic Risk, SOEs Risk, Natural Disaster Risk र Government Guarantee Risk सहितको Fiscal Risk Register तयार गरिएको।
- समसामयिक विषयहरूमा नीति सम्वाद (Policy Dialogue) अन्तर्गत "नेपालको तरलता व्यवस्थापनको विद्यमान अवस्था र भावी कार्यदिशा" विषय लगायतका विभिन्न विषयमा कार्यक्रम सञ्चालन गरिएको।
- Medium Term Fiscal Framework सम्बन्धी तालीम कार्यक्रम सम्पन्न भएको।
- जलवायु परिवर्तनले अर्थतन्त्रमा पार्ने प्रभाव सम्बन्धमा अन्तरक्रिया तथा तालिम कार्यक्रम सम्पन्न भएको।

- Ease of Doing Business का परिसूचकहरू मध्ये Paying Taxes परिसूचक अन्तर्गत देखिएका कैफियतहरूमा सुधार गर्नका लागि अल्पकालीन र मध्यम-दीर्घकालीन सुधारका क्षेत्रहरू पहिचान गरी तिनको कार्ययोजना तर्जुमा गरिएको।
- सुरक्षित कारोवार ऐन,२०६३ लाई संशोधन गर्ने मस्यौदा तयार भएको।
- Economic Lab को स्तरोन्नति गरिएको।
- Macro-Economic Modelling सम्बन्धी Advance तालिम सम्पन्न भएको।

## ३.५ बित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय

आर्थिक वर्ष २०७९/८० मा सम्पादित मुख्य कार्यहरु:

- शेयर तथा ऋण लगानी नीति, २०७९ को मस्यौदा तयार गरिएको।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावलीको मस्यौदा तयार भएको।
- सुरक्षित कारोवार ऐन, २०६३ लाई संशोधन गर्न मस्यौदा तयार भएको।
- Ease of Doing Business अन्तर्गत Paying Taxes सूचकका सूधारका लागि अल्पकालिन (Short Term Reform) र मध्यमकालिन सुधारको कार्ययोजना तर्जुमा गरिएको।
- दोश्रो वित्तीय क्षेत्र विकास रणनीति (२०७८/०७९-२०८२/८३) को मस्यौदालाई अन्तिम रुप दिने कार्य भइरहेको।
- निक्षेप सुरक्षणको सीमा मिति २०७९ साउन १ गते देखि रु पांच लाख रुपैंया पुर्याईएको ।
- धितोपत्र दर्ता तथा निस्काशन (छैठौ संसोधन) नियमावली, २०७९ कार्यान्वयन गरिएको।
- कर्जा सुरक्षण(तेस्रो संशोधन) नियमावली, २०७९ स्विकृत गरिएको ।
- सार्वजनिक संस्थान सुझाव समितिको गठन गरिएको।

**आर्थिक वर्ष २०७९/८० का मुख्य आर्थिक परिसूचकहरु**

| | | |
|---|---|---|
| **बैकिङ्क पहुँच** | प्रतिशत | ६१ |
| **वीमा पहुँच** | प्रतिशत | ३९ |
| **<u>कर्जा विस्तार</u>**<br>क. निक्षेप संकलन<br>ख. कर्जा लगानी | <br>रु.करोड<br>रु.करोड | <br>५५२८<br>४७७८ |

## ३.६ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

### आ.व २०७९/८० मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

(रु. अर्वमा)

| सहायताको प्रकृति | अनुदान सहायता | ऋण सहायता | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| द्विपक्षीय | ३.५३ | २३.७९ | २७.३२ | १८.७० |
| बहुपक्षीय | १९.४० | ९९.३८ | ११८.७८ | ८१.३० |
| जम्मा | २२.९३ | १२३.१७ | १४६.११ | १०० |

*स्रोतः म. ले. नि. का, २०८०*

### आर्थिक बर्ष २०७९/८० को सोधभर्नाको स्थिति

(रु. अर्वमा)

| शोधभर्ना विवरण | आ.व. २०७९/८० | | |
|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा |
| शोधभर्ना बक्यौता | १५.०६ | २१.८० | ३६.८६ |
| खर्च | १४.३० | ४२.७१ | ५७.०१ |
| शोधभर्ना प्राप्ति | १३.९३ | ५७.९८ | ७१.९१ |

*स्रोतः म. ले. नि. का, २०८०*

आर्थिक वर्ष २०७९/८० मा सम्पादित अन्य महत्वपूर्ण कार्यहरु:

- चालु आ.व. २०७९/८० मा ३७,५२,१० लाख अनुदान सहायता र १,१४,००,०० लाख अनुदान र ऋण सहायता प्राप्त गर्ने संझौतामा हस्ताक्षर सम्पन्न भएको ।
- नेपालको आवश्यकता र प्राथमिकतामा खर्च गर्ने गरी विश्व बैंकबाट १० करोड अमेरिकी डलर (करिब रू. १२ अर्ब ७५ करोड) बजेटरी सहायताका रुपमा प्राप्त गर्ने गरी सहुलियतपूर्ण ऋण प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न गरी प्राप्त रकम सडक पूर्वाधार क्षेत्रमा विनियोजन गरिएको ।

- सहरी ट्रान्समिशन र वितरण प्रणाली सुधारमा लागि जापान सरकारबाट १५ अर्ब ९० करोड जापानिज येन (करिब रू. १४ अर्ब २० करोड) सहुलियतपूर्ण ऋण प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न भएको ।
- **Nuts and Fruits in Hilly Areas Project** कार्यान्वयनका लागि एशियाली विकास बैंकबाट १ करोड ९० लाख अमेरिकी डलर (करिब रू. २ अर्ब ४७ करोड) अनुदान सहायता र ६ करोड अमेरिकी डलर (करिब रू. ७ अर्ब ७९ करोड) सहुलियतपूर्ण ऋण प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न भएको ।
- मानव जनशक्ति विकास छात्रवृत्री योजना अन्तर्गत नेपालमा कार्यरत पदाधिकारीलाई जापानका विश्व विद्यालयमा उच्च अध्ययन गराउ नका लागि छात्रवृत्री प्रदान गर्न जापान सरकारबाट ३७ करोड ६० लाख जापानिज येन (करिब रू. ३५ करोड) अनुदान सहायता स्वीकार गर्न सम्झौता सम्पन्न भएको ।
- तराई क्षेत्रको सिंचाई प्रणाली सुधारका लागि जापान सरकारबाट २ अर्ब २५ करोड जापानिज येन (करिब रू. २ अर्ब) अनुदान सहायता प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न भएको।
- कोरियामा काम गरी फर्कने कामदारहरुलाई नेपालमै व्यावसायिक क्षेत्रमा संलग्न गर्न गराउन र नेपाल प्रहरीको साईबर व्युरो स्थापना तथा क्षमता विकास गर्न कोरिया सरकारबाट अमेरिकी डलर १ करोड ६० लाख (करिब रू. २ अर्ब) अनुदान सहायता प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न भएको ।
- महिला सशक्तिकरणका लागि **Strengthening System to Protect & Uplift Women Project** कार्यान्वयनका लागि एशियाली विकास बैंकबाट अमेरिकी डलर १ करोड २० लाख (करिब रू. १ अर्ब ५७ करोड) अनुदान सहायता प्राप्त गर्न वित्तीय सम्झौता सम्पन्न भएको ।
- विकास सहायताको प्रभावकारिताको लागि विश्व साझेदारी **(Global Partnership for Effective Development Cooperation** ) को नेपालमा कार्यान्वयनको अवस्थाको अनुगमन **Multi-Stakeholder Development Dialogue** मार्फत औपचारिक रुपमा प्रारम्भ गरिएको ।
- विश्व बैंकको सहयोगमा संचालित विकास आयोजनाको संयुक्त प्रगति समीक्षा सम्पन्न भएको ।
- **Asian Development Fund (ADF-13)** को **Mid-Term Review Meeting** मा सहभागी भएको ।
- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वसन्तकालीन बैठकमा सहभागी भएको ।
- **International Aid Transparency Initiative** को डेनमार्कमा सम्पन्न बैठकमा सहभागी भएको ।
- स्वस्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा कार्यान्वयन गरिने **NQHS** (नेपाल गुणस्तर स्वास्थ्य सेवा) पहलका लागि १०० मिलियन ऋणको लागि विश्व बैंकसँग वार्ता सम्पन्न भएको ।
- अन्तर्राष्ट्रिय मुद्रा कोष तथा जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीको संयुक्त आयोजनामा सम्पन्न उच्चस्तरीय सम्मेलनमा सहभागी भएको ।
- विद्यालय क्षेत्र रूपान्तरण कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता सम्पन्न भएको ।

- आ.व.२०७९/८० को बैसाख देखि आषाढ सम्ममा रु.४ अर्ब ७८ करोड अनुदान सहायता र ६१ अर्ब ७४ करोड ऋण सहायता गरी जम्मा ६६ अर्ब ५२ करोड बैदेशिक सहायता प्राप्त गर्ने संझौतामा हस्ताक्षर सम्पन्न भएको ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा कार्यान्वयन गरिने **NQHS** (नेपाल गुणस्तर स्वास्थ्य सेवा) पहलका लागि १०० मिलियन अमेरिकी डलर ऋणको लागि विश्व बैंकसँग वार्ता सम्पन्न भएको ।
- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको लागि १०० मिलियन अमेरिकी डलर ऋणको लागि एशियाली बिकास बैंकसँग वार्ता सम्पन्न भएको ।
- विकास सहायताको प्रभावकारिता अभिबृद्धि गर्न **Multi-Stakeholder Development Dialogue** आयोजना गरी अनुगमन प्रारम्भ गरिएको ।
- एशियाली विकास बैंकको **Country Portfolio Review Meeting** सम्पन्न भएको ।
- विश्व बैकको सहयोगमा संचालित विकास आयोजनाको संयुक्त प्रगति समीक्षा सम्पन्न भएको ।
- **Asian Development Fund (ADF-१३)** को **Mid-Term Review Meeting** मा सहभागी भएको।
- अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त हुने **Extended Credit Facility** को पहिलो र दोश्रो समीक्षा सम्पन्न भएको ।
- स्थानीय विकास साझेदारहरुसंग प्रि-बजेट छलफल सम्पन्न भएको ।
- रुपान्तरणकारी माथिल्लो अरुण जलविद्युत आयोजनाको कार्यान्वयनको लागि वित्तीय श्रोत जुटाउने सम्बन्धमा सम्बन्धित विकास साझेदारहरुसंग छलफल सम्पन्न भएको।

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपालको प्रगति**

| विवरण | आयोजनाको कुल बजेट (करोडमा) | | | आयोजना कार्यान्वयन मिति अगाडीको वित्तीय प्रगति | |
|---|---|---|---|---|---|
| | आयोजना कार्यान्वयन मिति अगाडि | आयोजना कार्यान्वयन मिति पछि | जम्मा | रकम (करोडमा) | प्रतिशत |
| **समग्र** | ९६७ | ७,४०३ | ८,३७० | ५४३ | ५६.१५ |
| **आयोजनाहरु** | | | | | |
| **विद्युत प्रसारण** | ६८० | ६,३१४ | ६,९९४ | ३१४ | ४६.१८ |
| **सडक मर्मत** | ८१ | ५७९ | ६६० | २८ | ३४.५६ |
| **अन्य** | २०६ | ५१० | ७१६ | २०१ | ९७.५७ |

*सटही दरः १ अमेरिकि डलर बराबर रू १२०।०९ (खर्चको औषत दर)

## ३.७ वित्तीय सङ्घीयता व्यवस्थापन

आर्थिक वर्ष २०७९/८० मा सम्पादित मुख्य कार्यहरु:

- नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ माघ ४ गतेको निर्णयअनुसार आर्थिक वर्ष २०७८/०७९ मा प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज) को परिचालनबाट प्राप्त भएको रोयल्टी रकम रू. ६ अर्व २८ करोड ३३ लाख ९७ हजार अन्तर्गतको बाँडफाँट हुने रकम रू. ५ अर्व ७२ करोड २७ लाख ९५ हजार मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भई आएको सूत्रको आधारमा नेपाल सरकारलाई रू. ३ अर्व ४२ करोड १९ लाख ९९ हजार, सात प्रदेशलाई रू. १ अर्व ४३ करोड ६ लाख ९८ हजार र स्थानीय तहलाई रू.१ अर्व ४३ करोड ६ लाख ९८ हजार बाँडफाँट गरी पठाइएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ चैत १० गतेको निर्णयअनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (२) बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश तथा स्थानीय तहलाई राजस्वको बाँडफाँटको आधार र ढाँचाबमोजिम अनुमानित हिस्सा राजस्वतर्फ सात प्रदेशहरूलाई रू.७३ अर्व र ७५३ स्थानीय तहको लागि रू.७३ अर्व समेत गरी जम्मा राजस्व रू.१ खर्ब ४६ अर्व र वित्तीय समानीकरण अनुदानको रकम सात प्रदेशको हकमा रू.५८ अर्व ६६ करोड ७५ लाख र ७५३ स्थानीय तहको हकमा रू.८७ अर्व ३५ करोड २९ लाख समेत गरी जम्मा रू.१ खर्ब ४६ अर्व २ करोड ४ लाखको सीमा पठाइएको।
- अन्तर-सरकारी वित्त परिषद्को आठौं बैठक आयोजना गरी निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबै प्रदेशहरूमा पठाइएको।
- आर्थिक वर्ष २०७९/८० को लागि प्रदेश तथा स्थानीय तहलाई अन्तसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था र मार्गदर्शन तथा संशोधित मार्गदर्शन समेत तयार गरी सबै प्रदेश तथा स्थानीय तहलाई पठाइएको।
- सशर्त अनुदानलाई थप व्यवस्थित बनाउन स्थानीय तहको आवश्यकता समेतको आधारमा साधनस्रोत प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको।
- प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका अधुरा आयोजनाको विवरण तयार गरिएको।
- प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको उपयोग सम्बन्धी मापदण्ड र आधार तयार गरी मार्गदर्शन पठाइएको।
- आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी प्रदेशमा रु. ९९ अर्ब ६८ करोड र स्थानिय तहहरुमा रु. २ खर्ब ९८ अर्ब १५ करोड गरि कुल रू.३ खर्ब ९७ अर्ब ८४ करोड हस्तान्तरण भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश मा रु. १ खर्ब ९ अर्ब ४ करोड र स्थानीय तहलाई रु. २ खर्ब ९७ अर्ब २ करोड गरि यस्तो अनुदान गरी कुल रू.४ खर्ब ६० अर्ब ६ करोड हस्तान्तरण भएको थियो।

**अन्तर सरकारी वित्त हस्तान्तरण** (रू. करोडमा)

| विवरण | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह |
| **अनुदान** | **१०७४१** | **२५०५८** | **१०८३०** | **३०८०३** | **१०९०४** | **२९७०२** | **९९६८** | **२९८१५** |
| वित्तीय समानीकरण अनुदान | ५५३० | ८९९७ | ५५२० | ९६२२ | ५७९५ | ९४५७ | ५३७५ | ९२७० |
| सशर्त अनुदान | ४३९३ | १५१०१ | ४४८१ | १९१०६ | ४३२९ | १९१११ | ३७७८ | १९३२७ |
| समपूरक अनुदान | ४२३ | ४८४ | ४४१ | १२०८ | ४४३ | ४९८ | ४८४ | ५३१ |
| विशेष अनुदान | ३९५ | ४७७ | ३८९ | ८६६ | ३३७ | ६३५ | ३३१ | ६८७ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

## ३.८ मानव संशाधन

आर्थिक वर्ष २०७९/८० मा सम्पादित महत्वपूर्ण कार्यहरु:

- मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारिहरू (राजपत्राङ्कित द्वितीय श्रेणी तर्फका १७५ जना, राजपत्राङ्कित तृतीय श्रेणी तर्फका ६९४ जना र राजपत्र अनंकित तथा श्रेणीबिहीन तर्फ ५६ जना गरी जम्मा ९२४ जना कर्मचारीहरू) को वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी समयमा नै तोकिएका निकायहरूमा पठाइएको।
- लोकसेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि राजपत्राङ्कित द्वितीय श्रेणी, नेपाल प्रशासन सेवा, राजस्व समूह, उपसचिव वा सो सरहको रिक्त पद संख्या १५ (पन्ध्र) र प्राविधिक तर्फका राजपत्राङ्कित तृतीय श्रेणी, नेपाल ईन्जिनियरिङ सेवा, नेपाल कृषि सेवा, नेपाल विविध सेवाका शाखा अधिकृत वा सो सरहको रिक्त पद संख्या १४ (चौध) तथा नेपाल प्रशासन सेवा, राजस्व समूह, शाखा अधिकृत वा सो सरहको रिक्त पद संख्या ४७ (सतचालिस) को माग आकृति फाराम भरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको।
- मन्त्रालय र मातहतका कर्मचारीहरूलाई प्रचलित कानुनले तोकेको समयावधिभित्रै सम्पत्ति विवरण भरी पेश गर्न लगाइएको। साथै, मन्त्रालयमा करार सेवामा कार्यरत ३६ जना कर्मचारी र मन्त्रालय मातहतका सार्वजनिक संस्थान एवं बैंक तथा वित्तीय संस्था र विकास समितिमा कार्यरत ८,५८२ जना कर्मचारीहरूको सम्पत्ति विवरण मन्त्रालयमा दर्ता गरी अभिलेख राख्नुका साथै राष्ट्रिय सतर्कता केन्द्रको वेव पोर्टलमा प्रविष्टि गरिएको।
- यस मन्त्रालय र अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव देखि कार्यालय सहयोगी सम्मका कर्मचारीहरूलाई प्रचलित निजामती सेवा ऐन तथा मन्त्रालयको आवश्यकताको आधारमा पदस्थापन /सरूवा/कामकाज गर्न खटाइएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरीहरूका विषयमा छानविन तथा प्रतिक्रिया पठाउनका लागि सम्बन्धित निकायमा पठाइएको र प्राप्त राय तथा प्रतिक्रिया जानकारीका लागि पुनः आयोगमा पठाइएको।

- विभिन्न भन्सार कार्यालयबाट जफत भएका सहित चार पाङ्ग्रे १९ वटा र दुई पाङ्ग्रे १७ वटा गरी जम्मा ३६ वटा सवारी साधन नेपाल सरकारका विभिन्न सरकारी निकायलाई हस्तान्तरण सम्बन्धी निर्णय भई कार्यान्वयनका लागि लेखी पठाइएको।
- मन्त्रालय र मातहतका विभाग तथा कार्यालयको स्वामित्वमा रहेका मध्ये चार  वटा सवारी साधन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०५(३) बमोजिमको समितिको निर्णयको आधारमा सरकारी निकायलाई हस्तान्तरण गरिएको।
- स्वदेश तथा विदेशमा भर्चुअल माध्यमबाट सञ्चालन भएका विभिन्न तालिम/गोष्ठी/सेमिनारहरूमा यस मन्त्रालय र अन्तर्गत निकायबाट सहभागिताका लागि आवश्यक कर्मचारीहरू मनोनयन गरिएको।
- मानव संसाधन अभिलेख व्यवस्थापनको लागि HRMIS software मा नियमित रूपमा अभिलेख अद्यावधिक गरिएको।
- मन्त्रालय र मातहतका निकायहरूले प्रयोगमा ल्याएका LMBIS/BMIS/TSA/PLMBIS/PTSA विच अन्तर सञ्जाल निर्माण तथा स्तरोन्नती गर्न तथा निर्वाध रूपमा सञ्चालन गर्न, गराउन सहयोग, समन्वय र सहजीकरण गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको माग बमोजिम सेवाकालीन तालिम कार्यक्रममा सहभागी हुन यस मन्त्रालय र अन्तर्गतबाट ३८ जना कर्मचारीहरूलाई मनोनयन गरिएको।
- सार्वजनिक वित्त व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत स्वीकृत भएका कार्यक्रमहरू समयमा नै सम्पन्न गर्नका लागि बैठक लगायतका कार्यहरू गरी समन्वय, सहयोग र सहजीकरण गरिएको।
- मन्त्रालयमा रहेका जिन्सी मालसामानहरूको निरिक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार पारिएको। साथै, प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खरिद इकाई, बोलपत्र मूल्याङ्कन समिति गठन गरिएको।
- मन्त्रालयको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन मन्त्रालय परिसरमा जडित CCTV क्यामेराको क्षमता "सि.सी.टि.भी. जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७२" बमोजिम हुने गरी वृद्धि गरिएको। CCTV क्यामेराबाट कैद भएको दृश्यलाई ९० दिनसम्म संचित रहने गरी क्षमता वृद्धि गरिएको।
- प्रशासन महाशाखाको कार्यसञ्चालन निर्देशिका, २०७७ को संशोधित मस्यौदा, आन्तरिक नियन्त्रण निर्देशिकाको मस्यौदा र सवारी साधन व्यवस्थापन निर्देशिकाको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको।
- सरकारी निकायबाट सम्पादन हुने कार्यहरुलाई एउटै सूचना प्रविधि प्रणाली मार्फत सरल, सहज, छिटो, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी रुपमा सम्पादन गरी कागजरहित सरकारको अवधारणालाई कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल नेपाल फ्रेमवर्कको एक पहलका रुपमा सूचना प्रविधि विभागद्वारा विकास गरिएको एकिकृत कार्यालय व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धमा सूचना प्रविधि विभागको समन्वयमा मन्त्रालय र अन्तर्गत विभागमा कार्यरत कर्मचारीहरूलाई ADMIN LEVEL सम्बन्धि तालिम प्रदान गरिएको।
- मन्त्रालयको उच्चस्तरीय व्यवस्थापन समूह (SMT) को बैठकबाट निर्णय भएबमोजिम मन्त्रालय परिसरको पार्किङ्गस्थल व्यवस्थापन, भेटघाट, सुरक्षा प्रणालीमा देखिएका समस्याहरूको समाधानका लागि समितिबाट अध्ययन प्रतिवेदन प्राप्त भएको।
- यस मन्त्रालयले सञ्चालन गर्ने नेपाल लेखापरिक्षण सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका, निर्देशक, तृतीय श्रेणीका शाखा अधिकृतलाई लोक सेवा आयोगको सिफारिशमा नियुक्ति गरिएको। साथै, सोही सेवाका राजपत्र अनंकित प्रथम श्रेणी ना.सु. ८ (आठ) जनालाई राजपत्राङ्कित तृतीय श्रेणी, लेखापरिक्षण अधिकारी पदमा बढुवा नियुक्ति गरिएको।

- भन्सार ऐन बमोजिम विभिन्न भन्सार कार्यालयहरूबाट जफत भएका ७ (सात) थान चारपाङ्ग्रे तथा १० (दश) थान दुइपाङ्ग्रे सवारी साधन विभिन्न निकायले प्रयोग गर्ने गरी हस्तान्तरण गरिएको ।
- मन्त्रालयको स्वामित्वमा रहेको सबै चारपाङ्ग्रे सवारी सधानहरूमा इम्बोस्ड नम्बर प्लेट जडान गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को वजेट वक्तव्यसँगै संङ्घीय संसदमा पेश गर्नुपर्ने मन्त्रालयगत प्रगति विवरण, २०८० को तयार गरी प्रकाशन गरिएको।
- आर्थिक वर्ष २०८०/८१ को वजेटसँग सम्बन्धित मन्त्रालयगत प्रगति विवरण, २०८० तथा विभिन्न महाशाखाबाट प्राप्त आर्थिक सर्वेक्षण, बजेट वक्तव्य, सार्वजनिक संस्थानको वार्षिक स्थिति, बजेट आयव्यय अनुमान (रातो किताव), आर्थिक ऐन, प्राविधिक सहायता पुस्तिका, स्रोत पुस्तिका समेतका किताबहरू छपाइ गरी सरोकारवालाहरूलाई वितरण गरिएको।
- मन्त्रालय र मातहतका निकायहरूले प्रयोगमा ल्याएका LMBIS/BMIS/TSA/PLMBIS/PTSA बीच अन्तर सञ्जाल निर्माण तथा स्तरोन्नती गर्न तथा निर्वाध रूपमा सञ्चालन गर्न, गराउन सहयोग, समन्वय र सहजीकरण गरिएको।
- नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका ७५ जना नवनियुक्त शाखा अधिकृतहरुलाई अन्तर्गत विभागमा पदस्थापन गर्नुका अतिरिक्त अर्थ मन्त्रालय अन्तर्गत पदस्थापन भई आउनुभएका राजपत्राङ्कित, राजपत्र अनङ्कित तथा श्रेणी विहिन कर्मचारीहरूलाई आवश्यकतानुसार पदस्थापन/कामकाज/जिम्मेवारी तोकिएको।
- मन्त्रालय परिसरमा सञ्चालनमा रहेको Networking and Monitoring System लाई स्तरोन्नती गरिएको।
- सूचना प्रविधि विभागबाट निर्माण भएको GIOMS प्रणाली आंशिक रुपमा प्रयोगमा ल्याइएको।

अर्थ मन्त्रालयको बेरुजुको अवस्था

| **निकाय** | **२०७९/८० मा फछ्र्यौट गर्नुपर्ने बेरुजु** | **फछ्र्यौट रकम** | **फछ्र्यौट प्रतिशत** | **बाँकी बेरुजु** |
|---|---|---|---|---|
| अर्थ मन्त्रालय | १०९११ | ० | ०.०० | १०९११ |
| अर्थ मन्त्रालय (निजिकरण) | ५५७२७१ | ० | ०.०० | ५५७२७१ |
| महालेखा नियन्त्रक कार्यालय | ११६६१६४ | ० | ०.०० | ११६६१६४ |
| भन्सार विभाग | ६४१८४३४ | २०२६१६७ | ३१.५७ | ४३९२२६७ |
| आन्तरिक राजश्व विभाग | ४९६५५०४१ | २२१०७६१ | ४.४५ | ४७४४४२८० |
| सार्वजनिक वृत्त व्य. तथा तालिम केन्द्र | ४६१ | १२७ | २७.५५ | ३३४ |
| ऋण असूलि न्यायाधिकरण | ३ | ० | ०.०० | ३ |
| सार्वजनिक वित्त व्या. पे.फा. सचिवालय | १२९२ | ० | ०.०० | १२९२ |
| सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ५५८४३ | ० | ०.०० | ५५८४३ |

| निकाय | २०७९/८० मा फछ्यौंट गर्नुपर्ने बेरुजु | फछ्यौंट रकम | फछ्यौंट प्रतिशत | बाँकी बेरुजु |
|---|---|---|---|---|
| **जम्मा** | ५७८६५४२० | ४२३७०५५ | ७.३२ | ५३६२८३६५ |
| समितिहरुको बेरुजु | ४७३४३० | ० | ०.०० | ४७३४३० |
| कुल बेरुजु | ५८३३८८५० | ४२३७०५५ | ७.३२ | ५४१०१७९५ |

## ३.९ योजना, अनुगमन तथा मूल्याङ्कन

सम्पादित महत्वपूर्ण कार्यहरु

- आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि १४१ वटा माइलस्टोन्स सहितको कार्ययोजना तयार गरी मन्त्रालयहरुबाट भईरहेको कार्य प्रगतिको एकीकृत विद्युतीय अनुगमन प्रणाली मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मासिक प्रतिवेदन गर्ने गरिएको।
- आर्थिक वर्ष २०७९/८० को मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको लागि मन्त्रीपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा त्रैमासिक प्रतिवेदन गर्ने गरिएको।
- अर्थ सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सहसचिव अर्थ मन्त्रालय, महानिर्देशक, सडक विभाग समेतको अनुगमन टोलीले काठमाडौं तराइ द्रुतमार्ग आयोजनाको विभिन्न खण्डमा भईरहेको निर्माण कार्यको स्थलगत अनुगमन भएको।
- वजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन विषयगत मन्त्रालयका सचिव, योजना महाशाखा प्रमुख र आयोजना प्रमुख तथा अर्थ मन्त्रालयबीच आवश्यकता अनुसार सहजीकरण बैठक आयोजना गरी समिक्षा गरिएको।
- आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको नियमित रुपमा समिक्षा गरिएको।
- मन्त्रालयस्तरीय बिकास समस्या समाधान समिति (MDAC) एवं त्रैमासिक एवं बार्षिक बजेट समिक्षा नियमित रुपमा सम्पन्न गरिएको।
- सूचनाको हक सम्बन्धी ऐन बमोजिम अर्थ मन्त्रालयसंग सम्बन्धित विवरण त्रैमासिक रुपमा सार्वजनिकीकरण गरिएको।
- मन्त्रालयहरुबाट भईरहेको कार्य प्रगतिको एकीकृत विद्युतीय अनुगमन प्रणाली मार्फत प्रतिवेदन तथा अनुगमन गर्ने कार्य भएको।

- संबिधानको धारा ५३ तथा सुशासन ऐन बमोजिमको वार्षिक प्रतिवेदन भाद्र महिनामा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको।
- गुनासो तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत विगुल, हेलो सरकार आदिबाट प्राप्त गुनासो तथा माग गरिएका सूचनाको नियमित रुपमा व्यवस्थापन गरिएको साथै नियमितरुपमा पत्रकार भेटघाट गरी सूचना सम्प्रेषण गरिएको।
- माननीय मन्त्रीज्यू तथा मन्त्रालयका सचिवहरु एवं महालेखा नियन्त्रकबीच कार्यसम्पादन सम्झौता गराइएको साथै मन्त्रालयका सचिव तथा महाशाखा प्रमुख एवं बिभागीय प्रमुखहरुबीच समेत कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको।

## ३.१० कानून तथा फैसला कार्यान्वयन

आर्थिक वर्ष २०७९/८० मा सम्पन्न भएका मुख्य कार्यहरु:

- यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका १४९ वटा रिटहरुको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय, मार्फत सर्वोच्च अदालतमा र उच्च सरकारी वकीलको कार्यालय, पाटन, ललितपुर मार्फत उच्च अदालत पाटनमा दर्ता गरिएको।
- यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएको रिट नं. ०७९-WO-१७८७ को प्रतिउत्तरपत्र तयार गरी जिल्ला सरकारी वकील कार्यालय, सप्तरीमा दर्ता गरिएको।
- कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बैङ्किङ्ग कसूर तथा सजाय ऐन २०६४ लाई संशोधन गर्न बनेको विधेयक र भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकहरुको सङ्घीय संसदमा पेश गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको।
- भन्सार महसुल सम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष मिति २०८०।०२।०७ मा प्रस्ताव पठाइएको।
- आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० को मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०८०।२।१४ मा तर्जुमा सहमति प्राप्त गरी तयार भएको विधेयकको प्रस्ताव मिति २०७९।२।१५ मा मन्त्रिपरिषद्मा पेश गरिएको र सोही मितिमा मन्त्रिपरिषद्बाट स्वीकृत भई उक्त विधेयकहरु सङ्घीय संसदमा पेश भएको।
- मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८०, अन्तःशुल्क (चौबिसौं संशोधन) नियमावली, २०८०, भन्सार (चौधौं संशोधन) नियमावली, २०८०, आयकर (चौधौं संशोधन) नियमावली, २०८० र मदिरा (तेस्रो संशोधन) नियमहरु, २०८० को मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रायबाट मिति २०८०।२।१४ मा तर्जुमा सहमति प्राप्त भएको र मिति २०८०।२।१५ मा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएकोमा मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात उक्त नियमावलीहरु र सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि

पठाइएको र तहाँबाट सम्पादन भई आएपछि नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।२।१८ मा मुद्रण विभागमा पठाईएको।

- भन्सार ऐन, २०६४ को दफा ९ बमोजिम जारी हुने नेपालबाट बाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु जाँचपास सम्बन्धी सूचना मिति २०८०।२।१५ मा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएकोमा मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात उक्त सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि पठाइएको र तहाँबाट सम्पादन भई आएपछि नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।२।१८ मा मुद्रण विभागमा पठाईएको।
- सामयिक कर असुल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको आदेशको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि पठाइएको र तहाँबाट सम्पादन भई आएपछि नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।२।२८ मा मुद्रण विभागमा पठाईएको।
- सुरक्षित कारोबार (पहिलो संशोधन) ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८०।०३।०५ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- नेपाल धितोपत्र तथा विनिमय आयोग विधेयक नयाँ निर्माण गर्न सैद्धान्तिक सहमतिका लागि मिति २०८०।०३।१९ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली, २०८० को मस्यौदामा तर्जुमा सहमतिका लागि मिति २०८०।०३।२८ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको ।
- विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी सूचनाको मस्यौदा थान-५३ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आएको र नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि मुद्रण विभागमा पठाइएको।
- यस मन्त्रालयका विभिन्न महाशाखाबाट राय माग भएका मुख्य मुख्य ३२२ वटा विषयमा राय परामर्श दिएको।

## ३.११ आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन (Milestones) को प्रगति

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२ | किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन एक लघु वित्त कोष स्थापना गरिने। कोषमा बैङ्क तथा वित्तीय संस्थाले अनिवार्य रूपमा विपन्न क्षेत्र तथा कृषि उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा तर्फको रकम लगानी गर्नुपर्ने व्यवस्था हुने। उक्त कोषमा नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा | • किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन एक लघु वित्त कोष स्थापना गर्नेसम्बन्धी कार्यविधिको मस्यौदा तयार भएकोमा स्वीकृत हुन नसकेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | कोषबाट समेत निश्चित रकम लगानी गर्ने व्यवस्था मिलाइने। यसबाट कृषि उत्पादनका लागि वित्तीय पहुँच अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने। | |
| ३३ | नेपाल सरकारको स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गरिने। यसबाट स्थानीय तहमा किसान, युवा, दलित र महिलाहरूलाई घरदैलोमै कृषि तथा अन्य उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलव्ध हुने। | • नेपाल सरकारको स्वामित्व रहेको ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गर्नेसम्बन्धी कार्य भइरहेको। |
| २१४ | सरकारले निर्माण गर्ने ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निष्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाइने। | • ठूला र रूपान्तरणकारी पूर्वाधार आयोजनामा लगानी गर्ने गरी हरित ऋणपत्र निष्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउने विषयसँग सम्बन्धित विनियमावली नेपाल सरकार,मन्त्रिपरिषद्मा पेश भएको। |
| ३१८ | विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जाको ब्याजदरमा थप एक प्रतिशत विन्दुले छुट दिइने। | • विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी वासिन्दाले पिछडिएको क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा प्रदान गरिने सहुलियतपूर्ण कर्जासम्बन्धी मस्यौदा तयार भई संशोधन हुन नसकेको। |
| ३२० | नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षकीय दायरा बाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी र गैर-सरकारी संस्थाहरूको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न दोस्रो तहको नियामक निकाय स्थापना गर्ने। | • यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट अध्ययन भइरहेको। |
| ३२४ | भुक्तानी प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउन आधुनिक उपकरणहरूको उपयोग गर्दै वित्तीय कारोबारलाई विद्युतीय प्रणालीमा आधारित बनाइने। तीनै तहका सरकारी कोषमा प्राप्त हुने सबै प्रकारका राजस्व तथा उक्त कोषबाट वितरण हुने निवृत्तभरण, सामाजिक सुरक्षा भत्ता, अनुदान लगायतका सबै प्रकारका भुक्तानीहरू अनिवार्य रूपमा बैंकिङ प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउने। | • Connect Ips, E-sewa, Khalti जस्ता भुक्तानी सेवा प्रदायकलाई राजस्व भुक्तानी प्रणालीमा आवद्ध भएको । सुत्रमा राजस्व व्यवस्थापन प्रणाली विकास भई ७९ वटा स्थानीय तहमा कार्यान्वयनमा आएको तथा अन्य स्थानीय तहमा कार्यान्वयनको लागि ७ वटै प्रदेश अन्तर्गतका कोलेनिकाहरुलाई TOT मार्फत् तालिम प्रदान गरिसकिएको। कट्टी भएको धरौटी रकम सम्वन्धित खातामा EFT माध्यमबाट दाखिला हुने व्यवस्था भैसकेको र अग्रिम करको रकम सम्वन्धमा बाँकी रहेको। नेपाल टेलिकम र विद्युत प्राधिकरणसँग प्रणाली आवद्धताको लागि सम्झौता भई कार्य अघि बढेको। प्रणालीहरु बीचमा Integration गर्ने कार्य भएको र Ploting को क्रममा रहेको। |
| ३२५ | दोस्रो वित्तीय क्षेत्र विकास रणनीति कार्यान्वयनमा ल्याउने। वित्तीय प्रणालीमा स्थिरता कायम गरी आन्तरिक लगानी प्रवर्द्धन गर्न र तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खुला बजार कारोवार स्थिरीकरण कोषको व्यवस्था गर्ने। विदेशी विनिमयमा हुने उतारचढावबाट नेपालमा हुने वैदेशिक लगानीमा पर्ने जोखिम न्यून गर्न हेजिङ कोष स्थापना गर्ने। | • दोस्रो वित्तीय क्षेत्र विकास रणनीतिको मस्यौदा तयार भएको। वित्तीय प्रणालीमा स्थिरता कायम गरी आन्तरिक लगानी प्रवर्द्धन गर्न र तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खुला बजार कारोवार स्थिरीकरण कोषको व्यवस्था गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कबाट कार्य भइरहेको। हेजिङ्ग कोष स्थापना सम्बन्धमा कानुनी व्यवस्था भई प्रक्रिया अघि बढेको। |
| ३२६ | राष्ट्रिय बीमा नीति र विपद् जोखिम बीमा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने। एक परिवार एक बीमा अवधारणालाई साकार पार्न आवश्यक कार्यक्रम | • राष्ट्रिय बीमा नीतिको मस्यौदा तयार भएको। विपद् जोखिम बीमा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अध्ययन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालन गरी स्थानीय तहसम्म बीमाको पहुँच विस्तार गरिने। बीमा महाविपत्ति बण्ड जारी गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने। | |
| ३३० | धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइने। वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा दश प्रतिशत सेयर आरक्षित गरिने। | • धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न नीतिगत र कानुनी व्यवस्था भएको। वैदेशिक रोजगारीमा गएका नेपालीका हकमा कार्यान्वयनमा आएको। |
| ३३१ | वस्तु विनिमय बजार र यसका पूर्वाधारहरू सञ्चालनमा ल्याउने। संस्थागत तथा सरकारी ऋणपत्रहरूको दोस्रो बजार कारोबारलाई व्यवस्थित गरी ऋणपत्र बजारको विकास गरिने। उद्यमशिलता तथा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटललाई सञ्चालन अनुमति दिई सहजीकरण गरिने। | • वस्तु विनिमय बजार र यसका पूर्वाधार सञ्चालनमा ल्याउने सम्बन्धमा नीतिगत र कानूनी व्यवस्था भइरहेको। निजी इक्विटी तथा भेञ्चर क्यापिटल सञ्चालन भएको। |
| ३३२ | एक अर्व रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा ५ अर्व रूपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीहरूलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने व्यवस्था गरिने। | • एक अर्व रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा पाँच अर्व रूपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने पब्लिक लिमिटेड कम्पनीलाई धितोपत्रको सार्वजनिक निष्काशन गरी सूचीकृत हुनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन आवश्यक कानुनी व्यवस्थाका लागि मस्यौदा तयार भएको। |
| ३३३ | निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सञ्चालित सुरक्षण कार्यक्रम र लघु बीमा सहयोग कार्यक्रमको दायरा विस्तार गरिने। निक्षेप बीमाको विद्यमान सीमा रू.३ लाखबाट वृद्धि गरी रू. ५ लाख पुर्‍याइने। | • निक्षेप बीमाको सीमा वृद्धि गरी रू.पाँच लाख बनाइएको। |
| ३४३ | सार्वजनिक सम्पत्तिको अभिलेख र व्यवस्थापन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने। | • Public Asset Management System (PAMS) Upgrade सम्बन्धमा Steering Committee गठन भएको। सम्पत्तिसम्बन्धी म.ले.प.फाराम परिमार्जन भइरहेको। |
| ३४८ | सङ्घीयता कार्यान्वयनको पाँच वर्षको अभ्यासको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ संशोधन गरिने। वित्तीय सङ्घीयतालाई थप सुदृढ बनाउन समानीकरण अनुदानको अंश क्रमशः वृद्धि गर्दै सशर्त अनुदानलाई राष्ट्रिय नीति तथा महत्त्वका कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ हस्तान्तरण गर्ने व्यवस्था मिलाएको। समपूरक र विशेष अनुदानको आवधिक मूल्याङ्कन गरिने। वित्तीय सङ्घीयतासम्बन्धी क्षमता विकास कार्य योजना बनाई लागू गरिने। | • मस्यौदा तयार भई विभिन्न चरणमा छलफल भइरहेको। |
| ३७० | नेपाल सरकारका मन्त्रालय र निकायहरू अन्तर्गत छरिएर रहेका कोषहरूलाई एकीकृत गर्नुका साथै आवश्यक नदेखिएका कोषहरू खारेज गरिने। | • कोषहरूको विवरण सङ्कलन र अद्यावधिक गर्ने कार्य भइरहेको। |
| ३७१ | आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिकहरू र गैर आवासीय नेपालीलाई लक्षित गरी ऋणपत्र जारी गरिने। मध्यमकालीन ऋण | • आन्तरिक ऋण परिचालन गर्दा वैदेशिक रोजगारीमा गएका नागरिक र गैर आवासीय नेपालीलाई लक्षित गरी ऋणपत्र जारी गर्ने कार्य भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्थापन रणनीति, २०७८-८१ को आधारमा वार्षिक ऋण योजना बनाई कार्यान्वियन गरिने। | |
| ३७२ | समष्टिगत वित्तीय जोखिम कम गर्न वित्तीय जोखिम रजिष्टर राख्ने व्यवस्था मिलाइने। | • Macroeconomic Risk, SOEs Risk, Natural Desaster Risk and Government Gurantee Risk Register तयार गरिएको। |
| ३७३ | पुँजीगत खर्च हुन नसक्ने समस्याको पहिचान गर्न अध्ययन गर्ने। | • बजेट तथा कार्यक्रम महाशाखाका सहसचिवको नेतृत्वमा ७ सदस्यीय समिति गठन गरी चालु खर्चमा मितव्ययिता कायम गरी पुँजीगत खर्च वृद्धि गर्न सम्बन्धित पूर्वाधार मन्त्रालयहरूसँग नियमित छलफल तथा सहजीकरण समेत गरिएको। |
| ३८० | आगामी आर्थिक वर्ष सरकारी कार्यालयको लागि सवारी साधन खरीद गरिने छैन। मर्मत सम्भार गर्दा समेत सञ्चालनमा नआउने सवारी साधन अनिवार्य रूपमा लिलामी गर्ने व्यवस्था मिलाइने। | • मन्त्रालयको स्वामित्वमा रहेको सवारी साधनहरूको लगत विवरण तयार भएको। निर्देशिकाको मस्यौदा तयार भएको। |
| ३८१ | सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन सार्वजनिक गर्ने। | • सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन सार्वजनिक गरिएको। |
| ३८८ | सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्वर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने। | • सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्वर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने व्यवस्था अनुरूप ८ हजार ७४९ निकायलाई स्थायी लेखा नम्वर प्रदान गरिएको। |
| ३८९ | नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दा कै वखत व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने। नावालिग नागरिक समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्म दर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था मिलाउने। | • नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दाकै बखत व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान हुने व्यवस्था कार्यान्वयनका लागि अन्तर-निकाय संयुक्त समिति गठन भई अध्ययनको मस्यौदा प्रतिवेदन तयार भइसकेको। नावालिग नागरिकलाई समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरूलाई जन्मदर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था मिलाई विभागको एकीकृत कर प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९० | नेपालमा काम गर्न श्रम सहमति वा कार्य सहमति प्राप्त गरेका विदेशी नागरिकलाई पारिश्रमिक कर लगायत अन्य करको दायरामा ल्याउन श्रम स्वीकृति तथा भिसा नवीकरण गर्दा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिने। | • नेपालमा काम गर्न श्रम सहमति वा कार्य सहमति प्राप्त गरेका विदेशी नागरिकलाई पारिश्रमिक कर लगायत अन्य करको दायरामा ल्याउन श्रम स्वीकृति तथा भिसा नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| ३९१ | पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्वर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिने, चार पाङ्ग्रे सवारी साधन खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्वर पेश गर्नुपर्ने व्यवस्था गरिने। | • पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने तथा चार पाङ्ग्रे सवारी खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्बर पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| ३९२ | नेपाल वाहिरबाट विद्युतीय सन्जालहरूको प्रयोग गरी नेपालभित्र आर्थिक क्रियाकलाप सञ्चालन हुने क्रम वढ्दै गएको सन्दर्भमा त्यस्ता व्यवसाय वा कारोवारलाई करको दायरामा ल्याउने। | • नेपाल बाहिरबाट विद्युतीय सञ्जालहरूको प्रयोग गरी नेपालभित्र आर्थिक क्रियाकलाप सञ्चालन हुने क्रम बढ्दै गएको सन्दर्भमा त्यस्ता व्यवसाय वा कारोवारलाई करको दायरामा ल्याउन आर्थिक ऐन, २०७९ को दफा २० अनुसार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | Digital Sevice Tax (DST) सङ्कलन गर्ने कार्यविधि निर्माण एवम् प्रणालीगत सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९४ | चार पाङ्ग्रे विद्युतीय सवारी साधन उत्पादन वा एसेम्वल गर्ने नया उद्योग स्थापना गरेमा सो उद्योगले कारोवार शुरू गरेको मितिले ५ वर्षसम्म ४० प्रतिशत आयकर छुट दिने। | • चार पाङ्ग्रे विद्युतीय सवारी साधन उत्पादन वा एसेम्बल गर्ने नयाँ उद्योग स्थापना गरेमा सो उद्योगले कारोबार शुरू गरेको मितिले पाँच वर्षसम्म ४० प्रतिशत आयकर छुट दिने व्यवस्था आर्थिक ऐन, २०७९ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९५ | नेपाल वाहिर सफ्टवेयर, विद्युतीय सेवा, विजनेस प्रोसेस आउटसोर्सिङ वा यस्तै प्रकृतिका सूचना प्रविधिमा आधारित सेवा प्रदान गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई सो बमोजिमको आयमा एक प्रतिशत मात्र कर लाग्ने व्यवस्था मिलाउने। | • नेपाल बाहिर सफ्टवेयर, विद्युतीय सेवा, विजनेस प्रोसेस आउटसोर्सिङ वा यस्तै प्रकृतिका सूचना प्रविधिमा आधारित सेवा प्रदान गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई सो बमोजिमको आयमा एक प्रतिशतमात्र कर लाग्ने व्यवस्था आर्थिक ऐन, २०७९ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९६ | कोभिड-१९ को महामारीबाट बढी प्रभावित साना व्यवसायीलाई राहत प्रदान गर्न आर्थिक वर्ष २०७८/७९ को आयमा वार्षिक ३० लाख रूपैयाँसम्मको कारोवार भएका करदातालाई ७५ प्रतिशत छुट प्रदान गर्ने व्यवस्था मिलाउने, कोभिड-१९ को महामारीबाट बढी प्रभावित साना व्यवसायीलाई राहत प्रदान गर्न आर्थिक वर्ष २०७८/७९ को आयमा वार्षिक ३० लाखदेखि १ करोड रूपैयाँसम्मको कारोवार भएका करदातालाई ५० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था मिलाउने। | • कोभिड १९ को महामारीबाट प्रभावित साना व्यवसायीलाई राहत प्रदान गर्न आर्थिक वर्ष २०७८/७९ को आयमा वार्षिक ३० लाख रूपैयाँसम्मको कारोबार भएका करदातालाई ७५ प्रतिशत र वार्षिक ३० लाखदेखि १ करोड रूपैयाँसम्मको कारोबार भएका करदातालाई ५० प्रतिशत आयकर छुट प्रदान गर्ने व्यवस्था अनुरूप आ.व २०७९/८० मा डे-०१ तर्फ ५ लाख ९३ हजार २१७ र डे-०२ तर्फ ५८ हजार ४६२ करदाताले छुट सुविधा प्राप्त गरेका। |
| ३९७ | कोभिड-१९ को महामारीबाट बढी प्रभावित भएका होटल, ट्राभल, ट्रेकिङ, चलचित्र व्यवसाय जस्ता पर्यटन क्षेत्रका उद्योगको आर्थिक वर्ष २०७८/७९ को उद्देश्यबमोजिमको व्यावसायिक करयोग्य आयमा ५० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था मिलाउने। | • कोभिड-१९ को महामारीबाट बढी प्रभावित भएका होटल, ट्राभल, ट्रेकिङ, चलचित्र व्यवसाय जस्ता पर्यटन क्षेत्रका उद्योगको आर्थिक वर्ष २०७८/७९ को उद्देश्य बमोजिमको व्यावसायिक करयोग्य आयमा ५० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था अनुरूप उक्त आ.व २०७९/८० मा ६८८ करदाताले उक्त सुविधा उपभोग गरेका। |
| ३९८ | कृषि कार्यका लागि आवश्यक पर्ने यन्त्र, उपकरण वा पाटपूर्जा उत्पादन गर्ने कृषि औजार कारखाना नेपालमा नै खोल्न प्रोत्साहन गर्न यस्तो उद्योग स्थापना गरेमा कारोवार सञ्चालन भएको मितिले पाँच वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने व्यवस्था मिलाउने। | • कृषि कार्यका लागि आवश्यक पर्ने यन्त्र, उपकरण वा पाटपूर्जा उत्पादन गर्ने कृषि औजार कारखाना नेपालमा नै खोल्न प्रोत्साहन गर्न यस्तो उद्योग स्थापना गरेमा कारोबार सञ्चालन भएको मितिले ५ वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने व्यवस्था आर्थिक ऐन, २०७९ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |
| ३९९ | कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा १०० जनाभन्दा बढी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने गरी विशेष उद्योग स्थापना गरेमा सो उद्योगले कारोवार शुरू गरेको मितिले १५ वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने व्यवस्था मिलाउने। | • कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा १०० जनाभन्दा बढी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने गरी विशेष उद्योग स्थापना गरेमा सो उद्योगले कारोबार शुरू गरेको मितिले १५ वर्षसम्म आयकर पूर्ण रूपमा छुट दिने व्यवस्था आर्थिक ऐन, २०७९ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |
| ४०० | साहित्यिक लेख वा रचनाको रोयल्टी स्वरूप प्राप्त हुने लेख रचनामा १ दशमलव ५ प्रतिशतमात्र अग्रिम कर कट्टी हुने व्यवस्था मिलाउने। | • साहित्यिक लेख वा रचनाको रोयल्टी स्वरूप प्राप्त हुने लेखकस्वमा १ दशमलव ५ प्रतिशतमात्र अग्रिम कर कट्टी हुने व्यवस्था आर्थिक ऐन, २०७९ मार्फत आयकर ऐन, २०५८ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४०७ | नेपाली मदिराको विश्वस्तरमा ब्राण्डिङ्ग गरी निकासी प्रवर्द्धन समेतमा सहयोग पु-याउन गुणस्तरीय र उच्च कोटीको मदिरा उत्पादनका लागि ह्विस्कीको माल्ट मेचुरेशन गर्न सक्ने व्यवस्था गरिने। | • नेपाली मदिराको विश्वस्तरमा ब्राण्डिङ्ग गरी निकासी प्रवर्द्धन समेतमा सहयोग पुर्‍याउन गुणस्तरीय र उच्च कोटीको मदिरा उत्पादनका लागि स्प्रीट मेचुरेशन गर्न सक्ने व्यवस्था कार्यान्वयन गर्न ४० ओ.पी. भन्दा कम शक्ति भएको स्प्रिट उत्पादन गर्ने इजाजतपत्रवालाले रेक्टिफाइड स्प्रीटको मेचुरेशन गर्न सक्ने गरी अन्तःशुल्क निर्देशिका संशोधन गरिएको। |
| ४११ | सघन र प्रभावकारी अनुगमन मार्फत राजस्व चुहावटलाई नियन्त्रण गर्न र करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न आगामी आर्थिक वर्ष २०७९/८० लाई बजार अनुगमन वर्षको रूपमा मनाउने। | • सघन र प्रभावकारी अनुगमन मार्फत राजस्व चुहावटलाई नियन्त्रण गर्न र करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न आगामी आर्थिक वर्ष २०७९/८० लाई बजार अनुगमन वर्षको रूपमा मनाउने व्यवस्था भए अनुरूप उक्त आ.व २०७९/८० मा १७११७ करदाताको कारोबारस्थलमा अनुगमन सम्पन्न गरिएको। |
| ४१२ | अन्य व्यक्तिका नाममा व्यवसाय दर्ता गरी कर छली गर्ने प्रवृत्ति समेत देखिएको हुँदा यस्तो कार्यलाई निरूत्साहित गरिने। व्यवसाय संचालकका सम्वद्ध विवरणहरू वायोमेट्रिक प्रणालीमा अद्यावधिक गरिने। | • अन्य व्यक्तिका नाममा व्यवसाय दर्ता गरी कर छली गर्ने प्रवृत्ति समेत देखिएको हुँदा यस्तो कार्यलाई निरूत्साहित गर्न व्यवसाय सञ्चालकका सम्बद्ध विवरणहरू वायोमेट्रिक प्रणालीमा अद्यावधिक गरिने व्यवस्था अनुरूप उक्त आ.व २०७९/८० मा साविकमा आयकरमा मात्र दर्ता भएका ७०८६२ र मूल्य अभिवृद्धि करमा समेत दर्ता भएका २२६२१ करदातालाई वायोमेट्रिक प्रणालीमा अद्यावधिक गरिएको। |
| ४१३ | नेपाल आयल निगमसँग समन्वय गरी पेट्रोल पम्पहरूलाई अनिवार्य रूपमा रियल टाईममा आधारित विद्युतीय वीजक जारी गर्ने व्यवस्था क्रमशः लागू गरिने। | • १० करोडभन्दा बढी कारोबार गर्ने पेट्रोल पम्पहरूलाई अनिवार्यरूपमा स्वीकृत विद्युतीय बीजक निर्देशिका बमोजिम विद्युतीय बीजक जारी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| ४१४ | हाल वियर उत्पादन गर्ने प्रतिष्ठानमा मात्र फ्लोमिटरको व्यवस्था रहेकोमा वाइन तथा मदिरा उत्पादन गर्ने प्रतिष्ठानमा समेत फ्लोमिटर जडान गर्ने व्यवस्था गरिने। | • हाल वियर उत्पादन गर्ने प्रतिष्ठानमा मात्र फ्लोमिटरको व्यवस्था रहेकोमा वाइन तथा मदिरा उत्पादन गर्ने प्रतिष्ठानमा समेत फ्लोमिटर जडान गर्नु पर्ने व्यवस्था गरिने सम्बन्धमा जडित क्षमताका आधारमा प्रतिष्ठानहरूको प्रोफाइलिङ्ग भइरहेको र अध्ययन कार्यदल गठन गरी थप अध्ययन कार्य भइरहेको। |
| ४१६ | सूचना प्रविधिको विकाससँगै कर प्रणालीमा पछिल्लो समयमा देखिएका अवसर र चुनौतीहरू सम्वोधन गर्न आवश्यक संरचनागत र कानुनी व्यवस्था गरिने। | • मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको निकासीसम्बन्धी प्रावधान र मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम १६ को सेवा आपूर्तिको स्थानका सम्बन्धमा अध्ययन गर्न कार्यदल गठन भई सेवा खरिद प्रक्रिया (वाह्य परामर्शदाता) नियुक्ति भई अध्ययनको कार्य भइरहेको। |
| ४१७ | सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेको करको प्रशासन तथा सङ्कलन कार्यलाई व्यवस्थित गरी दोहोरोपन हुन नदिन अध्ययन गरी आवश्यक प्रबन्ध गरिने। | • सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेको करको प्रशासन तथा सङ्कलन कार्यलाई व्यवस्थित गरी दोहोरोपन हुन नदिन अध्ययन प्रतिवेदन प्राप्त भई कार्यान्वयनको क्रममा रहेको। |
| ४१८ | अन्तःशुल्कजन्य वस्तु उत्पादन गर्ने भौतिक नियन्त्रणमा रहेका प्रतिष्ठानलाई विद्युतीय माध्यमबाट समेत अनुगमन तथा नियमन गर्ने प्रणाली विकास गरिने। | • अन्तःशुल्कजन्य वस्तु उत्पादन गर्ने भौतिक नियन्त्रणमा रहेका प्रतिष्ठानलाई विद्युतीय माध्यमबाट समेत अनुगमन तथा नियमन गर्ने प्रणाली विकास गर्ने व्यवस्था बमोजिम विभिन्न प्रतिष्ठानहरूमा २६५ थान IP Camera जडान गरी विद्युतीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | माध्यमबाट समेत अनुगमन तथा नियमन गर्ने प्रणाली प्रारम्भ भइसकेको। |
| ४१९ | प्रमुख भन्सार कार्यालयहरूमा अहस्तक्षेपकारी निरीक्षण उपकरणको प्रयोग गरी भेहिकल स्क्यानिङ लगायतका सेवा शुरू गरिने। निकासी वा पैठारी सङ्केत नम्बर एक्जिम कोड लिनुपर्ने वर्तमान कानूनी व्यवस्थालाई पूनरावलोकन गरी अन्तराष्ट्रिय व्यापार सहजीकरणमा थप योगदान गर्दै व्यवसायीलाई अझ बढी उत्प्रेरणा हुने गरी एवम् लगानीका लागि श्रोत परिचालनमा समेत योगदान पुग्ने गरी आवश्यक व्यवस्था गरिने। | • प्रमुख भन्सार कार्यालयहरूमा अहस्तक्षेपकारी निरीक्षण उपकरण प्रयोग गरी भेहिकल स्क्यानिङ्गको सेवा शुरू गर्न देशको प्रमुख भन्सार कार्यालयहरूमा भेहिकल स्क्यानरको सेवा खरिदका लागि वोलपत्र सम्बन्धि कागजात तयार गरी सहमतिका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाइएको। साथै, निकासी-पैठारी सङ्केत नम्बर (EXIM CODE) सम्बन्धी रहेको विद्यमान व्यवस्था पुनरावलोकन गर्ने विषयमा कार्यदल गठन गरी निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको। |
| ४२० | आगामी आय वर्षभित्र आय विवरण बुझाई करचुक्ता गरेका सबै किसिमका करदाताहरूले आफ्नो करचुक्ताको प्रमाणपत्र स्वयं प्रिन्ट गर्नसक्ने प्रणालीको विकास गरिने। | • आय विवरण बुझाई करचुक्ता गरेका सबै किसिमका करदाताहरूले आफ्नो करचुक्ताको प्रमाणपत्र स्वयं प्रिन्ट गर्न सक्ने प्रणालीको विकास गरिने व्यवस्था बमोजिम डे-०१ र डे-०२ आय विवरण दाखिला गर्ने करदाताले आफ्नो करचुक्ताको प्रमाणपत्र स्वयं प्रिन्ट गर्न सक्ने प्रणाली कार्यान्वयन गरिसकिएको र डे-०३ र डे-०४ आय विवरण दाखिला गर्ने करदाताको हकमा प्रस्तुत व्यवस्था कार्यान्वयन गर्ने विषयमा अध्ययन भइरहेको। |

## आर्थिक वर्ष २०७९/८० मा अर्थ मन्त्रालय अन्तर्गत रहेका माइलस्टोनको प्रगति स्थिति

| | |
|---|---|
| कुल माइलस्टोन संख्या | १४१ |
| **असारसम्म सम्पन्न हुनु पर्ने माइलस्टोन** | १४१ |
| **सम्पन्न हुनु पर्नेमध्ये सम्पन्न माइलस्टोन** | ६१ |
| **सम्पन्न हुनु पर्नेमध्ये काम भइरेहका माइलस्टोन** | ७६ |
| **सम्पन्न हुनु पर्नेमध्ये शुरु नभएका माइलस्टोन** | ४ |

**महालेखा नियन्त्रक कार्यालय**

## आर्थिक वर्ष २०७९/८० मा सम्पादन भएका मुख्य मुख्य कार्यहरू:

- मिति २०७९।१०।११ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ स्वीकृत भई लागु।
- मिति २०७९।०८।२० मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड स्वीकृत भई लागु।
- नेपाल सरकारबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान लागु गर्न तथा तीन तहको सरकारको लेखाङ्कन र प्रतिवेदनमा समसामयिक सुधार गर्न साविकको नेपालको सरकारी लेखा फाराम, २०७६ मा गरिएको पहिलो संशोधन सहितको लागि आवश्यक पर्ने लेखा ढाँचा महालेखापरीक्षकबाट मिति २०८०।०२।३० गते स्वीकृत भई आ.व. २०८०/८१ को साउनको १ गतेदेखि लागू भएको।
- स्थानीय तहको आन्तरिक राजस्व संकलन गर्ने कार्यलाई सुरक्षित, विश्वसनिय तथा व्यवस्थित गर्नको लागि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा राजस्व व्यवस्थापन उपप्रणाली विकास गरी आ.व. २०७९/८० को अन्तिमसम्ममा १५४ वटा स्थानीय तहहरूमा कार्यान्वयनमा ल्याईएको छ।
- महालेखा नियन्त्रक कार्यालयबाट विकास भई गरी सञ्चालनमा रहेका प्रणालीहरूमा आवश्यकता अनुसार निरन्तर स्तरोन्ती गरी सोही अनुसार कर्मचारीको क्षमता विकास गर्दै कार्यान्वयनमा ल्याइएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५ मा सुधार गरी तीन तहको सरकारको लागि नयाँ आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तयारी सम्बन्धी कार्य भइ रहेको छ।
- संचित कोष व्यवस्थापन, सोधभर्ना अभिलेख व्यवस्थापन र सो को प्रतिवेदनको लागि आवश्यक प्रणाली विकास सम्बन्धी कार्य भईसकेको छ।
- कार्यालयले तयार गरेको आर्थिक बर्ष २०७९।०८० को वार्षिक कार्यक्रम कार्यान्वयन योजना अनुसार कार्याक्रमहरू सम्पन्न गर्ने गरिएको।
- ७ वटै प्रदेश भित्रका संघ, प्रदेश र स्थानीय तहका १२२ जना (महालेखा नियन्त्रक कार्यालयका सहभागी बाहेक) सहभागी सहित प्रदेश स्तरीय गोष्ठी सञ्चालन।
- संघ र प्रदेशमा कार्यरत १६६७ जना कर्मचारीलाई CGAS, TSA तथा RMIS प्रणाली सञ्चालन सम्बन्धि क्षमता विकास तालिम प्रदान।
- कोलेनिका, प्रलेनिका तथा स्थानीय तहका आलेप शाखामा कार्यरत ६७३ जना कर्मचारीहरूका लागि आन्तरिक लेखापरीक्षण सम्बन्धी क्षमता विकास तालिम प्रदान।
- संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत २५९ जना कर्मचारीलाई PAMS सम्बन्धि क्षमता विकास तालिम प्रदान।
- स्थानीय तहमा कार्यरत १४८१ जना कर्मचारीलाई SuTRA सञ्चालन सम्बन्धी क्षमता विकास तालिम प्रदान।
- लेखा समूहका ८४ जना (रा.प. द्वितिय श्रेणी-१२, रा.प. तृतिय- ५० र रा.प.अ.नं. प्रथम र द्वितिय-२२) कर्मचारीलाई सेवाकालिन तालिमको लागि सिफारिस।

- विभिन्न आयोजनामा कार्यरत ४२ जना (११ महिला र ३१ पुरुष) कर्मचारीहरूलाई आयोजना लेखा र २२ जना (४ महिला र १८ पुरुष) कर्मचारीलाई सोधभर्ना सम्बन्धि क्षमता विकास तालिम।
- महालेखा नियन्त्रक कार्यालयमा कार्यरत कर्मचारीहरूको लागि Advance Excel (30 जना) र सकारात्मक सोच (३० जना) सम्बन्धि तालिम सञ्चालन।
- सबै स्थानीय तहमा स्थानीय तह कोष व्यवस्थापन प्रणाली (सुत्र) मा विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer-EFT) ६१२ स्थानिय तहमा लागु।
- विभिन्न मन्त्रालयमा रहेका कोषहरू विवरण संकलन र एकिकृत विवरण तयार गरी प्रतिवेदन पेश।
- नेपाल सरकार र प्रदेश सरकारले कट्टी गरेका धरौटी रकम सम्बन्धित खातामा विद्युतीय माध्यमबाट दाखिला हुने व्यवस्था गर्न प्रणालीको स्तरोन्नती गरी कार्यन्वयन।

## आन्तरिक राजस्व विभाग

### आर्थिक वर्ष २०७९/८० मा सम्पादित मुख्य मुख्य कार्यहरु

- संघ,प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्वर लिई विद्युतीय माध्यमवाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने नीति अनुरुप यस अवधिमा १००२८ विभिन्न निकायहरुलाई WPAN वितरण गरिएको,
- नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दाकै वखत व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान गर्ने सम्बन्धमा अध्ययन गर्न गठिन संयुक्त समितिले अध्ययनको मस्यौदा प्रतिवेदन आवश्यक सुझावका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा पठाएको।
- नावालिग नागरिक समेत लगानी वा व्यवसायमा संलग्न भएमा उनीहरुलाई जन्म दर्ता वा नावालिग परिचयपत्र र अभिभावकको परिचय पत्रको आधारमा स्थायी लेखा नम्वर प्रदान गर्ने व्यवस्था एकीकृत कर प्रणालीमा समेत सुधार गरी कार्यान्वयनमा ल्याइएको,
- विद्युतीय सेवा कर (Digital Service Tax) तथा गैरबासिन्दा व्यक्तिले प्रयोग गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि करसम्बन्धी कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याइएको। यस अवधिमा देहाय बमोजिमका ९ गैरबासिन्दा सेवा प्रदायकहरु दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरी रु. ९.४० करोड कर दाखिला गरेको:
- Connect IPS मार्फत राजस्व भुक्तानी गर्दा विगतमा सीमा तोकिएकोमा जतिसुकै रकम कर तिर्न सकिने व्यवस्था गरी e-payment को दायरा विस्तार गरिएको,
- पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताले आर्थिक वर्ष २०७७/७८ सम्मको आफ्नो कारोबार घोषणा गरी वास्तविक कारोबार अङ्क फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७९ साल चैत मसान्तभित्र (म्याद थप भई २०८० बैशाख मसान्त कायम भएको) प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको विक्री रकमको एक दशमलव पाँच प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुने आर्थिक ऐन, २०७९ को दफा २९ मा भएको व्यवस्था अनुरुप २९,६६२ करदाताबाट रू.६०,३७,९४,४६१७९। बराबरको कारोबार फरक घोषणा गरी रु.९१,३७,९९,४७२। राजस्व संकलन भएको,

- पूर्वानुमानित र कारोबारका आधारमा आय विवरण दाखिला गर्ने करदाताले विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिएको र उक्त प्रमाणपत्रको आधिकारिकता विभागको वेभसाइटबाट जाँच गर्न मिल्ने गरी प्रणालीमा व्यवस्था गरिएको,
- अन्तःशुल्कजन्य वस्तु उत्पादन गर्ने भौतिक नियन्त्रणमा रहेका प्रतिष्ठानलाई विद्युतीय माध्यमबाट समेत अनुगमन तथा नियमन गर्ने प्रणाली विकास गर्ने नीति अनुरुप विभिन्न प्रतिष्ठानमा गरी २६५ IP Camera जडान गरी विद्युतीय माध्यमबाट अनुगमन प्रारम्भ गरिएको,
- अन्तःशुल्कतर्फ आवधिक रुपमा विवरण पेश गर्नुपर्ने प्रतिष्ठानको कार्यालयगत विवरण एकीकृत कर प्रणालीमा तयार गरिएको र त्यस्ता प्रतिष्ठानले पेश गरेको विवरणको सारांश (Return Details) समेत एकीकृत कर प्रणालीबाट प्राप्त हुने गरी प्रणालीमा विकास गरिएको,
- आर्थिक बर्ष २०७९/०८० मा ६६ वटा उद्योग प्रतिष्ठानहरुलाई मदिराका १८६, चुरोटका ४, बिंडीको १ र अन्य सूर्तीजन्य वस्तुका ३३ गरी कुल २२४ वटा ब्राण्डका वस्तु उत्पादन गर्न व्यावसायिक उत्पादनको पूर्व स्वीकृति प्रदान गरिएको,
- मदिराजन्य, चुरोट तथा गुट्खा उत्पादन गर्ने सबै प्रतिष्ठान, वार्षिक रु. ५ करोडभन्दा बढिको कारोबार गर्ने अन्य सुर्तीजन्य वस्तुको उत्पादन गर्ने प्रतिष्ठान तथा रु. १० करोडभन्दा बढिको वार्षिक कारोबार गर्ने अन्य सबै करदातालाई अनिवार्य रुपमा विभागले सूचीकृत गरेको विद्युतीय विजक सम्बन्धी सफ्टवेयर प्रयोग गरी विजक जारी गर्नुपर्ने व्यवस्था लागू गरिएको।
- विद्युतीय माध्यमबाट पेश भएको श्रोतमा करकट्टीको विवरणका आधारमा रु. ४० लाखभन्दा बढि भुक्तानी प्राप्त गरेका तर डे-०४ आय विवरण दाखिला नगरेका व्यक्तिगत स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाताको आर्थिक वर्ष अनुसारको कार्यालयगत विवरण एकीकृत कर प्रणालीमा तयार गरिएको।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.३५ करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप २१०० भन्दा बढी करदातालाई प्रणालीमा आबद्ध गरिएको। उक्त प्रणालीमा २०८० असार मसान्तसम्ममा जम्म २८०५ करदातालाई आबद्ध गराइएको।
- सघन र प्रभावकारी अनुगमनमार्फत राजस्व चुवाहटलाई नियन्त्रण गर्न र करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न आगामी आर्थिक वर्ष २०७९/८० लाई वजार अनुगमन वर्षको रुपमा मनाउने नीति अनुरुप यस अवधिमा १७२०० भन्दा बढि करदाताको कारोबारस्थलमा भ्रमण गरी अनुगमन गरिएको,
- झुठ्ठा तथा नक्कली विजकको प्रयोग गरी कर छलि सम्बन्धमा विगतमा भएका अनुसन्धानबाट प्राप्त तथ्याङ्क समेतका आधारमा ९.९३ अर्ब रकमको झुठ्ठा तथा नक्कली विजक प्रयोगको अवधि समेत खुल्ने विस्तृत विवरणसहित थप १९८६ करदाताको अनुसन्धानका लागि कार्यालयहरुमा पठाइएको,
- करदाताले व्यवसाय बन्द गरी दर्ता खारेजीका लागि निवेदन पेश गरेको तर विगत लामो समयदेखि दर्ता खारेजी हुन बाँकी रहेका २८४०० भन्दा बढि करदाताको दर्ता खारेजी सम्पन्न गरिएको।

- विभिन्न सुरक्षण विशेषता सहितको अन्तःशुल्क स्टीकर छपाई गरी सहज एवं व्यवस्थित आपूर्तिका लागि Global Tender मार्फत भारतको मद्रास सेक्युरिटी प्रिन्टर्सलाई ९ अर्ब ७७ लाख थान स्टीकर छपाई गरी आपूर्ति गर्ने कार्यादेश दिइएको र उक्त प्रा.लि.बाट पहिलो चरणको आपूर्ति गर्ने क्रममा रहेको,
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (तेस्रो संशोधन) तथा अन्तःशुल्क निर्देशिका (चौथो संशोधन) स्वीकृत गरी लागू गरिएको,
- ४५ मध्ये ४४ कार्यालयहरुको राजस्व संकलन तथा कार्यगत परिसूचकहरुको प्रगति सम्बन्धी विस्तृत अनुगमन सम्पन्न गरिएको।

## भन्सार विभाग

### आर्थिक वर्ष २०७९/८० मा सम्पादित प्रमुख कार्यहरू:

### क. व्यापार सहजीकरण सम्बन्धी कार्य

आर्थिक वर्ष २०७९/८० मा व्यापार सहजीकरणका लागि गरेका प्रयासहरु देहाय बमोजिम रहेका छन्:

- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको भारत भ्रमणको क्रममा नेपालगञ्जस्थित एकीकृत जाँचचौकी (ICP) र बिराटनगरस्थित एकीकृत जाँचचौकी (ICP) सम्म कार्गो रेल वे सेवाको सुभारम्भ भएको छ।
- विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता तथा विश्व भन्सार संगठनको संशोधित क्योटो अभिसन्धिको साधारण अनुसूची परिपालनाका लागि नयाँ भन्सार ऐनको मस्यौदा तर्जुमा गरीएको छ।
- राष्ट्रिय भन्सार व्यापार सहजीकरण समिति मार्फत सरोकारवालाहरुसँग अन्तर्क्रिया गर्न बैठक आयोजना गरी विभिन्न विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने गरिएको छ।
- भन्सार ऐन, २०६४ को दफा ८९ क मा भएको व्यवस्था अनुरुप व्यापार सहजीकरणका लागि अन्य मुलुकका भन्सार प्रशासनसँग भन्सार सहयोग सम्झौता (CMAA) गर्न भारतको भन्सार प्रशासनसँग भन्सार सहयोग सम्बन्धी सम्झौता प्रक्रिया अघि बढाइएको छ।
- ASYCUDA WORLD लागू भएका २८ वटा भन्सार कार्यालयहरुमा विद्युतीय माध्यमबाट राजस्व भुक्तानी हुने व्यवस्था मिलाइएको छ।
- सर्वसाधारण र सरोकारवालालाई आवश्यक पर्ने भन्सारसँग सम्बन्धित जानकारी तथा सेवा प्रवाह सम्बन्धी विवरण नियमित रुपमा वेबसाइटमा र विभागको आधिकरिक फेसबुक पेजमा अद्यावधिक गर्ने व्यवस्था मिलाइएको छ।
- भन्सार विन्दुमा अन्तरदेशीय व्यापार गर्दा लाग्ने समयको अध्ययन सम्बन्धमा WCO को सहयोगमा वीरगञ्ज तथा विराटनगर भन्सार कार्यालयको Time Release Study गर्ने तयारी गरिएको छ।
- सेवाग्राहीहरुको भन्सार प्रशासनबाट प्रवाह हुने सेवा सम्बन्धी जिज्ञासाको समाधान गर्न निरन्तर रुपमा सेवाग्राही सेवाकक्षबाट सेवा प्रवाह भइरहेको छ।
- भन्सार जाँचपासलाई सबल तथा निश्पक्षता कायम गर्न विभागबाट नियमित अनलाईन अनुगमन गरी कार्यालयहरुलाई पृष्ठपोषण प्रदान गरिएको छ।

- भन्सारका विविध पक्षहरुको अवस्था अध्ययन गरी समस्या समाधान गर्न तथा मूल्याङ्कनमा एकरुपता ल्याइ सहजीकरणको लागि २ पटक भन्सार व्यवस्थापन गोष्ठी आयोजना गरिएको छ ।
- भन्सार प्रशासनको सेवा प्रवाहबाट सेवाग्राहीको सन्तुष्टी मापन गर्नको लागि सेवाग्राही सन्तुष्टी सर्भेक्षणको लागि बेशलाईन सर्भेक्षण सम्पन्न गरिएको छ।
- समन्वयात्मक सीमा व्यवस्थापन मार्फत वैदेशिक व्यापार र राष्ट्रिय आपूर्ति श्रृङ्खलामा आबद्ध निकायहरुबीच समन्वय गरी सहजीकरण गर्न समन्वयात्मक सीमा व्यवस्थापन सम्बन्धमा अध्ययन सम्पन्न गरिएको छ।
- भन्सारमा सदाचारिताको मापन गर्न विश्व भन्सार संगठनको सहायतामा दोश्रो Customs Integrity Perception Survey सम्पन्न गरिएको छ।

## ख. राजस्व सङ्कलन सम्बन्धी कार्य

- भन्सार विभागको लागि आर्थिक वर्ष २०७९/८० मा रु ६ खर्ब ६८ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा कुल रु. ३ खर्ब ९० अर्ब राजस्व सङ्कलन गरी लक्ष्यको तुलनामा ५८.४२ प्रतिशत राजस्व सङ्कलन भएको थियो।
- भन्सार प्रशासनबाट आर्थिक वर्ष २०७९/८० मा सङ्कलित कुल राजस्व मध्ये रु. १ खर्ब ७३ अर्ब ५० करोड १७ लाख भन्सार महसुल (लक्ष्यको तुलनामा ५६.०७%), रु. १ खर्ब ७३ अर्ब ५ करोड ८९ लाख मूल्य अभिवृद्धि कर (लक्ष्यको तुलनामा ६७.०१%), रु. ३२ अर्ब ३३ करोड ३७ लाख अन्तःशुल्क (लक्ष्यको तुलनामा ४०.४८%) सङ्कलन भएको थियो। यस्तै रु. ७ अर्ब ५३ करोड ५३ लाख सडक मर्मत तथा सुधार दस्तुर, रु. ४ अर्ब २७ करोड ३७ लाख सडक निर्माण तथा सम्भार दस्तुर वापत सङ्कलन भएको छ।
- आर्थिक वर्ष २०७८/७९ मा सङ्कलित राजस्वमध्ये भन्सार महसुलको हिस्सा ४४.४१ प्रतिशत, मू.अ. करको ४४.२९ प्रतिशत अन्तःशुल्क ८.२८ प्रतिशत, सडक मर्मत तथा सुधार दस्तुर १.९३ प्रतिशत र सडक निर्माण तथा सम्भार दस्तुर १.०९ प्रतिशत रहेको छ।

## भन्सार जाँचपासमा जोखिम व्यवस्थापनको प्रयोग

जोखिममा आधारित भन्सार जाँचपास प्रणाली हाल १५ वटा भन्सार कार्यालयहरुमा बिस्तार गरिएको छ भने यसलाई क्रमशः बढाउँदै लैजाने नीति अख्तियार गरिएको छ। छनौट प्रणाली (Selectivity) अन्तर्गत हाल रातो, हरियो र पहेंलो गरी तीन वटा मार्ग सञ्चालनमा रहेका छन्। जोखिम व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सिलसिलामा विगतमा भन्सार कार्यालयहरुबाट हुँदै आएको Selectivity Update सम्बन्धी कार्य भन्सार विभागबाट हुँदै आएको छ। भन्सार विभागमा उपमहानिर्देशकको अध्यक्षतामा केन्द्रीय जोखिम व्यवस्थापन समिति र स्थानीयस्तरमा भन्सार प्रमुखको अध्यक्षतामा जोखिम व्यवस्थापन एकाई क्रियाशील रहेका छन्।

## Selectivity Update गर्ने मापदण्ड

मालवस्तु, मालवस्तुको उपयोग, उत्पत्तिको मुलुक, वर्गीकरण शीर्षक, उपशीर्षक, भन्सार मूल्याङ्कन, ढुवानीको साधन, मालवस्तु पुग्ने स्थान, पैठारी/निकासीकर्ताहरुको शाख तथा अनुपालनस्तर, भन्सार एजेण्टको विश्वसनीयता, राजस्व जोखिम, सामाजिक सुरक्षा जस्ता विभिन्न सूचकहरुको आधारमा Risk Profile तयार गरी

सोको विश्लेषणको आधारमा Selectivity Update गरिने गरिएको छ। भन्सार विभागबाट Selectivity Update सम्बन्धी कार्य गर्दा सबै भन्सार कार्यालयहरुको कार्यमा एकरुपता आउनुका अतिरिक्त कार्यालयहरुको कार्यबोझमा पनि कमी आएको देखिएको छ।

## जोखिम व्यवस्थापनको अवस्था

आ.व. २०७९/८० मा छनौट प्रणालीको कार्यान्वयनको अवस्था हेर्दा व्यापार मूल्यको आधारमा आधारमा हरियोमा २०.८३ प्रतिशत, पहेंलोमा ४६.४७ प्रतिशत र रातोमा ३२.३९ प्रतिशत रहेको थियो भने राजस्व असुलको आधारमा हरियोमा २६.०१ प्रतिशत, पहेंलोमा ३०.८७ प्रतिशत र रातोमा ४३.०२ प्रतिशत रहेको थियो।

## विभागबाट WAN को माध्यमबाट प्रत्यक्ष अनुगमन

Wide Area Network (WAN) का माध्यमबाट भन्सार कार्यालयमा हुने काम कारवाही र जाँचपास सम्बन्धी घोषणालाई विभागबाट सोझै अनुगमन गर्न सकिने व्यवस्था गरिएको छ। यसलाई ASYCUDA World लागू भएका सबै भन्सार कार्यालयहरुमा विस्तार गरिएको छ। भन्सार कार्यालयमा जाँचपासको लागि घोषणा भएका प्रज्ञापनपत्रको विभागबाट प्रत्यक्ष रुपमा अनुगमन गरी वर्गीकरण/मूल्याङ्कन र अन्य प्रक्रिया अनुगमन गरी फरक पाइएमा तत्काल सच्याउन निर्देशन दिने गरिएको छ।

## IP Camera को प्रयोग

नियन्त्रण र निगरानीको पाटोलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सबै ठूला भन्सार कार्यालयहरुलाई IP Camera (Internet Protocol) को माध्यमबाट जोडिएको छ। यसमा इन्टरनेटको माध्यमबाट भन्सार कार्यालयमा भएका गतिविधिलाई सोझै विभागबाट अनुगमन गर्न सकिने व्यवस्था मिलाइएको छ । यसले गर्दा व्यापार व्यवसाय गर्ने निकासी पैठारीकर्ता तथा भन्सार एजेण्टलाई सही घोषणा गर्न तथा भन्सारका कर्मचारीलाई आफ्नो कार्यसम्पादनमा थप सचेतना ल्याउन मद्दत पुगेको छ।

## सीमा व्यवस्थापन

भन्सार प्रशासनले सीमामा रही सीमा सुरक्षा र समाजको सुरक्षाको काम समेत गर्दै आइरहेको छ। सीमामा रहेका अध्यागमन, नेपाल सशस्त्र प्रहरी, नेपाल प्रहरी, विभिन्न क्वारेन्टाइनहरु, स्थानीय तह, स्थानीय प्रशासन जस्ता निकायसँग आवश्यक समन्वय गर्दै आएको छ। नेपालको भन्सार प्रशासन र छिमेकी देशको सीमावर्ती भन्सार प्रशासनसँग समेत निरन्तरको बैठक र छलफलद्वारा संदिग्ध व्यापार व्यवसाय एवम् चोरी निकासी पैठारी नियन्त्रणका लागि सूचना आदानप्रदान गरी व्यापार विचलन र अनधिकृत व्यापार नियन्त्रणको प्रयास गरेको छ। गुणस्तररहित वस्तुको आयातमा निरुत्साहन, न्यून गुणस्तर भएका तथा मानव स्वास्थ्यको लागि हानिकारक र वातावरणीय असर गर्ने मालवस्तुको पैठारी नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाइएको छ।

## सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र

**आर्थिक वर्ष २०७९/८० को प्रमुख कार्यहरु:**

- आर्थिक वर्ष २०७९/८० मा सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रले सेवाकालीन तालिम अन्तर्गत सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी उपसिचवस्तरीय सेवाकालीन तालिम-१, राजस्व प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम-१, आर्थिक प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम-३ र आर्थिक प्रशासन सम्बन्धी सहायकस्तरीय सेवाकालीन तालिम-४ गरी ९ वटा तालिमबाट २६६ परिक्षार्थी दीक्षित भएका छन्।

- आर्थिक वर्ष २०७९/८० मा अल्पकालीन तालिम अन्तर्गत १७ वटा तालिम सञ्चालन भई ५०७ परिक्षार्थी दीक्षित भएका छन्। त्यसैगरी, सेवा प्रवेश तालिम अन्तर्गत ६ वटा तालिम सञ्चालन भई १५५ परिक्षार्थी दीक्षित भएका छन्।साथै, तालिम आवश्यकता पहिचान सम्बन्धी २२ वटा क्रियाकलापहरु सञ्चालन भएका छन्।

| सि.नं. | कार्यक्रमको विवरण | वार्षिक लक्ष्य (संख्यामा) | आषाढ महिनाको प्रगति (संख्यामा) | आषाढ महिना सम्मको प्रगति (संख्यामा) | आषाढ महिनाको सहभागी (संख्यामा) | आषाढ महिना सम्मको सहभागी (संख्यामा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **१** | **सेवाकालीन तालिम सञ्चालन** | **१०** | - | **९** | - | **२६६** | |
| १.१ | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी उपसिचवस्तरीय सेवाकालीन तालिम, २०७९ | १ | - | १ | - | २६ | |
| १.२ | राजस्व प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम, २०७९ | १ | - | १ | - | ३२ | |
| १.३ | आर्थिक प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवाकालीन तालिम, २०७९ | २ | - | ३ | - | ९४ | |
| १.४ | राजस्व प्रशासन सम्बन्धी सहायकस्तरीय सेवाकालीन तालिम, २०७९ | १ | - | - | - | - | |
| १.५ | आर्थिक प्रशासन सम्बन्धी सहायकस्तरीय सेवाकालीन तालिम, २०७९ | ४ | - | ४ | - | ११४ | |

| सि.नं. | कार्यक्रमको विवरण | वार्षिक लक्ष्य (संख्यामा) | आषाढ महिनाको प्रगति (संख्यामा) | आषाढ महिना सम्मको प्रगति (संख्यामा) | आषाढ महिनाको सहभागी (संख्यामा) | आषाढ महिना सम्मको सहभागी (संख्यामा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.६ | सहायकस्तरीय सेवाकालीन तालिम, २०७९ | १ | - | - | - | - | |
| **२** | **अल्पकालीन तालिम सञ्चालन** | **१६** | - | **१७** | **-** | **५०७** | |
| २.१ | राजस्व प्रशासन सम्बन्धी अल्पकालीन तालिम | ८ | - | ८ | - | २२१ | |
| २.२ | आर्थिक प्रशासन सम्बन्धी अल्पकालीन तालिम | ८ | - | ९ | - | २८६ | |
| **३** | **सेवा प्रवेश तालिम सञ्चालन** | **२** | **६** | **६** | **१५५** | **१५५** | |
| ३.१ | राजस्व प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवा प्रवेश तालिम, २०७९ | १ | ३ | ३ | ७४ | ७४ | |
| ३.२ | आर्थिक प्रशासन सम्बन्धी अधिकृतस्तरीय सेवा प्रवेश तालिम, २०७९ | १ | ३ | ३ | ८१ | ८१ | |
| ४ | प्रशिक्षक प्रशिक्षण (TOT) तालिम सञ्चालन | २ | - | १ | २१ | २१ | |
| **५** | **तालिम आवश्यकता पहिचान** | **२०** | | **२२** | **-** | **-** | |
| ५.१ | राजस्व प्रशासन सम्बन्धी तालिम आवश्यकता पहिचान गर्ने | १० | | १२ | - | - | |
| ५.२ | आर्थिक प्रशासन सम्बन्धी तालिम आवश्यकता पहिचान गर्ने | १० | | १० | - | - | |
| **६** | **तालिम पाठ्यक्रम निर्माण तथा परिमार्जन** | **२०** | **-** | **२०** | **-** | **-** | |
| ६.१ | राजस्व प्रशासन सम्बन्धी तालिम पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने | १० | - | १० | - | - | |
| ६.२ | आर्थिक प्रशासन सम्बन्धी तालिम पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने | १० | - | १० | - | - | |
| **७** | **तालिम म्यानुअल निमार्ण/विकास** | **२** | **-** | **२** | **-** | **-** | |

| सि.नं. | कार्यक्रमको विवरण | वार्षिक लक्ष्य (संख्यामा) | आषाढ महिनाको प्रगति (संख्यामा) | आषाढ महिना सम्मको प्रगति (संख्यामा) | आषाढ महिनाको सहभागी (संख्यामा) | आषाढ महिना सम्मको सहभागी (संख्यामा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७.१ | राजस्व प्रशासन सम्बन्धी तालिम म्यानुअल निमार्ण/विकास गर्ने | १ | - | १ | - | - | |
| ७.२ | आर्थिक प्रशासन सम्बन्धी तालिम म्यानुअल निमार्ण/विकास गर्ने | १ | - | १ | - | - | |
| ८ | सार्वजनिक वित्त सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने/गराउने | ३ | - | - | - | - | |
| ९ | समसामयिक विषयमा गोष्ठी तथा अन्तरक्रिया (Talk Program) ;ञ्चालन गर्ने | १ | - | - | - | - | |
| १० | राजस्व पत्रिका प्रकाशन गर्ने | २ | १ | २ | - | - | |
| ११ | केन्द्रको पाँचवर्षीय रणनीतिक योजनाको मस्यौदा तयार गर्ने | १ | - | - | - | - | |
| १२ | तालिम निर्देशक समितिको बैठक आयोजना गर्ने | १ | - | १ | - | - | |
| १३ | कर्मचारीको क्षमता विकासका लागि ड्राइभिङ्ग, कम्प्युटर, भाषा र अन्य तालिम सञ्चालन गर्ने | १ | - | - | - | - | |
| १४ | ISO सर्टिफिकेटको सर्भिलेन्स परीक्षण गराउने | १ | - | - | - | - | |
| १५ | तालिम केन्द्रको स्थापना दिवश मनाउने | १ | - | - | - | - | |
| १६ | वार्षिक समिक्षा गोष्ठी तथा आगामी वर्षको वार्षिक कार्ययोजना तर्जुमा गर्ने | १ | १ | १ | - | - | |

## सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

### आर्थिक वर्ष २०७९/८० को प्रमुख कार्यहरु:

- सार्वजनिक ऋण नियमावलीको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको।
- Debt Management Performance Assessment (DeMPA) विश्व बैंङ्कको टिमद्वारा सम्पन्न गरेको।
- शेयर तथा ऋण लगानी नीति तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गरिएको।

- मध्यकालिन सार्वजनिक ऋण व्यवस्थापन रणनीति तयारीको कार्य गरेको।
- ऋण बुलेटिन प्रकाशन गरिएको।
- सरकारको लगानीको विवरणको थप खोजीकार्य शुरु भएको।

# परिच्छेद - चार

# मुलुकको अर्थतन्त्रको अवस्था र प्रवृत्ति मूल्याङ्कन

## ४.१ मुलुकको आर्थिक अवस्था

### ४.१.१ समष्टिगत आर्थिक परिसूचक

| शीर्षक | आ. ब. २०७८/७९ असार मसान्तसम्म | आ. ब २०७९/८० असार मसान्तसम्म | वृद्धिदर | कैफियत |
|---|---|---|---|---|
| कुल निर्यात (रु.करोडमा) | २०००३ | १५७१४ | -२१.४% | घटेको |
| कुल आयात (रु.करोडमा) | १९२०४५ | १६११७३ | -१६.१% | घटेको |
| व्यापार घाटा (रु.करोडमा) | १७२०४२ | १४५४५९ | -१५.५% | घटेको |
| नेप्से परिसूचक (बिन्दुमा) | २०१० | २०९७ | ४.४% | बढेको |
| शोधानान्तर स्थिति (रु.करोडमा) | -२६९८१ | २२८९८ | | बचतमा |
| चालु खाताको स्थिति (रु.करोडमा) | -५९२१४ | -६९४० | | घाटामा सुधार |
| विदेशी विनिमय सञ्चिति (रु.करोडमा) | ११७६८४ | १४८०८७ | २५.८% | बढेको |
| उपभोक्ता मुद्रास्फीति (वार्षिक विन्दुगत आधारमा)-प्रतिशतमा असार मसान्तसम्म | ८.५६% | ६.८३% | | घटेको |
| औसत उपभोक्ता मुद्रास्फीति-प्रतिशतमा | ६.१८% | ७.७७% | | बढेको |
| बैंकिङ्ग पहुँच-स्थानीय तह संख्यामा | ७५० | ७५२ | | बढेको |
| विप्रेषण आप्रवाह (रु.करोडमा) | ९०६९२ | १११२५२ | २२.७% | बढेको |
| वाणिज्य वैंकको औसत आधार व्याजदर प्रतिशत | ९.३९ | १०.१८ | | बढेको |


## ४.१.२ कार्यसम्पादन परिसूचकको प्रगती अवस्था

| क्र.सं. | सूचक | इकाई | वेसलाइन | बार्षिक लक्ष्य | असारसम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | प्रतिशत | ५.८४ | ८ | २.१६ |
| २ | वैदेशिक सहायता | रु अर्ब | १९६ | २९८ | १४६.११ |
| ३ | समग्र पुजीगत खर्च | रु अर्ब | २१६.३ | ३८० | २३३.६९ |
| ४ | राजस्व परिचालन (बाँडफाट हुने राजस्व समेत) | रु अर्ब | ११५१ | १४०३ | १०१०.३९ |
| ५ | मुद्रास्फिती | प्रतिशत | ६.२८ | ७ | ७.७ |
| ६ | भुक्तानी सन्तुलन | रु अर्ब | -२६० | -१०० | २२८.९८ |
| ७ | चालुखाता सन्तुलन | रु अर्ब | -६३८.७ | -४७५.६ | -७२.१६ |
| ८ | बिदेशी विनिमय सन्चिती | रु अर्ब | १२१५.८ | ११२० | १५३९.३६ |
| ९ | वीमाको पहुँच विस्तार | प्रतिशत | ३३ | ३९ | ३९ |
| १० | पूँजी बजारमा पहुँच (डिम्याट खाता) | संख्या (लाख) | ५२ | ५३ | ५७.६३ |
| ११ | सहुलियतपूर्ण कर्जा प्रवाह | रु अर्ब | २१५.९ | २२५ | २०३ |
| १२ | बैंक तथा वित्तीय संस्थाबाट निक्षेप संकलन | रु अर्ब | ४९८८ | ५००० | ५५२८ |
| १३ | बैंक तथा बित्तीय संस्थाबाट कर्जा लगानी | रु अर्ब | ४१७६ | ४२०० | ४७७८ |
| १४ | निक्षेप तथा कर्जा सुरक्षण कोषको निक्षेप वीमा सीमा | रु लाख | ३ | ५ | ५ |
| १५ | व्याज अनुदानबाट सिर्जित रोजगारी | कार्यदिन (हजारमा) | १.४७ | १.५ | १.४ |
| १६ | साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी संख्या | कार्यदिन (हजारमा) | १.३७ | १.४ | १.४ |
| १७ | मन्त्रालयको पूँजीगत खर्च | प्रतिशत | ७.२५ | १०० | १८.५ |
| १८ | बेरुजु फर्छ्यौट | प्रतिशत | २०.६७ | ५० | ७.३२ |
| १९ | गुनासो फछ्यौंट | प्रतिशत | १०० | १०० | १०० |
| २० | आ.व. २०७८/७९ सम्म कायम भएको शोधभर्ना प्रासि | प्रतिशत | ० | १०० | ७२.४२ |

### ४.१.३ वास्तविक क्षेत्र

- आर्थिक वर्ष २०७९/८० मा आर्थिक वृद्धि ८.० प्रतिशत रहने अनुमान रहेकोमा आन्तरिक मागमा आएको सङ्कुचनको कारण नेपालको अर्थतन्त्र १.८६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ भने नेपालको अर्थतन्त्र ५.६१ प्रतिशतले विस्तार भएको थियो।
- नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको तथा उद्योग क्षेत्रको योगदान करिब स्थिर रहेको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गईरहेको छ। अघिल्लो आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.७ प्रतिशत, १४.१ प्रतिशत र ६१.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो योगदान क्रमशः २४.१ प्रतिशत, १३.५ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ भने गैर-कृषि क्षेत्रको योगदान बढ्दै गएको छ।
- विगतका वर्षहरुमा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य वचत तथा कुल राष्ट्रिय वचतको अंश करिव स्थिर रहेकोमा हालका वर्षहरुमा त्यस्तो अनुपात घट्दो क्रममा रहेको छ। जसको कारण लगानी आवश्यकता र उपलब्ध राष्ट्रिय वचत बीचको अन्तर समेत बढ्दै गएको छ। फलस्वरुप, सार्वजनिक वित्त व्यवस्थापनमा समेत दवाव सिर्जना हुने गरेको छ। पछिल्लो दशकको कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य वचतको अनुपात वार्षिक औसत ८.७ प्रतिशत रहेको छ भने कुल राष्ट्रिय वचतसँगको यस्तो अनुपात ३५.९ प्रतिशत रहेको छ।
- नेपालको सन्दर्भमा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश बढ्दै गएको, उत्पादनशील क्षेत्रमा हुने लगानी अपेक्षित रुपमा बढन नसकेको, निर्यात व्यापार क्रमशः खस्कदो अवस्थामा रहेको तथा आयातको अंश क्रमशः बढ्दै जानुले अर्थतन्त्रको संरचनात्मक सुधार गर्नुपर्ने तर्फ संकेत गरेको छ।

**प्रमुख आर्थिक परिसूचकहरु**




स्रोतः विश्व बैङ्क, MOFMOD नेपाल, २०२३


- सन् २०१३ देखि सन् २०२३ सम्म कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अनुपात औसत ९१.३ प्रतिशत, कुल स्थिर लगानी २८.८ प्रतिशत, निर्यात ७.९ प्रतिशत र आयात ३७.२ प्रतिशत रहेको छ।

समग्रमा कमजोर निर्यात आधार, स्थिर एवम् न्यून लगानी र आयात एवम् विप्रेषणमा आधारित उपभोगमुखी अर्थतन्त्र संरचनागत चुनौतीको रुपमा रहेको छ।

### ४.१.४ समग्र मूल्यस्थिति

- आर्थिक वर्ष २०७९/८० मा औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत पुगेको छ। यस अवधिमा खाद्य तथा पेय पदार्थको औसत उपभोक्ता मुद्रास्फीति ६.६२ प्रतिशत र गैरखाद्य तथा सेवाको ८.६२ प्रतिशत रहेको छ। अन्तर्राष्ट्रिय बजारमा ईन्धन लगायतका वस्तु तथा सेवाको मूल्यमा उल्लेख्य वृद्धि भएकोले सो को प्रत्यक्ष असर मुलुकको समग्र मूल्यस्तरमा समेत परेको छ।


**पछिल्लो दशकको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

- वार्षिक बिन्दुगत आधारमा २०८० असार महिनामा उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ। उक्त महिनामा खाद्य तथा पेय पदार्थको उपभोक्ता मुद्रास्फीति ७.३८ प्रतिशत र गैरखाद्य तथा सेवाको ७.४८ प्रतिशत रहेको छ। मासिकरुपमा उपभोक्ता मुद्रास्फीति दर २०७९ भदौमा सबैभन्दा बढी ८.६४ प्रतिशत र २०८० जेठमा सबैभन्दा कम ६.८३ प्रतिशत रहेको छ।

**आर्थिक वर्ष २०७९/८० को मासिकरुपमा उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति** (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

### ४.१.५ सार्वजनिक वित्त

- आर्थिक वर्ष २०७९/८० मा सार्वजनिक वित्तका परिसूचकहरू मिश्रित रहेका छन्। बर्सेनि बढ्दै गएको सरकारको अनिवार्य दायित्व र स्रोत सुनिश्चितताले सिर्जना गरेको थप दायित्व, चालु आर्थिक वर्ष सम्पन्न संघ र प्रदेशको आवधिक निर्वाचन, सार्वजनिक वस्तु तथा सेवाको मूल्यमा भएको वृद्धि लगायतका कारण सङ्घीय खर्च बढेको छ। यस आर्थिक वर्षमा गरिएको आयात नियमनको कारण वस्तु आयातमा उच्च कमि भई राजस्व परिचालन घटेको छ। राजस्व व्यवस्थापनमा दवाब देखिएको कारण सार्वजनिक ऋणको परिमाणमा उल्लेख्य वृद्धि भएको छ। साथै, पछिल्ला वर्षहरुमा सार्वजनिक ऋण बढ्दै गएकोले सो बापतको भुक्तानीमा समेत वृद्धि हुँदै गएकोले वित्तीय व्यवस्थातर्फको खर्चमा वृद्धि भएको छ। फलस्वरुप, संङ्घीय सरकारको बजेट घाटाको आकार तुलनात्मक रूपमा बढेको छ।

**सार्वजनिक वित्तका परिसूचकहरु** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)


| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० # |
|---|---|---|---|---|---|
| **संङ्घीय खर्च** | **२८.७८** | **२८.०६** | **२७.४९** | **२६.५५** | **२६.५७** |
| चालु खर्च | १८.५७ | २०.१७ | १९.४४ | १९.३४ | १८.६९ |
| पुँजीगत खर्च | ६.२६ | ४.८६ | ५.२६ | ४.३८ | ४.३४ |
| वित्तीय व्यवस्था | ३.९५ | ३.०३ | २.७९ | २.८३ | ३.५३ |
| **राजस्व परिचालन** | **२१.५०** | **२०.४१** | **२१.५०** | **२१.६१** | **१७.७९** |
| कर राजस्व | १९.१४ | १८.०० | १९.९९ | १९.९५ | १६.०९ |
| गैरकर राजस्व | २.३६ | २.४१ | १.५१ | १.६६ | १.७० |
| **कुल संङ्घीय आय** | **२०.०६** | **१९.८९** | **२०.५७** | **२०.५५** | १६.९६ |
| **बजेट घाटा** | **-८.७२** | **-८.१८** | **-६.९२** | **-६.००** | **-९.६१** |
| **तिर्न बाँकी खुद सार्वजनिक ऋण** | **२७.१६** | **३६.८६** | **३९.९२** | **४०.८१** | **४२.७०** |
| आन्तरिक | ११.७४ | १५.७८ | १८.४५ | २०.०१ | २०.९७ |
| बाह्य | १५.४२ | २१.०८ | २१.४७ | २०.७९ | २१.७३ |
| **आन्तरिक ऋण परिचालन** | **२.५०** | **५.०१** | **५.१५** | **४.७०** | **४.७६** |
| **वैदेशिक ऋण प्राप्ति** | **२.४५** | **४.४५** | **३.०१** | **२.७०** | **१.९०** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/नेपाल राष्ट्र बैङ्क/ केन्द्रीय तथ्याङ्क विभाग। # प्रारम्भिक अनुमान

### ४.१.६ संङ्घीय सरकारी खर्च

- पछिल्लो दशकको खर्च स्थितिको आधारमा हेर्दा विनियोजित वजेटको तुलनामा सरकारको खर्च स्थितिमा सुधार हुन सकेको छैन। विशेषगरी पुँजीगत खर्चको कार्यान्वयन क्षमता तुलनात्मक रुपमा न्यून रहेको कारण विनियोजित बजेटको ठूलो हिस्सा खर्च हुन सकेको देखिँदैन।

**पछिल्लो १२ वर्षको सार्वजनिक खर्च उपयोगको स्थिति** (विनियोजित बजेटको प्रतिशतमा)




स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०८०। * प्रारम्भिक अनुमान

- पछिल्लो १० वर्षको वार्षिक औसत सरकारी खर्च विनियोजित वजेटको ८ण.द्द प्रतिशत रहेकोमा पुँजीगत खर्च भने विनियोजित पुँजीगत बजेटको टटा।छ प्रतिशत मात्र रहेको छ। विनियोजित बजेटको ठूलो हिस्सा खर्च हुन नसक्दा पूँजी निर्माणको दर न्यून हुन गएको र तद्अनुरुपको प्रभाव आय, उत्पादन तथा रोजगारी वृद्धिदरमा समेत पर्ने गरेको छ। तसर्थ, सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्न वित्त अनुशासन, विनियोजन दक्षता र कार्यान्वयन दक्षतामा सुधार गर्नुपर्ने अवस्था छ। त्यसैगरी, खर्च गर्ने क्षमताको आधारमा बजेटको आकार तय गर्नुपर्ने देखिन्छ।

**पछिल्लो ३ वर्षको मासिक संङ्घीय सरकारी खर्चको स्थिति** (रू. करोडमा)

| महिना | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० |
| साउन | २५९०.५५ | ४२९.६० | १९७.९१ | १०४९.२५ | २२२५.८८ | ४३०.२ | ११२.१ |
| भदौ | ७७२०.४३ | ५५१०.९३ | ६६५८.९६ | ७९४४.३३ | ११२०८.०५ | १९.३ | ४१.१ |
| असोज | ९६७०.३० | ११८५९.९५ | १३२५०.९९ | १४४५८.८० | १४३८३.०६ | ९.१ | -०.५ |
| कात्तिक | ४४९६.१० | ४८००.९४ | ६७९९.१८ | ५३०१.५५ | ७२८१.७४ | -२२.० | ३७.४ |
| मंसिर | ६४७९.०८ | ७२८४.८१ | ५९३८.७७ | ९९४९.५१ | ८४२२.९६ | ६७.५ | -१५.३ |
| पुष | ६६२५.६३ | ११०६३.८४ | ८७२८.७३ | ११९६५.९० | १४११३.०७ | ३७.१ | १७.९ |
| माघ | ७८०४.८६ | ७६६१.९७ | ८४१९.४० | ८४३३.१९ | ९१३०.९८ | ०.२ | ८.३ |
| फागुन | ८७०२.६९ | १२४१२.६६ | ७१८३.२५ | ८४२७.२१ | १११५७.२७ | १७.३ | ३२.४ |
| चैत | ८११२.५० | ६४४४.८९ | ११८७०.२४ | ११८९५.९० | १६३८२.१५ | ०.२ | ३७.७ |
| वैशाख | ८६२१.३८ | ८५७८.४८ | १३४३३.४२ | ११४६०.२० | १०४७०.९४ | -१४.७ | -८.६ |

| महिना | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० |
| जेठ | ११८२१.३४ | १२२२९.६५ | ९२०४.५५ | १२६७५.०० | १२८३०.४७ | ३७.७ | १.२ |
| असार | २८४००.८२ | २०८३५.६८ | २६४०९.८९ | २७४३९.१६ | २५३४९.८३ | ३.९ | -७.६ |
| **जम्मा** | **१११०४५.६८** | **१०९११३.४०** | **११८०९५.२९** | **१३१०००.००** | **१४२९५६.४०** | **१०.९** | **९.१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०।

- सार्वजनिक खर्च क्षमतामा सुधारको लागि आर्थिक वर्ष शुरु हुनु अगावै वार्षिक बजेट ल्याउने संवैधानिक व्यवस्था रहेपनि आर्थिक वर्षको अन्त्यतिर गएर मात्र खर्च अधिकेन्द्रित हुने अवस्था हालसम्म पनि कायमै रहेको छ।

**पछिल्लो ५ वर्षको मासिक पुँजीगत खर्चको स्थिति** (रू. करोडमा)

| महिना | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० |
| साउन | १२३.६८ | ५९.६५ | १३.३३ | ९३.५० | १४८.४६ | ६०१.४ | ५८.८ |
| भदौ | ४५२.७४ | ४५३.७६ | ३६१.९२ | १६७.३७ | ४३७.५९ | -५३.८ | १६१.५ |
| असोज | १६८३.३३ | १३२३.३५ | ११२९.३३ | १२२८.०६ | १३८२.०६ | ८.७ | १२.५ |
| कात्तिक | ७२५.४७ | ६४६.७९ | १४३९.९५ | ५९०.२८ | ६६१.५० | -५९.० | १२.१ |
| मंसिर | ९२५.८६ | १२९३.६१ | ६४९.६४ | ७६१.१४ | ७६९.५५ | १७.२ | १.१ |
| पुस | १६४०.९७ | २४९९.५१ | १४८७.५२ | २२४०.४५ | १९४६.३६ | ५०.६ | -१३.१ |
| माघ | १५१४.०५ | १४१३.१६ | १२२०.११ | ९९८.१६ | १२८४.३२ | -१८.२ | २८.७ |
| फागुन | १९६४.९४ | १९५८.०६ | १६८५.३४ | १६३५.७२ | १७९५.७६ | -२.९ | ९.८ |
| चैत | १९१७.७७ | ८५८.४२ | २५९६.८१ | २६६४.२८ | २२९८.७४ | २.६ | -१३.७ |
| बैशाख | १९३७.६७ | ९०५.४९ | २००४.३८ | १४४७.९६ | १८४३.६२ | -२७.८ | २७.३ |
| जेठ | २२६०.३९ | ११९३.८७ | १७२०.६१ | १९६९.३९ | २७४०.४६ | १४.५ | ३९.२ |
| असार | ९००९.४० | ६३०२.८० | ८५७५.०६ | ७८२४.६९ | ८०६१.१७ | -८.८ | ३.० |
| **जम्मा** | **२४१५६.२५** | **१८९०८.४७** | **२२८८४.००** | **२१६२१.००** | **२३३६९.५९** | **-५.५** | **८.१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०।

- पुँजीगत खर्चको कुल भूक्तानी मध्ये आर्थिक वर्ष २०७९/८० को असार महिनामा मात्र ३४.५ प्रतिशत भुक्तानी भएको छ। आर्थिक वर्षको अन्त्यतिर गएर अधिक भुक्तानी हुने प्रवृत्तिले आर्थिक वर्षको अन्त्यतिर सरकारको कोष व्यवस्थापनमा बढी चाप पर्ने गरेको छ।

- आर्थिक वर्ष २०७९/८० मा कुल संङ्घीय सरकारी खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ७०.४ प्रतिशत, १६.३ प्रतिशत र १३.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात क्रमशः ७२.८ प्रतिशत, १६.५ प्रतिशत र १०.६ प्रतिशत रहेको थियो।

**संङ्घीय खर्च संरचना** (संङ्घीय खर्चको प्रतिशतमा)

| आर्थिक वर्ष | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल संङ्घीय खर्च |
|---|---|---|---|---|
| २०६८/६९ | ७१.८ | १५.२ | १३.१ | १००.० |
| २०६९/७० | ६९.० | १५.२ | १५.८ | १००.० |
| २०७०/७१ | ६९.८ | १५.३ | १४.९ | १००.० |
| २०७१/७२ | ६३.९ | १६.७ | १९.४ | १००.० |
| २०७२/७३ | ६१.८ | २०.५ | १७.७ | १००.० |
| २०७३/७४ | ६२.४ | २५.० | १२.५ | १००.० |
| २०७४/७५ | ६४.७ | २५.० | १०.२ | १००.० |
| २०७५/७६ | ६५.३ | २१.८ | १२.९ | १००.० |
| २०७६/७७ | ७१.९ | १७.३ | १०.८ | १००.० |
| २०७७/७८ | ७०.७ | १९.१ | १०.२ | १००.० |
| २०७८/७९ | ७२.८ | १६.५ | १०.६ | १००.० |
| २०७९/८० | ७०.४ | १६.३ | १३.३ | १००.० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

### ४.१.७ राजस्व परिचालन

- २०७९ वैशाखदेखि पुससम्म अवलम्बन गरिएको आयात नियमन नीतिको कारण आर्थिक वर्ष २०७९/८० को सुरुवातदेखि नै वस्तु आयातमा उच्च सङ्कुचन भई भन्सार बिन्दुमा सङ्कलन हुने राजस्व घटेको र सो को प्रभावस्वरुप कुल राजस्व परिचालन समेत घटेको छ। यस अवधिमा राजस्व सङ्कलन कुल राजस्व लक्ष्य गत आर्थिक वर्षको ९०.५ प्रतिशतको तुलनामा ६८.२ प्रतिशत मात्र रहेको छ।

**पछिल्लो २ वर्षको मासिक राजस्व परिचालनको स्थिति** (रू. करोडमा)

| महिना | २०७८/७९ | | | २०७९/८० | | | राजस्व वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | कर राजस्व | गैरकर राजस्व | कुल राजस्व | कर राजस्व | गैरकर राजस्व | कुल राजस्व | |
| साउन | ७६१८.८० | १७०७.३० | ९३२६.१० | ७०६३.८६ | ९०८.३९ | ७९७२.२५ | -१४.५ |
| भदौ | ७२३७.२० | २९४.४० | ७५३१.६० | ६००६.५० | ४०२.४१ | ६४०८.९१ | -१४.९ |
| असोज | ८०५२.०० | ५९४.२० | ८६४६.२० | ५८६७.७१ | ६०९.५५ | ६४७७.२६ | -२५.१ |
| कात्तिक | ७६३१.९० | २९५.६० | ७९२७.५० | ५६४०.६१ | ३०८.१३ | ५९४८.७४ | -२५.० |
| मंसिर | ७४८३.२० | ३२५.८० | ७८०९.०० | ५५६७.७७ | ३१४.०८ | ५८८१.८५ | -२४.७ |
| पुस | ११३७६.३० | १५८८.८० | १२९६५.१० | १०३८०.४८ | २२००.८५ | १२५८१.३३ | -३.० |
| माघ | ६६८५.०० | ४५०.६० | ७१३५.६० | ५८९२.१५ | ३०६.४४ | ६१९८.५८ | -१३.१ |
| फागुन | ६७५६.१० | ३७२.७० | ७१२८.८० | ६२२८.१८ | ५८०.०२ | ६८०८.१९ | -४.५ |
| चैत | ९९३८.३० | ५१७.८० | १०४५६.१० | ८९६४.५६ | ११३८.८८ | १०१०३.४४ | -३.४ |
| बैशाख | ७१८६.९० | ४५६.९० | ७६४३.८० | ६८५१.६४ | ३९३.०७ | ७२४४.७१ | -५.२ |
| जेठ | ७२८८.३० | ३५४.५० | ७६४२.८० | ७४३६.६० | ६२३.५२ | ८०६०.१२ | ५.५ |
| असार | १११७९.०० | १२४२.४० | १२४२२.४० | १०६६१.९० | १३६८.०७ | १२०२९.९८ | -३.२ |
| जम्मा | **९८४३३.००** | **८२०१.००** | **१०६६३५.००** | **८६५६१.९६** | **९१५३.४१** | **९५७१५.३६** | **-१०.२** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०।

**राजस्व लक्ष्य र असुलीको विवरण** (रू. करोडमा)


| कर शिर्षक | आर्थिक वर्ष २०७९/८० | | |
|---|---|---|---|
| | वार्षिक लक्ष्य | असुली | असुली प्रतिशत |
| भन्सार महशुल | **३३०५६.८०** | **१८२५३.१२** | **५५.२** |
| मूल्य अभिवृद्धि कर | **३९८४६.७९** | **२८६१९.७९** | **७१.८** |
| उत्पादन, बिक्री, सेवा | १४०२०.४१ | ११७५३.५० | ८३.८ |
| पैठारी | २५८२६.३८ | १६८६६.२९ | ६५.३ |
| अन्तःशुल्क | **२१७२८.२७** | **१४३०६.८१** | **६५.८** |
| आन्तरिक उत्पादन | १३७३५.२६ | ११०८८.३७ | ८०.७ |
| पैठारी | ७९९३.०१ | ३२१८.४४ | ४०.३ |
| शिक्षा सेवा शुल्क | **१४७.८०** | **२००.३३** | **१३५.५** |
| आयकर | **३४७५७.९२** | **२५१८१.९१** | **७२.४** |
| आयकर | **३०७८२.९३** | **२१८९०.२२** | ७१.१ |

| कर शिर्षक | आर्थिक वर्ष २०७९/८० | | |
|---|---|---|---|
| | वार्षिक लक्ष्य | असुली | असुली प्रतिशत |
| ब्याज कर | ३९७४.९९ | ३२९१.६९ | ८२.८ |
| कर राजस्व | १२९५३७.५८ | ८६५६१.९६ | ६६.८ |
| गैरकर राजस्व | १०७७७.१२ | ९१५३.४१ | ८४.९ |
| कुल राजस्व | १४०३१४.७ | ९५७१५.३७ | ६८.२ |
| अन्य प्राप्ति | ०.०० | ५३२४.०५ | - |
| जम्मा राजस्व र प्राप्ति | १४०३१४.७० | १०१०३९.४२ | ७२.० |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०।

- कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको योगदान उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २९.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा बढेर २९.९ प्रतिशत पुगेको छ। मूल्य अभिवृद्धि कर पछि यस्तो योगदान क्रमशः आयकर, भन्सार महशुल, अन्तःशुल्क र गैरकर राजस्वको रहेको छ।
- आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा भन्सारजन्य राजस्व अर्थात भन्सार महशुल र अन्तःशुल्कको योगदान घटेको छ। आय कर, मूल्य अभिवृद्धि कर, गैरकर र शिक्षा सेवा शुल्कको योगदान बढेको छ। वस्तु पैठारी घटेको कारण आर्थिक वर्ष २०७९/८० मा भन्सार विन्दुमा सङ्कलन हुने राजस्व (भन्सार महशुल, मुल्य अभिवृद्धि कर-पैठारी, अन्तःशुल्क-पैठारी) मा उच्च दरले गिरावट आएको को छ र सोको प्रभावस्वरुप राजस्व सङ्कलन र कर राजस्व समेत क्रमशः १०.२ प्रतिशत र १२.० प्रतिशतले बढेको छ। यस अवधिको संकलित कर राजस्वमा भन्सार विन्दुमा सङ्कलन भएको कर राजस्वको योगदान ४४.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो योगदान ५०.६ प्रतिशत रहेको थियो।

**पछिल्लो २ वर्षको राजस्व परिचालनको संरचना** (कुल राजस्वको प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

### ४.१.८ संङ्घीय राजस्व

- आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारको राजस्व (रोयल्टी बाँडफाँट अघिको सहित) १०.९ प्रतिशतले कमी आई रू.८ खर्ब ३८ अर्ब ३ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो राजस्व रू.९ खर्ब ३८ अर्ब २८ करोड रहेको थियो।
- आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारको कर राजस्व परिचालन १२.९ प्रतिशतले कमी आई रू.७ खर्ब ४६ अर्ब ५० करोड रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो राजस्व रू.८ खर्ब ५७ अर्ब ६ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व रू.१ खर्ब १९ अर्ब १२ करोड बराबर रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो राजस्व रु.१ खर्ब २७ अर्ब १० करोड रहेको थियो।

### ४.१.९ करको दायरा विस्तार

- स्थायी लेखा नम्बर लिएका (दर्ता कायम रहेका) करदाताको सङ्ख्या २०७९ असारमसान्तसम्मको तुलनामा १५.० प्रतिशतले वृद्धि भई २०८० असारमसान्तसम्म ५५ लाख ५४ हजार २६ पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा मा मात्र थप भएका स्थायी लेखा सङ्ख्या ७ लाख ६६ हजार २ सय १० रहेका छन्। यस अवधिमा दर्ता खारेज भएका स्थायी लेखा सङ्ख्या ४३ हजार माथि रहेको छ।
- २०८० असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता कायम रहेका करदाताको सङ्ख्या ३ लाख ८ हजार ४ सय ७७ पुगेको छ भने अन्तःशुल्क ईजाजत प्रमाणपत्र लिने करदाताको सङ्ख्या १ लाख १६ हजार ६ सय ७५ पुगेको छ।
- कुल स्थायी लेखा नम्बर लिने करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर र व्यावसायिक स्थायी लेखा नम्बर लिनेको सङ्ख्या क्रमशः ६५.७ प्रतिशत र ३३.८ प्रतिशत रहेको छ भने करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ०.५ प्रतिशत मात्र रहेको छ।

**स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | २०७८ असारसम्म | २०७९ असारसम्म | आर्थिक वर्ष २०७९/८० मा दर्ता भएका | २०७९/८० मा खारेज भएका | २०८० असारसम्म कायम रहेका |
|---|---|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १३५८९३४ | १५८०३८० | १७६२४१३ | १४२६९९ | २८८०७ | १८७६३०५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७३४५२ | २४७५७५३ | ३०५०३०४ | ६१३४८३ | १४१७३ | ३६४९६१४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर | ५१०६ | ९९९८ | १८०९४ | १००२८ | २६ | २८१०७ |
| जम्मा स्थायी लेखा नम्बर | **३३३७४९२** | **४०६६१३१** | **४८३०८११** | **७६६२१०** | **४३००६** | **५५५४०२६** |
| मूल्य अभिवृद्धि कर | २५५९६३ | २९०७१४ | २९१६३१ | २४१८९ | ७३४३ | ३०८४७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अन्तःशुल्क | ९४२९२ | १०४१८२ | ११२२३१ | ९७५८ | ५३१४ | ११६६७५ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८०।

## ४.१.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

- आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारले अनुदानतर्फ रू.२२ अर्ब ९३ करोड र ऋणतर्फ रू.१ खर्ब २३ अर्ब १७ करोड गरी जम्मा रू.१ खर्ब ४६ अर्ब ११ करोड वैदेशिक सहायता प्रप्त गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो परिचालन रू.१ खर्ब ४७ अर्ब ५ करोड रहेको थियो।

**पछिल्लो ५ वर्षको अन्तर्राष्ट्रिय विकास सहायता प्राप्तिको स्थिति** (रू. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| अनुदान | २९५८.४० | १९१९.२ | २६७९.२ | २५९१.६६ | २१२९.७५ | -३.३ | -१७.८ |
| ऋण | ९४४०.१० | १७३०२.३ | १३०८७ | १२११३.१ | १०२१२.०१ | -७.४ | -१५.७ |
| जम्मा | **१२३९८.५०** | **१९२२१.५०** | **१५७६५.८६** | **१४७०४.७६** | १२३४१.७६ | **-६.७** | **-१६.१** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/नेपाल राष्ट्र बैङ्क, २०८०।

## ४.१.११ सार्वजनिक ऋण


- पछिल्ला वर्षहरुमा सार्वजनिक ऋण क्रमशः बढ्दै गईरहेको छ। संङ्घीयताको कार्यान्वयनसँगै खर्चको आवश्यकता बढ्दै जानु, राजस्वको वृद्धिदर न्यून हुनु, पूर्वाधारमा लगानी बढ्नु र कोभिड-१९ महामारीको कारण सरकारी आयमा दवाब सिर्जना हुनु जस्ता कारण आन्तरिक र बाह्य ऋण परिचालन बढ्दै गएको छ। फलस्वरुप, २०८० असार मसान्तसम्म सरकारको कुल सार्वजनिक ऋण रू.२२ खर्ब ९७ अर्ब ६७ करोड पुगेको छ। २०७९ असार मसान्तमा यस्तो ऋण रू.२० खर्ब १३ अर्ब ३० करोड रहेको थियो।

- २०८० असार मसान्तसम्मको कुल सार्वजनिक ऋण मध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४९.१ प्रतिशत र ५०.९ प्रतिशत रहेको छ। कुल बाह्य ऋण मध्ये बहुपक्षीय ऋण ८८.१ प्रतिशत र द्विपक्षीय ऋण ११.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारले रू.२ खर्ब ५६ अर्ब बराबरको आन्तरिक ऋण परिचालन गरेको थियो भने यस अवधिमा रू.१ खर्ब २ अर्ब १२ करोड बराबरको वैदेशिक ऋण प्राप्त भएको थियो।

- कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात २०७९ असार मसान्तमा ४०.८ प्रतिशत रहेकोमा २०८० असार मसान्तमा बढेर ४२.७ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७३/७४ देखि हरेक वर्ष कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात बढ्दै गएको छ। राजस्व परिचालन घटेको कारण आर्थिक वर्ष २०७९/८० मा सार्वजनिक ऋणको परिमाणमा उल्लेख्य

वृद्धि भएको हो। सार्वजनिक ऋणलाई पूँजी निर्माणसँग आबद्ध गरी आय, रोजगारी र उत्पादन अभिवृद्धि मार्फत सार्वजनिक ऋण व्यवस्थापनलाई दिगो एवम् प्रभावकारी बनाउने तर्फ सार्वजनिक ऋण नीतिको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**पछिल्लो १० वर्षको सार्वजनिक ऋण दायित्व** (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः आर्थिक सर्वेक्षण २०७९/८० /सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०।

- आर्थिक वर्ष २०७८/७९ मा संङ्घीय सरकारले रू.३ खर्ब ६४ अर्ब ९३ करोड कुल सार्वजनिक ऋण परिचालन गरेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो ऋण १.९ प्रतिशतले घटेर रू.३ खर्ब ५८ अर्ब १२ करोड रहेको छ जुन कुल गार्हस्थ्य उत्पादनको ६.७ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात ७.४ प्रतिशत रहेको थियो।

**पछिल्लो ५ वर्षको सार्वजनिक ऋण परिचालनको स्थिति** (रू. करोडमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| कुल आन्तरिक ऋण परिचालन | ९६३८.२० | १९४९०.२९ | २२४००.९१ | २३१८४.५५ | २५५९९.७७ |
| *कुल गार्हस्थ्य उत्पादनको अनुपातमा* | *२.५* | *५.०* | *५.१* | *४.७* | *४.८* |
| खुद वैदेशिक ऋण परिचालन | ९४४०.०८ | १६२६०.७२ | १३०८६.७२ | १३३०८.३४ | १०२१२.०१ |
| *कुल गार्हस्थ्य उत्पादनको अनुपातमा* | *२.४* | *४.२* | *३.०* | *२.७* | *१.९* |
| कुल सार्वजनिक ऋण परिचालन | **१९०७८.२८** | **३५७५१.०१** | **३५४८७.६३** | **३६४९२.८९** | **३५८११.७८** |
| *कुल गार्हस्थ्य उत्पादनको अनुपातमा* | *४.९* | *९.२* | *८.२* | *७.४* | *६.७* |
| ऋण सेवा खर्च (सावाँ र ब्याजसहित) | **७५०६.७०** | **८३५९.७८** | **९४८०.३८** | **१२१७८.२४** | **२२२७४.२१** |
| साँवा फिर्ता खर्च | ५४३५.२० | ५७५३.७५ | ६०१६.९७ | ७६७५.३६ | १४९७३.५७ |
| व्याज खर्च | २०७१.५० | २६०६.०३ | ३४६३.४० | ४५०२.८८ | ७२८९.३१ |
| *कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ऋण सेवा खर्च* | *१.९* | *२.१* | *२.२* | *२.५* | *४.१* |

स्रोत :आर्थिक सर्वेक्षण २०७९/८० र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।* प्रारम्भिक तथ्याङ्कमा आधारित


- आर्थिक वर्ष २०७९/८० मा सरकारले ऋण सेवा (साँवा तथा व्याज भुक्तानी सहित) तर्फ रू.२ खर्ब २२ अर्ब ७४ करोड भुक्तानी गरेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४.१ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात २.५ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारले रू.२ खर्ब ५६ अर्ब वरावरको आन्तरिक ऋण परिचालन गरेको छ। यस अवधिमा सरकारले आन्तरिक ऋणतर्फ रू.१ खर्ब १५ अर्ब ९ करोड बराबरको साँवा भुक्तानी र रू.६४ अर्ब २८ करोड वरावरको ब्याज भुक्तानी गरेको छ। आर्थिक वर्ष २०७९/८० मा सरकारको कुल आन्तरिक ऋण प्राप्ति र भुक्तानी बीचको अन्तर रू.१ खर्ब ४० अर्ब ९० करोड रहेको छ।
- आर्थिक वर्ष २०७९/८० मा संङ्घीय सरकारले रू.८० अर्ब ८३ करोड बाह्य ऋण परिचालन गरेको छ। यस अवधिमा सरकारले बाह्य ऋणतर्फ रू.३४ अर्ब ८ करोड बराबरको साँवा भुक्तानी र रू.९ अर्ब १ करोड बराबरको ब्याज भुक्तानी गरेको छ। आर्थिक वर्ष २०७९/८० मा सरकारको खुद बाह्य ऋण परिचालन रू.३७ अर्ब ७४ करोड रहेको छ।

### ४.१.१२ बाह्य क्षेत्र

### ४.१.१३ वस्तु निकासी

- आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु निकासी २१.४ प्रतिशतले घटेर रु.१ खर्ब ५७ अर्ब १४ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो निकासी ४१.७ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७९/८० मा चीन र अन्य देशतर्फको निकासी क्रमशः ११८.३ प्रतिशत र १०.७ प्रतिशतले बढेको छ भने भारततर्फको निकासी भने ३१.३ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा भारत र अन्य देशतर्फको निकासी क्रमशः ४५.९ प्रतिशत र ३०.४ प्रतिशतले बढेको थियो भने चीनतर्फको निकासी भने २०.४ प्रतिशतले घटेको थियो।
- आर्थिक वर्ष २०७९/८० मा  देशगत वस्तु निकासी विविधिकरणमा केही सङ्कुचन आएको छ। यस अवधिमा १२८ देशतर्फ वस्तु निकासी भएको छ। गत आर्थिक वर्षमा यस्तो सङ्ख्या १३१ रहेको थियो। यस अवधिमा कुल निकासीमा भारततर्फ भएको निकासीको अंश दुई तिहाई भन्दा बढी रहेको छ। भारत, अमेरिका, जर्मनी, वेलायत, चीन र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ६७.९ प्रतिशत, १२.५ प्रतिशत, २.८ प्रतिशत, २.१ प्रतिशत, १.० प्रतिशत र १३.६ प्रतिशत रहेको छ।

**आर्थिक वर्ष २०७९/८० मा देशगत रुपमा निकासीको संरचना** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८० ।


- आर्थिक वर्ष २०७८/७९ मा भारततर्फ भएको निकासीको अंश तीन चौथाईभन्दा बढी रहेको थियो। सो अवधिमा भारत, अमेरिका, जर्मनी, वेलायत, चीन र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ७७.६ प्रतिशत, ९.० प्रतिशत, २.१ प्रतिशत, १.६ प्रतिशत, ०.४ प्रतिशत र ९.३ प्रतिशत रहेको थियो।

## ४.१.१४ वस्तु पैठारी

- आर्थिक वर्ष २०७९/८० मा वस्तु पैठारीमा १६.१ प्रतिशतले कमी आई रू.१६ खर्ब ११ अर्ब ७३ करोड रहेको छ। यस अवधिमा भारत, चीन र अन्यदेशबाट भएको वस्तु पैठारी क्रमशः १४.४ प्रतिशत, १५.९ प्रतिशत र २०.७ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा भारत, चीन र अन्यदेशबाट भएको वस्तु पैठारी क्रमशः २३.५ प्रतिशत, १३.२ प्रतिशत र ३६.३ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७८/७९ मा वस्तु पैठारी २४.७ प्रतिशत वृद्धि भएको थियो।

- आर्थिक वर्ष २०७८/७९ मा नेपालले १६५ देशहरुबाट वस्तु तथा सेवा पैठारी गरेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो सङ्ख्या १६४ रहेको छ। कुल पैठारीमा भारत र चीनबाट भएको पैठारीको अंश मात्र तीन चौथाई भन्दा बढी रहेको छ। आर्थिक वर्ष २०७९/८० मा भारत, चीन, ईन्डोनेसिया, संयुक्त अरब ईमिरेट्स, अर्जेन्टिना र अन्य देशहरुबाट भएको पैठारीको अंश क्रमशः ६३.८ प्रतिशत, १३.८ प्रतिशत, २.६ प्रतिशत, २.० प्रतिशत, १.५ प्रतिशत र १६.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा पनि भारत र चीनबाट भएको पैठारीको अंश तीन चौथाई भन्दा बढी रहेको थियो। सो अवधिमा भारत, चीन, ईन्डोनेसिया, अमेरिका, संयुक्त अरब ईमिरेट्स  र अन्य देशहरुबाट भएको पैठारीको अंश क्रमशः ६२.५ प्रतिशत, १३.८ प्रतिशत, २.८ प्रतिशत, २.६ प्रतिशत, २.५ प्रतिशत र १५.८ प्रतिशत रहेको थियो।

**आर्थिक वर्ष २०७९/८० मा देशगतरुपमा पैठारीको संरचना** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८०।

- नेपालमा पैठारी हुने प्रमुख वस्तुहरुमा पेट्रोलियम पदार्थको अंश उच्च रहदै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा पेट्रोलियम पदार्थ लगायतका ईन्धनहरुको पैठारी कुल पैठारीको १५.९ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा यस्तो पैठारी १७.३ प्रतिशत पुगेको छ। कुल पैठारीमा प्रमुख १० वस्तुहरुको पैठारीको अंश ३१.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश क्रमशः २९.६ प्रतिशत रहेको थियो।

**पैठारी भएका प्रमुख १० वस्तुहरु** (रु.करोडमा)

| वस्तुको नाम | २०७८/७९ | २०७९/८० | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|
| डिजेल | १६८२३ | १५३७७ | -८.६ |
| पेट्रोल | ७१३९ | ६६८४ | -६.४ |
| एल.पि.ग्यास | ६५५६ | ५८१६ | -११.३ |
| सुन | ४२७० | ४३९० | २.८ |
| शुद्ध फलाम | २३९८ | ४३६० | ८१.८ |
| भटमासको कच्चा तेल | ५६१८ | ३५५८ | -३६.७ |
| अन्य कोइला | ३५९६ | २७१२ | -२४.६ |
| मोवाइल टेलिफोन | ४११६ | २६५१ | -३५.६ |
| पोलीथिन दाना | ३०३८ | २५९३ | -१४.६ |
| कच्चा पाम तेल | ३९३१ | २५९२ | -३४.१ |
| अन्य | १३४५५९ | ११०४३९ | -१७.९ |
| **जम्मा पैठारी** | **१९२०४५** | **१६११७३** | **-१६.१** |


स्रोतः भन्सार विभाग, २०८०।

- कुल वस्तु व्यापारमा वस्तु पैठारीको अंश आर्थिक वर्ष २०७८/७९ मा ९०.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो अंश बढेर ९१.१ प्रतिशत पुगेको छ।

### ४.१.१५ व्यापार सन्तुलन

- आर्थिक वर्ष २०७९/८० मा वस्तु व्यापार घाटा १५.५ प्रतिशतले घटेर रू.१४ खर्ब ५४ अर्ब ५९ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो घाटा २३.० प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७९/८० मा भारत, चीन र अन्यदेशसँगको वस्तु व्यापार घाटा क्रमशः ११.८ प्रतिशत, १६.३ प्रतिशत र २४.१ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७८/७९ यस्तो घाटा क्रमशः २०.८ प्रतिशत, १३.३ प्रतिशत र ३६.९ प्रतिशतले बढेको थियो।

**नेपालको वैदेशिक व्यापारको स्थिति**




स्रोतः भन्सार विभाग, २०८०।

- आर्थिक वर्ष २०७९/८० मा नेपालको १३२ देशसँगको व्यापार घाटामा रहेको छ भने ३८ देशसँगको व्यापार बचतमा रहेको छ। गत आर्थिक वर्षमा १४० मुलुकसँग व्यापार घाटा हुँदा ३१ देशसँग बचतमा रहेको थियो।

**व्यापार घाटा  र नाफा उच्च भएका प्रमुख  ५ मुलुकहरु** (रु.करोडमा)

| व्यापार घाटा उच्च भएका मुलुक | | | व्यापार नाफा उच्च भएका मुलुक | | |
|---|---|---|---|---|---|
| क.स. | मुलुक | व्यापार घाटा | क.स. | मुलुक | व्यापार नाफा |
| १ | भारत | ९२११६.१ | १ | डेनमार्क | ५१.२ |
| २ | चीन | २२०९५.० | २ | अमेरिका | १४.७ |
| ३ | ईन्डोनेसिया | ४१५१.१ | ३ | नर्वे | ९.७ |
| ४ | संयुक्त अरब ईमिरेट्स | ३११३.० | ४ | अल्जेरिया | ७.३ |
| ५ | अर्जेन्टिना | २४८५.७ | ५ | कम्बोडीया | ५.४ |

स्रोतः भन्सार विभाग, २०८०।

## ४.१.१६ सेवा व्यापार

- आर्थिक वर्ष २०७९/८० मा सेवा आय रू.१ खर्ब ८८ अर्ब ३६ करोड र सेवा भुक्तानी रू.२ खर्ब ७२ अर्ब २१ करोड रहेको छ। सेवा आय भन्दा सेवा भुक्तानी रु.८३ अर्व ८५ करोडले बढी रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा सेवा आय भन्दा सेवा भुक्तानी रू.१०८ अर्ब १२ करोडले बढी रहेको थियो।

## ४.१.१७ चालु खाता सन्तुलन तथा शोधानान्तर स्थिति

- आर्थिक वर्ष २०७९/८० चालु खाता घाटा र शोधानान्तर स्थितिमा सुधार भएको छ। यस अवधिमा चालु खाता घाटामा अघिल्लो आर्थिक वर्ष २०७८/७९ को रू.६ खर्ब २३ अर्ब ३३ करोड तुलनामा ८८.४ प्रतिशतले सुधार भई रू.७२ अर्ब १६ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा अमेरिकी डलर ५ अर्ब १७ करोडले घाटामा रहेको चालु खाता आर्थिक वर्ष २०७९/८० मा ८९.२ प्रतिशतले सुधार भई अमेरिकी डलर ५५ करोड ७१ लाखले घाटामा रहेको छ।

**पछिल्लो ३ वर्षको मासिक चालु खाता र शोधानान्तर स्थिति** (रू. करोडमा)

| महिना | शोधानान्तर स्थिति | | | चालु खाता | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| श्रावण | ५१४६ | -३८७५ | -२२६३ | २४८९ | -४७२९ | -१६२६ |
| भदौ | १६१६ | -५६०६ | -१०५ | २७ | -५८७८ | -२०९२ |
| असोज | ३३४६ | ७१० | ३६११ | ८२२ | -४३७३ | २९० |
| कार्तिक | ९५६ | -६२६७ | ७६० | -१४३७ | -७११० | -११२ |
| मंसिर | -४१७ | -४४६३ | २५८३ | -४२०१ | -७७६० | -२५१ |
| पुष | १८४४ | -४६२२ | ५१२३ | -२८६८ | -५३६५ | ८४५ |
| माघ | -२७५५ | -५८० | ३६११ | -५२७१ | -५९१८ | -१७ |
| फागुन | -२९३५ | -११६१ | १४९० | -४७०३ | -४९३७ | -१४६७ |
| चैत्र | -२५४७ | -९६२ | ३२०६ | -५९०९ | -४९८६ | -७५१ |

| महिना | शोधानान्तर स्थिति | | | चालु खाता | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| वैशाख | -३४७८ | -२०२५ | ३४५० | -४०७८ | -३४४८ | -२८५ |
| जेठ | -२२९० | १८६९ | १४३१ | -४६८२ | -४७०८ | -१४७३ |
| असार | १६३७ | १४५५ | ६१५४ | -३५५६ | -३१२४ | -२७६ |
| **जम्मा** | **१२३** | **-२५५२६** | **२९०५२** | **-३३३६७** | **-६२३३८** | **-७२१६** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

नोटः (-) ले चालु खाता र शोधानान्तर स्थिति घाटामा रहेको जनाउँछ।

- आर्थिक वर्ष २०७८/८९ मा शोधानान्तर स्थिति रू.२ खर्ब ५५ अर्ब २६ करोडले घाटामा रहेकोमा आर्थिक वर्ष २०७९/८० मा शोधानान्तर स्थितिमा उल्लेख्य सुधार भई रू.२ खर्ब ९० अर्ब ५२ करोडले बचतमा रहेको छ।
- आर्थिक वर्ष २०७८/७९ मा अमेरिकी डलर २ अर्ब १५ करोडले घाटामा रहेको शोधानान्तर स्थिति आर्थिक वर्ष २०७९/८० मा अमेरिकी डलर २ अर्ब २१ करोडले बचतमा रहेको छ।
- मासिकरुपमा हेर्दा आर्थिक वर्ष २०७९/८० को श्रावण र भदौ बाहेक सबै महिनामा शोधानान्तर स्थिति बचतमा रहेको छ। त्यसैगरी, यस अवधिमा असोज र पुष बाहेक सबै महिनामा चालु खाता घाटामा रहेको छ।

### ४.१.१८ विप्रेषण आप्रवाह

- वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढ्दै गएको र नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन हुँदै गएकोले औपचारिक माध्यमबाट भित्रिने विप्रेषण आप्रवाहमा समेत वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह रू.१२ खर्ब २० अर्ब ५६ करोड (९ अर्ब ३३ करोड अमेरिकी डलर) पुगेको छ। यस अवधिमा विप्रेषण आप्रवाह नेपाली रूपैंयामा २१.२ प्रतिशत र अमेरिकी डलरमा १२.१ प्रतिशत अर्थात १ अर्ब अमेरिकी डलरले वृद्धि भएको छ। आर्थिक वर्ष २०७८/७९ मा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १० खर्ब ७ अर्ब ३१ करोड र अमेरिकी डलरमा ८ अर्ब ३३ करोड रहेको थियो।
- मासिकरुपमा आर्थिक वर्ष २०७९/८० को सबै महिनामा विप्रेषण आप्रवाह बढेको छ। आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह माघ महिनामा सबैभन्दा बढी ४५.३ प्रतिशत र असार महिनामा सबैभन्दा कम ७.६ प्रतिशतले बढेको छ।

**पछिल्लो ३ वर्षको मासिक विप्रेषण आप्रवाहको स्थिति** (रू. करोडमा)

| महिना | आर्थिक वर्ष | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| श्रावण | ९२७४ | ७६६३ | ९२२१ | -१७.४ | २०.३ |
| भदौ | ७३०३ | ७९५३ | ९४८३ | ८.९ | १९.२ |
| असोज | ९३१७ | ८४४८ | ९४०१ | -९.३ | ११.३ |
| कार्तिक | ७८८८ | ७३३७ | ९६९९ | -७.० | ३२.२ |


| महिना | आर्थिक वर्ष | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| मंसिर | ७९१४ | ७६५० | १०२४६ | -३.३ | ३३.९ |
| पुष | ७८५१ | ८०२१ | १०४५७ | २.२ | ३०.४ |
| माघ | ७२४२ | ७२१४ | १०४८० | -०.४ | ४५.३ |
| फागुन | ७४४४ | ९१०७ | १०४४४ | २२.३ | १४.७ |
| चैत्र | ८६८९ | ९३५५ | १०९०७ | ७.७ | १६.६ |
| वैशाख | ८१०४ | ८७०५ | १०१७९ | ७.४ | १६.९ |
| जेठ | ६१०४ | ९२३९ | १०७३४ | ५१.३ | १६.२ |
| असार | ८९७५ | १००३९ | १०८०४ | ११.९ | ७.६ |
| **जम्मा** | ९६१०५ | १००७३१ | १२२०५६ | ४.८ | २१.२ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

## ४.१.१९ विदेशी विनिमय सञ्चिति

- २०८० असार मसान्तसम्ममा कुल विदेशी मुद्रा सञ्चिति २०७९ असारमसान्तको तुलनामा २६.६ प्रतिशतले बढेर रू.१५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको छ। २०७९ असार मसान्तमा यस्तो सञ्चिति १३.१ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष २०७९/८० मा भएको पैठारीलाई आधार मान्दा २०८० असार मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले ११.७ महिनाको वस्तु र १०.० महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ।


**कुल विदेशी विनिमय सञ्चिति** (रु.करोडमा)




स्रोतः नेपाल राष्ट्र बैंङ्क, २०८०।

- अमेरिकी डलरमा २०८० असार मसान्तसम्ममा कुल विदेशी मुद्रा सञ्चिति २०७९ असारमसान्तको तुलनामा २३.१ प्रतिशतले बढेर ११ अर्ब ७४ करोड डलर रहेको छ। २०७९ असार मसान्तमा यस्तो सञ्चिति १८.९ प्रतिशतले घटेर ९ अर्ब ५४ करोड डलर रहेको थियो।
- मासिकरुपमा आर्थिक वर्ष २०७९/८० को भदौ महिनामा साउनको तुलनामा विदेशी मुद्रा सञ्चिति घटेपनि त्यसपछिका महिनाहरुमा क्रमशः बढ्दै गएको छ।

**आर्थिक वर्ष २०७९/८० को मासिक विदेशी विनिमय सञ्चितिको अवस्था**




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

### ४.१.१९ वैदेशिक लगानी आप्रवाह

आर्थिक वर्ष २०७९/८० मा वैदेशिक लगानी आप्रवाह ५९.६ प्रतिशतले घटेर रू.७ अर्ब ७७ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो लगानी ३.५ प्रतिशतले सङ्कुचन भई रू.१९ अर्ब २२ करोड रहेको थियो। २०८० असारमसान्तसम्म मुलुकमा रू.२ खर्ब ७० अर्ब २९ करोड बराबरको वैदेशिक लगानी (Total Stock of FDI) भित्रिएको छ। वैदेशिक लगानीको लागि नीतिगत सुधारका प्रयासहरु भएपनि अपेक्षाकृतरुपमा मुलुकमा वैदेशिक लगानी भित्रिन नसक्दा पूर्वाधार एवम् औद्योगिक विकास लगायतका कार्यमा सार्वजनिक स्रोत माथिको दबाव भने कम हुन सकेको छैन।

### ४.१.२० मौद्रिक, वित्तीय क्षेत्र तथा पूँजीबजार

आर्थिक वर्ष २०७९/८० मा प्रमुख मौद्रिक तथा वित्तीय परिसूचकहरु सकारात्मक रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको पहुँचमा वृद्धि भएको छ। साथै, यस अवधिमा उत्पादनमूलक क्षेत्र तथा कृषि क्षेत्रमा प्रवाह भएको कर्जा र आन्तरिक कर्जा बढेको छ। मोबाईल बैङ्किङ्ग सेवामा उल्लेखनीय विस्तार भएको छ। अनलाईन बैङ्किङ्ग सेवा लिनेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संकुचित मुद्राप्रदाय २०७८/७९ मा १९.२ प्रतिशत रहेकोमा २०७९/८० मा घटेर १७.६ प्रतिशत रहेको छ। यद्यपि, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विस्तृत मुद्राप्रदाय भने बढेको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा केही घटेको छ।

२०८० असार मसान्तसम्म बझाङ्गको साइपाल बाहेक सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। यस अवधिमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल ११ हजार ५ सय ८९ पुगेको छ। २०७९ असार मसान्तमा यस्तो सङ्ख्या ११ हजार ५ सय २८ थियो।

२०८० असार मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५७ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल ११२ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्।

२०७८ असार मसान्तमा यस्तो सङ्ख्या १२६ रहेको थियो। बैङ्क तथा वित्तीय संस्थाहरु मर्जर प्रक्रियामा गएका कारण यस्ता संस्थाहरुको सङ्ख्या घट्न गएको हो।

**बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या र शाखा सङ्ख्या**

| बैङ्क तथा वित्तीय संस्था | बैङ्क तथा बित्तीय संस्थाको सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७८ असार | २०७९ असार | २०८० असार | २०७८ असार | २०७९ असार | २०८० असार |
| वाणिज्य बैङ्क | २७ | २६ | २० | ४७५३ | ५००९ | ५०४९ |
| विकास बैङ्क | १८ | १७ | १७ | १०२३ | १११८ | ११२८ |
| वित्त कम्पनी | १७ | १७ | १७ | २२२ | २६७ | २८४ |
| लघुवित्त वित्तीय संस्था | ७० | ६५ | ५७ | ४६८५ | ५१३४ | ५१२८ |
| पूर्वाधार विकास बैङ्क | १ | १ | १ | - | - | - |
| जम्मा | **१३३** | **१२६** | **११२** | **१०६८३** | **११५२८** | **११५८९** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

२०८० असार मसान्तसम्म एटिएम सङ्ख्या ४८५५ पुगेको छ। मोबाईल बैंङ्किङ्ग प्रयोगकर्ता २ करोड १३ लाख ६४ हजार पुगेको छ। बैङ्क निक्षेप खाता सङ्ख्या ५ करोड ११ लाख ७८ हजार पुगेको छ। कर्जा खाता १८ लाख ४५ हजार नाघेको छ। डेबिट कार्ड लिनेको सङ्ख्या १ करोड ८ लाख ५६ हजार ३ सय ५७ र क्रेडिट कार्ड लिनेको सङ्ख्या २ लाख ३८ हजार ७ सय ९४ पुगेको छ।

**मौद्रिक, वित्तीय क्षेत्र तथा पूँजीबजारका प्रमुख परिसूचकहरु**

| परिसूचकहरु | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | | | |
| विस्तृत मुद्राप्रदाय | ९२.८ | १०८.८ | ११८.४ | ११९.६ | ११३.९ |
| संकुचित मुद्राप्रदाय | १८.८ | २२.० | २४.१ | १९.२ | १७.६ |
| कुल निक्षेप | ८३.८ | ९८.७ | १०७.१ | १०३.० | १०६.१ |
| कुल आन्तरिक कर्जा | ८६.७ | १०२.० | ११७.० | ११८.४ | ११४.५ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा | ७५.४ | ८२.५ | ९३.८ | ९३.७ | ८९.१ |
| सरकारतर्फ प्रवाह भएको कर्जा | ९.७ | ९९.८ | १६.८ | १८.६ | १८.६ |
| उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जा | १२.४ | १३.७ | १४.८ | १४.१ | १४.० |
| कृषि क्षेत्रमा प्रवाहित कर्जा | ५.० | ६.० | ७.६ | ८.० | ७.९ |
| बीमा प्रिमियम सङ्कलन | २.५ | ३.१ | ३.५ | ३.६ | ३.४ |
| बजार पूँजीकरण | ४०.६ | ४६.१ | ९२.२ | ५८.२ | ५७.३ |
| **अन्य परिसूचकहरु** | | | | | |
| वाणिज्य बैङ्कहरुको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७३५ | ७४७ | ७५० | ७५२ | ७५२ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | ८६८६ | ९७६५ | १०६८३ | ११५२८ | ११५८९ |
| बीमाको दायरामा आएको जनसङ्ख्या लघु म्यादि जीवन बीमालेख सहित | १९.० | २२.६ | २५.२ | ३९.६ | ४५.१ |
| नेप्से सूचकाङ्क | १२५९.० | १३६२.४ | २८८३.४ | २००९.५ | २०९७.१ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०/नेपाल बीमा प्राधिकरण, २०८०।

२०८० असार मसान्तमा कुल कर्जामा खराव कर्जाको अनुपात ३.०२ प्रतिशत रहेको छ। २०७९ असारमा यस्तो अनुपात १.३१ प्रतिशत रहेको थियो। खराब कर्जाको मात्रा उल्लेख्यनीय रुपमा बढेको छ।

२०८० असार मसान्तमा कुल निक्षेप र कुल कर्जा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा क्रमशः १०७.२५ प्रतिशत र ९०.६५ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा यस्तो अनुपात क्रमशः १०६.३४ प्रतिशत र ९७.१७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७९/८० मा विपन्न क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जा प्रवाहको ६.७५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात ७.२७ प्रतिशत रहेको थियो।

२०८० असार मसान्तमा कर्जा-निक्षेप अनुपात ९ऋम् च्वतष्य० ८१.६३ प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा यस्तो अनुपात ८६.२२ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर बढेको छ। २०८० असार मसान्तमा निक्षेप र कर्जाको भारित औसत व्याजदर क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत रहेको छ। २०७९ असार मसान्तमा यस्तो व्याजदर क्रमशः ७.४१ प्रतिशत र ११.६२ प्रतिशत रहेको थियो।

### ४.१.१९ बीमा

मुलुकमा बीमा व्यवसायको विस्तार हुँदै गएको छ। बीमा प्रति नागरिक सचेतनामा समेत अभिवृद्धि हुँदै गएको छ। साथै, बीमाको विविधिकरण हुँदै गई बीमा व्यवसाय फस्टाउँदै गएको छ। जीवन बीमाको साथै निर्जीवन बीमाप्रति समेत नागरिक सचेतना र आकर्षण बढ्दै गएको छ। पिछडिएको क्षेत्र, दुर्गम र सीमान्तकृत समुदायमा बीमाको पहुँचमा थप अभिवृद्धि गर्ने तर्फ बीमा नीति केन्द्रित हुनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०७९/८० मा बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको तुलनामा २.९ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ८२ अर्ब ८८ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो सङ्कलन रू.१ खर्ब ७७ अर्ब ८१ करोड करोड रहेको थियो। सङ्कलित प्रिमियममा जीवन बीमा प्रिमियमको हिस्सा ७७.८ प्रतिशत र निर्जीवन बीमा प्रमियमको हिस्सा २२.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो हिस्सा क्रमशः ७८.० प्रतिशत र २२.० प्रतिशत रहेको थियो।

२०८० असार मसान्तसम्ममा म्यादी, लघु म्यादी  र वैदेशिक रोजगार बीमालेख सहित बीमालेख सङ्ख्या कुल १ करोड ३७ लाख २८ हजार पुगेको छ। यसरी बीमाको दायरामा आएको जनसङ्ख्या २०८० असार मसान्तसम्म ४५.१ प्रतिशत पुगेको छ। २०७९ असार मसान्तमा यस्तो जनसङ्ख्या ४१.४ प्रतिशत रहेको थियो।

२०८० असार मसान्तसम्ममा बैदेशिक रोजगार बीमालेख सङ्ख्या २०७९ असार मसान्तसम्मको तुलनामा ८२.९ प्रतिशतले बढेर १६ लाख २९ हजार ५७५ पुगेको छ।

### ४.१.२० नेप्से

२०५० माघ मसान्तमा १०० बिन्दु रहेको नेप्से सूचकाङ्कमा विभिन्न उतारचढाव बीच २०८० असार मसान्तमा नेप्से सूचकाङ्क २०९७.१ बिन्दु कायम भएको छ। २०७९ असार मसान्तमा यस्तो सूचकाङ्क २००९.५ बिन्दु कायम भएको थियो। विगत ३० वर्षमा २०७८ साउन मसान्तमा नेप्से सूचकाङ्क हालसम्मकै उच्च ३१६०.० बिन्दु रहेको थियो।

## नुसूची १: Macroeconomic Indicators

| Description / Fiscal Year | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 | 2021/22[R] | 2022/23[P] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79[R] | 2079/80[P] |
| **Real Sector** | | | | | | | | | | |
| **Gross Domestic Product (Rs. Billion)** | | | | | | | | | | |
| Nominal GDP at Producer's Price | 2232.5 | 2423.6 | 2608.2 | 3077.1 | 3455.9 | 3858.9 | 3888.7 | 4352.6 | 4933.7 | 5381.3 |
| Real GDP at Producer's Price | 1791.1 | 1862.4 | 1870.4 | 2038.3 | 2193.7 | 2339.7 | 2284.3 | 2394.8 | 2529.2 | 2576.3 |
| Real GDP at Basic Price | 1642.7 | 1700.4 | 1700.4 | 1846.5 | 1982.7 | 2109.3 | 2058.2 | 2150.5 | 2263.6 | 2312.4 |
| Agriculture | 535.3 | 541.8 | 541.3 | 569.3 | 584.2 | 614.3 | 629.2 | 647.2 | 661.7 | 679.7 |
| Industry | 244.2 | 249.1 | 238.8 | 279.7 | 308.7 | 331.5 | 318.1 | 340.2 | 377.0 | 379.2 |
| Service | 863.2 | 909.6 | 920.4 | 997.5 | 1089.8 | 1163.5 | 1110.8 | 1163.1 | 1225.0 | 1253.5 |
| Nominal GDP at Basic Price | 2022.5 | 2186.6 | 2341.4 | 2720.6 | 3011.0 | 3342.5 | 3428.5 | 3714.9 | 4212.1 | 4696.5 |
| Agriculture | 613.1 | 642.7 | 665.6 | 729.3 | 771.9 | 832.9 | 862.5 | 958.5 | 1039.1 | 1132.8 |
| Non-agriculture | 1409.4 | 1543.9 | 1675.8 | 1991.3 | 2239.1 | 2509.6 | 2566.0 | 2756.4 | 3173.1 | 3563.7 |
| Gross National Income (Current Price) | 2265.3 | 2457.9 | 2642.2 | 3108.1 | 3478.6 | 3898.8 | 3934.7 | 4375.8 | 4962.6 | 5424.3 |
| Gross National Disposable Income (Current Price) | 2896.8 | 3167.8 | 3420.4 | 3959.9 | 4343.2 | 4893.6 | 4916.9 | 5447.2 | 6080.5 | 6739.9 |
| **At Current Price (Rs. In Billion)** | | | | | | | | | | |
| Gross Capital Formation | 691.8 | 758.1 | 736.6 | 1148.5 | 1366.8 | 1596.8 | 1183.7 | 1530.5 | 1846.0 | 1754.2 |
| Gross Fixed Capital Formation | 563.8 | 667.8 | 748.7 | 940.9 | 1120.9 | 1304.9 | 1184.9 | 1276.9 | 1403.8 | 1356.5 |
| Government | 148.9 | 132.0 | 278.0 | 385.2 | 342.4 | 321.6 | 299.9 | 331.8 | 362.8 | 313.9 |
| Private | 414.9 | 535.8 | 470.7 | 555.7 | 778.5 | 983.3 | 885.0 | 945.0 | 1041.0 | 1042.6 |
| Change in Stock | 128.0 | 90.2 | -12.1 | 207.7 | 245.9 | 291.9 | -1.1 | 253.7 | 442.2 | 397.7 |
| Gross Domestic Saving | 209.1 | 184.8 | 95.0 | 399.6 | 511.2 | 590.5 | 222.4 | 277.4 | 284.8 | 345.2 |
| Gross National Saving | 873.3 | 929.0 | 907.2 | 1282.4 | 1398.5 | 1625.2 | 1250.6 | 1372.0 | 1431.5 | 1703.8 |
| Final Consumption | 2023.5 | 2238.8 | 2513.2 | 2677.6 | 2944.8 | 3268.4 | 3666.3 | 4075.2 | 4648.9 | 5036.1 |
| Average Consumer Price Index | 93.3 | 100.0 | 109.9 | 114.8 | 119.6 | 125.1 | 132.8 | 137.6 | 146.3 | 157.6 |
| Consumer Price Index (Last of Asar) | 95.0 | 102.2 | 112.9 | 115.9 | 121.3 | 128.6 | 134.7 | 140.3 | 151.7 | 163.0 |
| **Annual Percentage Change** | | | | | | | | | | |
| Real GDP at Producer's Price | 6.01 | 3.98 | 0.43 | 8.98 | 7.62 | 6.66 | -2.37 | 4.84 | 5.61 | 1.86 |
| Real GDP at Basic Price | 5.74 | 3.51 | 0.00 | 8.59 | 7.37 | 6.39 | -2.42 | 4.49 | 5.26 | 2.16 |
| Agriculture | 4.49 | 1.20 | -0.08 | 5.17 | 2.61 | 5.16 | 2.43 | 2.85 | 2.24 | 2.73 |
| Industry | 7.47 | 2.00 | -4.13 | 17.14 | 10.36 | 7.38 | -4.02 | 6.95 | 10.80 | 0.59 |
| Service | 6.05 | 5.37 | 1.19 | 8.38 | 9.25 | 6.76 | -4.53 | 4.71 | 5.32 | 2.33 |
| **Structure of GDP (Shares in Percentage)** | | | | | | | | | | |
| Agriculture | 30.3 | 29.4 | 28.4 | 26.8 | 25.6 | 24.9 | 25.2 | 25.8 | 24.7 | 24.1 |
| Non-agriculture | 69.7 | 70.6 | 71.6 | 73.2 | 74.4 | 75.1 | 74.8 | 74.2 | 75.3 | 75.9 |
| Average Consumer Price Inflation | 9.08 | 7.21 | 9.94 | 4.45 | 4.15 | 4.64 | 6.15 | 3.60 | 6.32 | 7.74 |
| Consumer Price Inflation (Month of Asar) | 8.08 | 7.58 | 10.44 | 2.71 | 4.62 | 5.98 | 4.78 | 4.19 | 8.08 | 7.44 |
| **As Percentage of Gross Domestic Product** | | | | | | | | | | |
| Gross Capital Formation | 30.99 | 31.28 | 28.24 | 37.33 | 39.55 | 41.38 | 30.44 | 35.16 | 37.42 | 32.60 |
| Gross Fixed Capital Formation | 25.25 | 27.55 | 28.71 | 30.58 | 32.43 | 33.82 | 30.47 | 29.34 | 28.45 | 25.21 |
| Government | 6.67 | 5.45 | 10.66 | 12.52 | 9.91 | 8.33 | 7.71 | 7.62 | 7.35 | 5.83 |
| Private | 18.58 | 22.11 | 18.05 | 18.06 | 22.52 | 25.48 | 22.76 | 21.71 | 21.10 | 19.37 |

| Description / Fiscal Year | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 | 2021/22[R] | 2022/23[P] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79[R] | 2079/80[P] |
| Gross Domestic Saving | 9.36 | 7.63 | 3.64 | 12.98 | 14.79 | 15.30 | 5.72 | 6.37 | 5.77 | 6.41 |
| Gross National Saving | 39.12 | 38.33 | 34.78 | 41.67 | 40.47 | 42.12 | 32.16 | 31.52 | 29.02 | 31.66 |
| Final Consumption | 90.64 | 92.37 | 96.36 | 87.02 | 85.21 | 84.70 | 94.28 | 93.63 | 94.23 | 93.59 |
| **Per Capita Income (US Dollar)** | | | | | | | | | | |
| Per Capita GDP (US Dollar) | 824 | 871 | 888 | 1039 | 1177 | 1204 | 1167 | 1277 | 1399 | 1399 |
| Per Capita GNI (US Dollar) | 836 | 884 | 899 | 1049 | 1184 | 1216 | 1180 | 1284 | 1407 | 1410 |
| Per Capita GNDI (US Dollar) | 1069 | 1139 | 1164 | 1337 | 1479 | 1527 | 1475 | 1598 | 1724 | 1752 |
| **Public Finance** | | | | | | | | | | |
| **Amount (Rs. Billion)** | | | | | | | | | | |
| Government Income | 396.9 | 450.4 | 531.4 | 647.5 | 770.2 | 872.3 | 862.3 | 1006.3 | 1141.9 | 1031.7 |
| Federal Government Income** | | | | | | 774.1 | 773.3 | 895.4 | 1013.9 | 912.6 |
| Federal Revenue** | | | | | | 731.4 | 704.8 | 824.9 | 938.3 | 838.0 |
| Government Revenue* | 356.6 | 405.9 | 482.0 | 609.2 | 726.7 | 829.6 | 793.7 | 935.9 | 1066.3 | 957.2 |
| Tax Revenue | 312.4 | 356.0 | 421.1 | 553.9 | 659.5 | 738.6 | 700.1 | 870.1 | 984.3 | 865.6 |
| Non-tax Revenue | 44.2 | 49.9 | 60.9 | 55.3 | 67.2 | 91.0 | 93.7 | 65.8 | 82.0 | 91.5 |
| Other Receipts (Irregularites and Last Year's Cash Reserve) | 5.7 | 6.1 | 3.3 | 3.4 | 5.5 | 10.0 | 47.6 | 40.4 | 48.5 | 53.2 |
| Federal Government Expenditure | 435.1 | 531.6 | 600.2 | 837.2 | 1087.3 | 1110.5 | 1091.3 | 1196.7 | 1310.0 | 1429.6 |
| Recurrent Expenditure | 303.5 | 339.4 | 371.3 | 518.6 | 696.9 | 716.4 | 784.3 | 846.2 | 954.3 | 1005.8 |
| Capital Expenditure | 66.7 | 88.8 | 123.3 | 208.7 | 270.7 | 241.6 | 189.1 | 228.8 | 216.2 | 233.7 |
| Financing | 64.8 | 103.3 | 105.6 | 109.9 | 119.6 | 152.5 | 117.9 | 121.6 | 139.5 | 190.1 |
| Budget Balance (+)/Surplus/(-) Deficit** | -38.2 | -81.2 | -68.8 | -189.8 | -317.1 | -336.4 | -318.0 | -301.3 | -296.1 | -517.0 |
| Revenue Balance (+)/Surplus/(-) Deficit** | 53.1 | 66.5 | 110.7 | 90.6 | 29.8 | 14.9 | -79.5 | -21.3 | -16.0 | -167.7 |
| Foreign Grant Received | 34.0 | 36.4 | 32.5 | 31.9 | 34.7 | 29.6 | 19.2 | 26.8 | 24.1 | 21.3 |
| Foreign Loan Received | 21.1 | 29.3 | 43.8 | 58.0 | 98.9 | 94.4 | 173.0 | 130.9 | 133.1 | 102.1 |
| Debt Servicing | 53.9 | 73.7 | 76.8 | 71.3 | 71.9 | 75.1 | 83.6 | 94.8 | 122.0 | 222.7 |
| Refund from Internal Loan Investment | 0.57 | 2.1 | 13.7 | 2.9 | 3.2 | 3.1 | 1.8 | 3.2 | 2.9 | - |
| Total Outstanding Debt | 553.5 | 544.9 | 627.8 | 697.7 | 917.3 | 1048.2 | 1433.4 | 1737.6 | 2013.3 | 2297.7 |
| Domestic Debt | 206.7 | 201.7 | 239.0 | 283.7 | 391.2 | 453.2 | 613.7 | 802.9 | 987.4 | 1128.3 |
| Foreign Debt | 346.8 | 343.3 | 388.8 | 414.0 | 526.2 | 594.9 | 819.7 | 934.7 | 1025.8 | 1169.3 |
| Issuance of Domestic Loan | 20.0 | 42.4 | 87.8 | 88.3 | 144.8 | 96.4 | 194.9 | 224.0 | 231.8 | 256.0 |
| Foreign Aid Commitment | 152.4 | 225.8 | 195.6 | 250.2 | 202.0 | 138.3 | 219.9 | 225.4 | 237.9 | 218.0 |
| **Annual Percentage Change** | | | | | | | | | | |
| Government Income | 18.9 | 13.5 | 18.0 | 21.8 | 19.0 | 13.3 | -1.2 | 16.7 | 13.5 | -9.7 |
| Federal Government Income** | | | | | | | -0.1 | 15.8 | 13.2 | -10.0 |
| Federal Revenue** | | | | | | | -3.6 | 17.0 | 13.7 | -10.7 |
| Government Revenue* | 20.5 | 13.8 | 18.7 | 26.4 | 19.3 | 14.2 | -4.3 | 17.9 | 13.9 | -10.2 |
| Tax Revenue | 20.5 | 13.9 | 18.3 | 31.5 | 19.1 | 12.0 | -5.2 | 24.3 | 13.1 | -12.1 |
| Non-tax Revenue | 20.0 | 13.0 | 21.9 | -9.1 | 21.5 | 35.4 | 2.9 | -29.8 | 24.7 | 11.6 |
| Other Receipts (Irregularites and Last Year's Cash Reserve) | 198.5 | 6.2 | -46.2 | 4.3 | 61.6 | 81.8 | 373.7 | -15.0 | 20.0 | 9.8 |
| Federal Government Expenditure | 21.3 | 22.2 | 12.9 | 39.5 | 29.9 | 2.1 | -1.7 | 9.7 | 9.5 | 9.1 |
| Recurrent Expenditure | 22.7 | 11.8 | 9.4 | 39.7 | 34.4 | 2.8 | 9.5 | 7.9 | 12.8 | 5.4 |
| Capital Expenditure | 22.2 | 33.2 | 38.7 | 69.4 | 29.7 | -10.8 | -21.7 | 21.0 | -5.5 | 8.1 |
| Financing | 14.6 | 59.4 | 2.3 | 4.0 | 8.9 | 27.4 | -22.7 | 3.2 | 14.7 | 36.3 |
| Foreign Grant Received | -3.6 | 7.1 | -10.7 | -1.7 | 8.7 | -14.8 | -35.1 | 39.6 | -9.9 | -11.8 |
| Foreign Loan Received | 27.5 | 38.5 | 49.6 | 32.5 | 70.5 | -4.6 | 83.3 | -24.4 | 1.7 | -23.3 |
| Debt Servicing | 10.3 | 36.8 | 4.2 | -7.2 | 0.9 | 4.4 | 11.4 | 13.4 | 28.7 | 82.6 |
| Refund from Internal Loan Investment | -24.6 | 265.3 | 557.9 | -78.5 | 10.0 | -5.2 | -41.7 | 80.3 | -8.8 | - |

| Description / Fiscal Year | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 | 2021/22[R] | 2022/23[P] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79[R] | 2079/80[P] |
| Total Outstanding Debt | -0.1 | -1.6 | 15.2 | 11.1 | 31.5 | 14.3 | 36.8 | 21.2 | 15.9 | 14.1 |
| Domestic Debt | -6.2 | -2.4 | 18.5 | 18.7 | 37.9 | 15.9 | 35.4 | 30.8 | 23.0 | 14.3 |
| Foreign Debt | 4.0 | -1.0 | 13.3 | 6.5 | 27.1 | 13.1 | 37.8 | 14.0 | 9.8 | 14.0 |
| Issuance of Domestic Loan | 4.9 | 112.3 | 106.9 | 0.6 | 63.9 | -33.4 | 102.2 | 14.9 | 3.5 | 10.4 |
| Foreign Aid Commitment | 32.4 | 48.2 | -13.4 | 27.9 | -19.3 | -31.6 | 59.0 | 2.5 | 5.6 | -8.4 |
| **As Percentage of Gross Domestic Product** | | | | | | | | | | |
| Government Income | 17.8 | 18.6 | 20.4 | 21.0 | 22.3 | 22.6 | 22.2 | 23.1 | 23.1 | 19.2 |
| Federal Government Income** | | | | | | 20.1 | 19.9 | 20.6 | 20.5 | 17.0 |
| Federal Revenue** | | | | | | 19.0 | 18.1 | 19.0 | 19.0 | 15.6 |
| Government Revenue* | 16.0 | 16.7 | 18.5 | 19.8 | 21.0 | 21.5 | 20.4 | 21.5 | 21.6 | 17.8 |
| Tax Revenue | 14.0 | 14.7 | 16.1 | 18.0 | 19.1 | 19.1 | 18.0 | 20.0 | 20.0 | 16.1 |
| Non-Tax Revenue | 2.0 | 2.1 | 2.3 | 1.8 | 1.9 | 2.4 | 2.4 | 1.5 | 1.7 | 1.7 |
| Other Receipts (Irregularites and Last Year's Cash Reserve) | 0.3 | 0.3 | 0.1 | 0.1 | 0.2 | 0.3 | 1.2 | 0.9 | 1.0 | 1.0 |
| Federal Government Expenditure | 19.5 | 21.9 | 23.0 | 27.2 | 31.5 | 28.8 | 28.1 | 27.5 | 26.6 | 26.6 |
| Recurrent Expenditure | 13.6 | 14.0 | 14.2 | 16.9 | 20.2 | 18.6 | 20.2 | 19.4 | 19.3 | 18.7 |
| Capital Expenditure | 3.0 | 3.7 | 4.7 | 6.8 | 7.8 | 6.3 | 4.9 | 5.3 | 4.4 | 4.3 |
| Financing | 2.9 | 4.3 | 4.1 | 3.6 | 3.5 | 4.0 | 3.0 | 2.8 | 2.8 | 3.5 |
| Budget Balance (+) Surplus/(-) Deficit** | -1.7 | -3.3 | -2.6 | -6.2 | -9.2 | -8.7 | -8.2 | -6.9 | -6.0 | -9.6 |
| Revenue Balance (+) Surplus/(-) Deficit** | 2.4 | 2.7 | 4.2 | 2.9 | 0.9 | 0.4 | -2.0 | -0.5 | -0.3 | -3.1 |
| Foreign Grant Received | 1.5 | 1.5 | 1.2 | 1.0 | 1.0 | 0.8 | 0.5 | 0.6 | 0.5 | 0.4 |
| Foreign Loan Received | 0.9 | 1.2 | 1.7 | 1.9 | 2.9 | 2.4 | 4.4 | 3.0 | 2.7 | 1.9 |
| Debt Servicing | 2.4 | 3.0 | 2.9 | 2.3 | 2.1 | 1.9 | 2.1 | 2.2 | 2.5 | 4.1 |
| Refund from Internal Loan Investment | 0.0 | 0.1 | 0.5 | 0.1 | 0.1 | 0.1 | 0.05 | 0.1 | 0.1 | - |
| Total Outstanding Debt | 24.8 | 22.5 | 24.1 | 22.7 | 26.5 | 27.2 | 36.9 | 39.9 | 40.8 | 42.7 |
| Domestic Debt | 9.3 | 8.3 | 9.2 | 9.2 | 11.3 | 11.7 | 15.8 | 18.4 | 20.0 | 21.0 |
| Foreign Debt | 15.5 | 14.2 | 14.9 | 13.5 | 15.2 | 15.4 | 21.1 | 21.5 | 20.8 | 21.7 |
| Issuance of Domestic Loan | 0.9 | 1.8 | 3.4 | 2.9 | 4.2 | 2.5 | 5.0 | 5.1 | 4.7 | 4.8 |
| Foreign Aid Commitment | 6.8 | 9.3 | 7.5 | 8.1 | 5.8 | 3.6 | 5.7 | 5.2 | 4.8 | 4.1 |
| **Monetary Sector** | | | | | | | | | | |
| **Amount (Rs. Billion)** | | | | | | | | | | |
| Broad Money Supply (M2) | 1566.0 | 1877.8 | 2244.6 | 2591.7 | 3094.5 | 3582.1 | 4231.0 | 5154.9 | 5505.4 | 6130.5 |
| Narrow Money Supply (M1) | 354.8 | 424.7 | 503.3 | 569.4 | 669.4 | 726.6 | 856.3 | 1049.4 | 948.1 | 947.0 |
| Domestic Credit | 1314.3 | 1527.3 | 1805.7 | 2177.8 | 2755.9 | 3418.0 | 3897.6 | 4955.5 | 5673.6 | 6168.9 |
| Private Sector Credit | 1150.8 | 1373.9 | 1692.3 | 1997.2 | 2442.8 | 2910.3 | 3276.9 | 4139.6 | 4689.0 | 4903.3 |
| Net Credit to Government | 142.0 | 127.2 | 87.8 | 149.5 | 272.6 | 375.9 | 535.4 | 730.8 | 920.0 | 1003.1 |
| **Annual Percentage Change** | | | | | | | | | | |
| Broad Money Supply (M2) | 19.1 | 19.9 | 19.5 | 15.5 | 19.4 | 15.8 | 18.1 | 21.8 | 6.8 | 11.4 |
| Narrow Money Supply (M1) | 17.7 | 19.7 | 18.5 | 13.1 | 17.6 | 8.6 | 17.8 | 22.6 | -9.7 | -0.1 |
| Domestic Credit | 12.7 | 16.2 | 18.2 | 20.6 | 26.5 | 24.0 | 14.0 | 27.1 | 14.5 | 8.7 |
| Private Sector Credit | 18.3 | 19.4 | 23.2 | 18.0 | 22.3 | 19.1 | 12.6 | 26.3 | 13.3 | 4.6 |
| Net Credit to Government | -15.4 | -10.4 | -31.0 | 70.3 | 82.4 | 37.9 | 42.4 | 36.5 | 25.9 | 9.0 |
| **As Percentage of Gross Domestic Product** | | | | | | | | | | |
| Broad Money Supply (M2) | 70.1 | 77.5 | 86.1 | 84.2 | 89.5 | 92.8 | 108.8 | 118.4 | 111.6 | 113.9 |
| Narrow Money Supply (M1) | 15.9 | 17.5 | 19.3 | 18.5 | 19.4 | 18.8 | 22.0 | 24.1 | 19.2 | 17.6 |
| Domestic Credit | 58.9 | 63.0 | 69.2 | 70.8 | 79.7 | 88.6 | 100.2 | 113.9 | 115.0 | 114.6 |
| Private Sector Credit | 51.5 | 56.7 | 64.9 | 64.9 | 70.7 | 75.4 | 84.3 | 95.1 | 95.0 | 91.1 |
| Net Credit to Government | 6.4 | 5.2 | 3.4 | 4.9 | 7.9 | 9.7 | 13.8 | 16.8 | 18.6 | 18.6 |
| **External Sector** | | | | | | | | | | |
| **Amount (Rs. Billion)** | | | | | | | | | | |

| Description / Fiscal Year | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | 2020/21 | 2021/22R | 2022/23P |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79R | 2079/80P |
| Current Account Balance | 89.7 | 108.3 | 140.4 | -10.1 | -246.8 | -267.0 | -33.8 | -333.7 | -623.4 | -72.2 |
| Balance of Payments | 127.1 | 145.0 | 189.0 | 82.1 | 0.96 | -67.4 | 282.4 | 1.2 | -255.3 | 290.5 |
| Foreign Exchange Reserve | 665.4 | 824.1 | 1039.2 | 1079.4 | 1102.6 | 1038.9 | 1401.8 | 1399.0 | 1215.8 | 1539.4 |
| Remittance income | 543.3 | 617.3 | 665.1 | 695.5 | 755.1 | 879.4 | 875.0 | 961.1 | 1007.3 | 1220.6 |
| Export (Goods) | 92.0 | 85.3 | 70.1 | 73.0 | 81.4 | 97.1 | 97.7 | 141.1 | 200.0 | 157.1 |
| Import (Goods) | 714.4 | 774.7 | 773.6 | 990.1 | 1245.1 | 1418.5 | 1196.8 | 1539.8 | 1920.4 | 1611.7 |
| Trade Deficit | 622.4 | 689.4 | 703.5 | 917.1 | 1163.7 | 1321.4 | 1099.1 | 1398.7 | 1720.4 | 1454.6 |
| **Annual Percentage Change** | | | | | | | | | | |
| Foreign Exchange Reserve | 24.8 | 23.9 | 26.1 | 3.9 | 2.1 | -5.8 | 34.9 | -0.2 | -13.1 | 26.6 |
| Remittance income | 25.0 | 13.6 | 7.7 | 4.6 | 8.6 | 16.5 | -0.5 | 9.8 | 4.8 | 21.2 |
| Export (Goods) | 19.6 | -7.3 | -17.8 | 4.2 | 11.4 | 19.4 | 0.6 | 44.4 | 41.7 | -21.4 |
| Import (Goods) | 28.3 | 8.4 | -0.1 | 28.0 | 25.8 | 13.9 | -15.6 | 28.7 | 24.7 | -16.1 |
| Trade Deficit | 29.7 | 10.8 | 2.0 | 30.4 | 26.9 | 13.5 | -16.8 | 27.3 | 23.0 | -15.5 |
| **As Percentage of Gross Domestic Product** | | | | | | | | | | |
| Current Account Balance | 4.0 | 4.5 | 5.4 | -0.3 | -7.1 | -6.9 | -0.9 | -7.7 | -12.6 | -1.3 |
| Balance of Payments | 5.7 | 6.0 | 7.2 | 2.7 | 0.03 | -1.7 | 7.3 | 0.0 | -5.2 | 5.4 |
| Foreign Exchange Reserve | 29.8 | 34.0 | 39.8 | 35.1 | 31.9 | 26.9 | 36.0 | 32.1 | 24.6 | 28.6 |
| Remittance income | 24.3 | 25.5 | 25.5 | 22.6 | 21.8 | 22.8 | 22.5 | 22.1 | 20.4 | 22.7 |
| Export (Goods) | 4.1 | 3.5 | 2.7 | 2.4 | 2.4 | 2.5 | 2.5 | 3.2 | 4.1 | 2.9 |
| Import (Goods) | 32.0 | 32.0 | 29.7 | 32.2 | 36.0 | 36.8 | 30.8 | 35.4 | 38.9 | 30.0 |
| Trade Deficit | 27.9 | 28.4 | 27.0 | 29.8 | 33.7 | 34.2 | 28.3 | 32.1 | 34.9 | 27.0 |
| **Others** | | | | | | | | | | |
| Nepse Index | 1036.1 | 961.2 | 1718.2 | 1582.7 | 1212.4 | 1259.0 | 1362.4 | 2883.4 | 2009.5 | 2097.1 |
| Market Capitalization (Rs. In Billion) | 1057.2 | 989.4 | 1890.1 | 1856.8 | 1435.1 | 1567.5 | 1792.8 | 4011.0 | 2869.3 | 3082.5 |
| Exchange Rate (Per USD=...Rs) # | 98.2 | 99.5 | 106.4 | 106.2 | 104.4 | 112.9 | 116.3 | 117.9 | 120.8 | 130.6 |
| Population (Million) | 27.6 | 28.0 | 27.6 | 27.9 | 28.1 | 28.4 | 28.7 | 28.9 | 29.2 | 29.5 |

R = Revised, P= Provisional

* Preliminary Data from FCGO (Revenue Data of FY 2018/19 to FY 2022/23 is the sum of the revenue collected in both federal divisible and federal accumulated fund)

** Federal Government Income, Federal Revenue and Budget Deficit of Federal Government (Preliminary) for FY 2022/23 #Annual Average calculated by NSO

Source: Economic Survey 2022/23. Data of FY2022/23 (except real sector) has been updated from MOF, NRB and FCGO

Ministry of Finance, Singh Durbar, Kathmandu